सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ वैशाख २०८२, सोमबार (5 May 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक २२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ लेखा समिति नेतृत्वले गिजोल्दै पोखरा र भैरहवा विमानस्थल अनियमितता प्रतिवेदन

सांसदले माग गर्दा पनि सभापतिले तोकेनन् छलफल गर्ने बैठकको मिति



आइतबारको बैठकमा समिति सदस्य डा. अमरेशकुमार सिंहले समितिबाटै भ्रष्टाचारलाई सहजीकरण गर्ने काम भइरहेको दाबी गरे। 'समितिले सरकारका अनियमितता छानबिन गरेर खबरदारी गर्नुपर्नेमा भ्रष्टाचारलाई सहजीकरण गर्ने काम भएको छ,' उनले भने।

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ फेरि निवासबाटै शासन गर्न उद्यत प्रधानमन्त्री ओली

मन्त्रिपरिषद् र दलको बैठकदेखि राज्यमन्त्रीको शपथसम्म बालुवाटारमै

ऊर्जा राज्यमन्त्री खमबहादुर गर्बुजालाई बालुवाटारमा शपथ



नीति कार्यक्रमबारे छलफल गर्न बालुवाटारमै एमाले संसदीय दलको बैठक



सरकार बनेयता मन्त्रिपरिषद्का ५० मध्ये २३ बैठक बालुवाटारमै



तस्बिरहरू : रासस

१७ साउनमा प्रधानमन्त्री ओलीले नै घोषणा गरेका थिए-

स्वास्थ्यले साथ दिएसम्म बालुवाटारमा पार्टी बैठक गर्दिनँ

शुरोजंग पाण्डे, सुवास भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले बारम्बार दोहोऱ्याउने शब्द हुन्- सदाचार, नैतिकता र सुशासन। तर, उनले व्यवहारमा बारम्बार देखाउने प्रवृत्ति हो स्वेच्छाचारी। यही प्रवृत्ति दोहोऱ्याउँदै उनी फेरि निवासबाटै शासन चलाउन उद्यत छन्। मन्त्रिपरिषद् बैठक, दलको बैठक हुँदै राज्यमन्त्रीको शपथग्रहणसम्म निवासमै गर्न थालेका छन्।

राज्य सञ्चालनका लागि प्रधानमन्त्रीको सरकारी कार्यालय सिंहदरबारमा छ। अस्वस्थता वा भैपरी आउने अवस्थाबाहेक कार्यालयबाटै सरकारी कामकाज गर्नु र पार्टी बैठक पार्टी कार्यालयमै डाक्नु नैतिक र शोभनीय

» पृष्ठ २ मा क्रमशः

मैले जे गर्छु त्यही नियम हो भन्ने प्रधानमन्त्रीको कार्यशैली दोहोरियो



● **कृष्ण पोखरेल**, राजनीतिक विश्लेषक

बालुवाटार प्रधानमन्त्रीको निवास हो। त्यहाँबाट अनौपचारिक प्रकृतिका काम गर्न मिल्छ। कहिलेकाहीं स्वास्थ्यका कारणले या तत्काल कार्यालय समयबाहिर पनि बैठक बस्नुपर्ने बाध्यात्मक परिस्थितिमा मन्त्रिपरिषद् बस्नु स्वाभाविक मानिएला। तर, अहिलेको प्रधानमन्त्रीलाई यी कुराहरूसँग मतलब देखिँदैन। मैले जे गर्छु, त्यही नै नियम बन्छ, अरूले पनि त्यसलाई अनुशरण गर्नुपर्छ भन्ने उहाँको कार्यशैली छ, बैठकहरू राख्ने कुरामा उहाँको त्यही शैली दोहोरिएको मात्र हो। सरकारी कार्यालयबाट गर्नुपर्ने काम निवासबाट गर्ने कुरा युक्तिसंगत छैन। यद्यपि, यो कानुनसँगै जोडिएको बाध्यकारी विषय त होइन, तर नैतिकता र व्यक्तिको कार्यशैलीसँग जोडिएको विषय भने अवश्य नै हो।

निवासमा मन्त्रिपरिषद् राख्नु बलमिच्याइँ हो



● **विमल कोइराला**, पूर्वमुख्यसचिव

प्रधानमन्त्री कार्यालयमा नराखी निवासमा मन्त्रिपरिषद् बैठक राख्नु बलमिच्याइँ हो। आफ्नो व्यक्तिगत महत्व बढाउन खोजिएको होला। यसले राम्रो गर्दैन। म मुख्यसचिव हुँदा प्रधानमन्त्रीको निवासमा मन्त्रिपरिषद् बैठक बसेको सम्झना नै छैन। भोलि मन्त्रीले सचिवलाई घरमा बोलाएर काम गराए के हुन्छ ? प्रधानमन्त्रीले क्याबिनेट आफ्नो निवासमा बसाउनु र मन्त्रीले निवासमा सचिव बोलाएर काम लगाउनु उस्तै कुरा हो। सिकिस्त बिरामी परेको वा यस्तै अवस्थामा निर्णय नगरी नहुने स्थितिमा मात्र निवासमा मन्त्रिपरिषद् बैठक राख्ने कुरा स्वाभाविक होला। नत्र त यो राम्रो होइन।

■ १५ वैशाखमा बालुवाटारमा बसेको मन्त्रिपरिषद्ले गऱ्यो

सात सरकारी उद्योग निजीकरणको निर्णय



● **छविन्द्र पराजुली**
सहसचिव, उद्योग मन्त्रालय

जति पनि बन्द भएका उद्योग छन्, ती उद्योगलाई कसरी चलाउन सकिन्छ, सम्पत्तिको व्यवस्थापन के-कसरी गर्न सकिन्छ भनेर विस्तृत अध्ययन गर्नेछौं। त्यसका आधारमा उद्योग चलाउने विकल्प दिइनेछ।

विराटनगर जुट मिल र हेटौंडा कपडा उद्योग पनि निजीकरणको सूचीमा थिए, निर्णय भने भएन

पवन तिमिल्सिना/नयाँ पत्रिका

विदेशी दाताको पैसाले खोलेर राजनीतिक कार्यकर्ताको भर्तीकेन्द्र बनाइँदा थलिएका सात सरकारी उद्योगको अर्बौंको भौतिक सम्पत्ति दुरुपयोगका लागि सरकारले कदम चालेको छ। व्यवस्थापन सुधार गरेर सञ्चालनमा ल्याउनुको सट्टा निजीकरणका नाममा उद्योगका जग्गा र संरचनालगायतका भौतिक सम्पत्ति व्यक्ति तथा व्यावसायिक घरानालाई सुम्पिन

» पृष्ठ २ मा क्रमशः

निजीकरण गर्न लागिएका उद्योगको यति छ सम्पत्ति

- उदयपुर सिमेन्ट
  १० अर्बभन्दा बढी सम्पत्ति
- हेटौंडा सिमेन्ट
  एक हजार वर्षलाई पुग्ने चुनढुंगा खानी
- जनकपुर चुरोट कारखाना
  ३५ बिघा जग्गा, २० बिघामा २५ भवन
- नेपाल ओरियन्ट म्याग्नेसाइट
  ३६६ रोपनी जग्गा, ५२०० रोपनीमा खानी
- बुटवल धागो कारखाना
  १७३ रोपनी जग्गा, पौने दुई अर्ब खुद सम्पत्ति
- नेपाल मेटल कम्पनी
  १७ करोड ८३ लाखको खुद सम्पत्ति
- गोरखकाली रबर उद्योग
  ६६२ रोपनी जग्गा

सुरक्षण मुद्रणको उपकरण खरिदमा ४० करोड भ्रष्टाचार ठहर

विकल पौडेल भ्रष्टाचारका तीन मुद्दामा दोषी ठहर



कुन मुद्दामा कति सजाय ?

१ **सुरक्षण मुद्रण खरिदमा भ्रष्टाचार**
सजाय : दुई वर्ष कैद र २५ करोड जरिवाना

२ **सुरक्षण मुद्रण उपकरण खरिदमा भ्रष्टाचार**
सजाय : दुई वर्ष कैद र १३ करोड जरिवाना

३ **अमेरिकाको पिआर**
सजाय : ६ महिना कैद र १० हजार जरिवाना

शिल्पा कर्ण/नयाँ पत्रिका

सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिदमा ४० करोड ७५ लाख ५७ हजार ७४० रुपैयाँ भ्रष्टाचार भएको ठहर अदालतले गरेको छ। यसमा सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र आपूर्तिकर्ता अकबर हुसेनलाई दोषी ठहर

» पृष्ठ २ मा क्रमशः

गैरकानुनी सम्पत्तिसहित तीन मुद्दा विचाराधीन

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलविरुद्ध तीन मुद्दा भने अदालतमा विचाराधीन छन्। अख्तियारले गत वर्ष ९ जेठमा गैरकानुनी रूपमा आर्जित सम्पत्ति आफू र आफ्ना परिवारका नाममा राखेको दाबीसहित मुद्दा दायर गरेको थियो। उनको अवैध सम्पत्ति ६२ करोड रुपैयाँ रहेको दाबी अभियोगपत्रमा छ। त्यस्तै, उनीमाथि गत वर्ष १४ असोजमा राजस्व अनुसन्धान विभागले पनि मुद्दा चलाएको थियो। विदेशी विनियम अपचलन कसुरमा पौडेलका साथै पत्नी एलिना बस्नेतलाई प्रतिवादी बनाई एक अर्ब ८३ करोड रुपैयाँभन्दा बढी जरिवाना र सजाय मागदाबीसहित मुद्दा चलाएको हो। उनले राष्ट्र बैंकको अनुमतिविना नै विदेशी बैंकमा खाता खोलेको र कारोबार गरेको भेटिएपछि मुद्दा चलाइएको थियो।

पौडेलले भ्रष्टाचारबाट आर्जित सम्पत्ति हुन्डीबाट अमेरिका पठाएको भेटिएको थियो। जसपछि केन्द्रीय अनुसन्धान ब्युरोले मुद्दा चलाएको हो। एक करोड ४६ लाख रुपैयाँभन्दा बढी रकम पठाएको भन्दै बिगोको तीन गुणा जरिवाना तथा सजाय माग्दै गत वर्ष ७ असोजमा जिल्ला अदालत काठमाडौंमा मुद्दा चलाइएको हो। अख्तियारले गत वर्ष उनलाई करिब तीन महिना हिरासतमा राखेर अनुसन्धान गरेको थियो। जसक्रममा उनको सिंगापुरको बैंकमा समेत पैसा भेटिएको थियो। दुबई र अमेरिकामा समेत उनले सम्पत्ति लुकाएको सूचना पाएपछि ती देशले अनुसन्धानमा सहयोग नगरेको अख्तियारका अधिकारी बताउँछन्।

■ विपत्मा पनि गृहमन्त्री लेखकको राजनीति

सिधै ठेक्का दिन गृहजिल्लामा ऐनविपरीत संकटग्रस्त क्षेत्र घोषणा सिफारिस



गत भदौ तेस्रो साता महाकाली नदीमा आएको बाढीले भत्काएको चारलेन पुलको पहुँचमार्ग। फाइल तस्बिर



आफ्नै अध्यक्षतामा आइतबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३१औं बैठकबाट गृहमन्त्री रमेश लेखकले महाकाली नदीको बालुवा तथा माटो निकाल्नका लागि विपत् संकटग्रस्त क्षेत्र घोषणा गर्न मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गराएका छन्।



● **रामबहादुर केसी,** प्रवक्ता, विपत् प्राधिकरण

अहिले पुलको माटो र बालुवा ननिकाल्दा बर्खामा कटानको जोखिम हुने भएकाले संकटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस भएको हो। जिल्लाबाट पनि सिफारिस भएर आएको थियो।

नवराज मैनाली/नयाँ पत्रिका

गत असोजको बाढीपहिरोमा परेका बस्ती तथा संरचनाको अझै पुनर्निर्माण हुन सकेको छैन। उता, गृहमन्त्री रमेश लेखकले विपत् नै नभएको अवस्थामा प्रतिस्पर्धाविना ठेक्का लगाएर काम गर्न गृहजिल्ला कञ्चनपुरमा विपत् संकटग्रस्त क्षेत्र घोषणाको सिफारिस गरेका छन्।

» पृष्ठ २ मा क्रमशः

■ तीन दिन बित्दा पनि फेला परेन भासिएर जमिनमुनि हराएको गाडी

भूगर्भविद् बोलाएर जमिन भासिनुको कारण खोजिने



● **राजेश बानियाँ**
उपप्रमुख, हेटौंडा उपमहानगर

आइतबार दिउँसो विपत् व्यवस्थापन समितिको बैठक बसेर यहाँको भौगोलिक अवस्थाबारे अध्ययन गर्न खानी तथा भूगर्भ विभागलाई अनुसन्धान टोली पठाई सहयोग गर्न पत्राचार गर्ने निर्णय गरेका छौं। तत्काल गाडी खोज्ने कार्य बन्द गरेर थप कुनै दुर्घटना नहोस् भन्नेमा छौं।

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडामा शुक्रबार सडक भासिँदा बेपत्ता भएको माछा बोक्ने ना.४च ४८३३ नम्बरको सिंगल क्याप बोलेरो गाडी (भ्यान) तीन दिन बित्दा पनि फेला परेको छैन। गाडी भासिएको हेटौंडा उपमहानगरपालिका- १६ र १७ को सीमानजिकै गैरीगाउँको उक्त सडकमा पानीको दह बनेको छ।

घाँस काट्ने मेसिन लोड गरिएको गाडी भित्री कच्ची सडकमा शुक्रबार रोकिराखेको अवस्थामा

» पृष्ठ २ मा क्रमशः



घटनास्थलको निरीक्षण गर्दै हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ। सिंगल क्याप बोलेरो रोकिराखेको ठाउँमा अगाडिको पांग्रा जमिनमा धसिन थालेपछि शुक्रबार जग राखेर उठाउन खोज्दा एक्कासि गाडी जमिनमा भासिएर बेपत्ता भएको थियो। हेटौंडा उपमहानगरको विपत् व्यवस्थापनको बैठकले गाडी भासिएको स्थान र आसपासको अध्ययनका लागि भूगर्भविद् बोलाउने निर्णय गरेको छ।

घटनास्थलबारे अनेक अड्कलबाजी

गाडी भासिएको स्थान हेर्न पुगेका स्थानीयले घटनाबारे थुप्रै अड्कल लगाएका छन्। विगतमा यस क्षेत्रमा भास (दलदल) रहेकाले गाडी बेपत्ता भएको हुन सक्ने केही स्थानीयको दाबी छ। वडा नम्बर १६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले गाडी भासिएर बेपत्ता भएको घटनाले आफू आश्चर्यमा परेको बताए। उनले उक्त फाँटमा जोत्दै गरेका हलगोरु नै भासिएर बेपत्ता भएको आफूले पनि सुनेको बताए। कोइरालाले करिब १० वर्षअघि गाडी भासिएको स्थानबाट पाँच-सात सय मिटरको दूरीमा जोत्दै गर्दा एउटा गोरु भासिएर मरेको घटना आफैंले देखेको सुनाए। उनले भासिएर कुनै पनि चिज बेपत्ता भएको पहिलोपटक देखेको बताए। 'भासिएर बेपत्ता नै भएको पहिलोपटक देखेको हुँ। तर, पहिले-पहिले जोत्दै गरेको हलगोरु नै बेपत्ता हुने गरेको गाउँले बुढापाका सुनाउँछन्,' उनले भने, 'म आफैंले पनि यहाँभन्दा पाँच-सात सय मिटरपर १० वर्षअघि जोत्दै गरेको हलगोरुमध्ये एउटा गोरु दलदलमा भासिएर मरेको देखेको छु।'

प्रिसाको मृत्युबारे जवाफ दिन सरकारलाई राष्ट्रिय सभाको निर्देशन

राष्ट्रिय सभाका सांसदहरूले भने- **एउटै कलेजमा बारम्बार समान प्रकृतिका घटना दोहोरिरहनु दुःखद**



नयाँ पत्रिका

राष्ट्रिय सभाले भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) मा अध्ययनरत छात्रा प्रिसा साहको गत बिहीबार भएको मृत्यु प्रकरणबारे जवाफ दिन सरकारलाई रुलिङ गरेको छ। राष्ट्रिय सभाको आइतबारको बैठकमा आकस्मिक र शून्य समयमा सांसदहरूले प्रिसा साहको मृत्यु घटनाको निष्पक्ष छानबिनको माग तथा यसमा भएको प्रगतिबारे सरकारसँग

» पृष्ठ २ मा क्रमशः



वीरगन्जकी १९ वर्षीया प्रिसा साह बिहीबार साँझ विश्वविद्यालयको होस्टेलमा मृत भेटिएकी थिइन्

सुरक्षण मुद्रणको...

पृष्ठ १ बाट क्रमशः

गर्दै सजाय सुनाइएको हो ।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रामबहादुर थापाको इजलासले आइतबार उपकरण खरिदमा सरकारलाई ४० करोड ७५ लाख रुपैयाँभन्दा बढी नोक्सानी पुऱ्याएको अभियोगमा सजाय तोकेको हो । संक्षिप्त फैसलामा उल्लेख भएअनुसार कसुरको प्रकृति, पदीय हैसियत तथा कसुरमा संलग्नतासमेत विचार गरी विकललाई एक वर्ष ६ महिना कैद र कार्यकारी निर्देशकको पदीय हैसियतले थप ६ महिना कैद तोकिएको छ । साथै पौडेलले बिगोको दामासाहीले हुन आउने १३ करोड ५८ लाख रुपैयाँ जरिवाना बुझाउनुपर्नेछ । उक्त रकम असुलउपरसमेत हुने फैसलामा छ । हाल कारागारमा रहेका पौडेल यसअघि भ्रष्टाचारका दुई मुद्दामा दोषी ठहर भइसकेका छन् ।

आपूर्तिकर्ता म्याक्स इन्टरनेसनलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) हुसेनलाई एक वर्ष ६ महिना कैद सजाय र १३ करोड ५८ लाख रुपैयाँभन्दा बढी जरिवाना र बिगो असुलउपरको फैसला भएको छ । म्याक्स इन्टरनेसनललाई पनि १३ करोड ५८ लाख जरिवाना र बिगो असुलउपरको फैसला भएको छ ।

अपराध पीडित संरक्षण ऐनअनुसार तीनैजना प्रतिवादीबाट जनही ५४ लाख ३४ हजार रुपैयाँ क्षतिपूर्ति शूल्कबापत राहत कोषमा दाखिला गर्नुपर्ने फैसला भएको छ । यस मुद्दामा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, वन तथा वातावरण मन्त्रालयका तत्कालीन सिडिई (मेकानिकल) नवीनकुमार पोखरेल, सुरक्षण मुद्रण केन्द्रका लेखा अधिकृत खड्गबहादुर थापा र शाखा अधिकृत हरिबल्लभ घिमिरेले सफाइ पाएका छन् । उनीहरू खरिद प्रक्रियामा सामेल भए पनि निर्णायक भूमिका नरहेको तथा पदीय दायित्वबमोजिमको कार्य गरेकाले सफाइ दिइएको फैसलामा छ ।

व्यापारीबाट स्पेसिफिकेसन मगाएर खरिद

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वर्ष ३० वैशाखमा यो मुद्दा दायर गरेको थियो । मुद्रण केन्द्रका लागि आवश्यक सफ्टवेयर र उपकरण खरिद गर्दा केही विशेष कम्पनीसँग मिल्ने गरी तथा स्वस्थ प्रतिस्पर्धा नहुने गरी सीमित व्यक्तिलाई फाइदा पुऱ्याएको उजुरी अख्तियारमा परेपछि यसमाथि छानबिन भएको थियो ।

दुईवटा छुट्टाछुट्टै कार्यक्रमका लागि सञ्चार मन्त्रालयबाट बजेट आउनु र गुरुयोजनाअनुरूप खरिद प्रक्रिया अगाडि बढाउनुलाई अन्यथा मान्न नमिल्ने फैसलामा छ । 'तर, सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक निज प्रतिवादी विकल पौडेलले समग्र खरिद प्रक्रियाका प्रायः सबै चरणमा आफैँ सक्रियता लिई माथि उल्लिखित दुई छुट्टाछुट्टै शीर्षकअन्तर्गतको बजेटलाई एउटै प्याकेज बनाई खरिद गुरुयोजना र कार्यान्वयन योजना एवं स्वीकृत कार्यक्रमभन्दा बाहिर गई पेपर बेस्ड र कार्ड बेस्ड प्रिन्टिङ मेसिन खरिदका लागि विनियोजित बजेट एकै शीर्षकभित्र पारी दुईवटा पेपर बेस्ड मेसिन खरिद गरेको देखिन आउँछ,' संक्षिप्त फैसलामा उल्लेख छ ।

यसरी एकै प्रकारको दुईवटा मेसिन खरिद गर्नु, मेसिनको स्पेसिफिकेसन तयार पार्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गर्ने, कागजातहरू स्वीकृत गर्ने, प्रि-बिड मिटिङ राखी संशोधन गर्ने र बोलपत्र मूल्यांकन समितिको संयोजक भई र प्राविधिक मूल्यांकन उपसमिति गठन गरी संयोजकमा आफैँ बस्नेजस्ता कार्य सार्वजनिक खरिदको स्थापित मूल्य-मान्यताविपरीत रहेको निष्कर्ष विशेषको छ । कार्यकारी निर्देशक पौडेल बदनियतपूर्वक आफैँ खरिद प्रक्रियामा सहभागी भएको र उनमा इमानदारी, जवाफदेहिता र कानुनको परिपालना नदेखिएको विशेषको संक्षिप्त फैसलामा छ ।

फैसलामा भनिएको छ, '...उपसमितिको संयोजकमा आफैँ बसी प्रतिवेदन दिई सो प्रतिवेदनउपर निर्णय लिने तथा ठेक्का सम्झौता गर्ने एवं बोलपत्र मूल्यांकनको विषयमा पुनरावलोकनका लागि परेका निवेदनमा समेत आफैँले जवाफ दिने र सार्वजनिक खरिद गर्दा विषयसम्बद्ध प्राविधिक जनशक्तिको सहभागितामा समेत अनावश्यक हस्तक्षेप गरी अवलम्बन गर्नुपर्ने कानुनी प्रक्रिया एवं सार्वजनिक खरिदका स्थापित मूल्य-मान्यताविपरीत कार्यहरू गरेको देखिन्छ ।'

खरिद कार्यमा अतिरिक्त रूपमा गठन गर्नुपर्ने इकाइ पनि गठन भएको थिएन । खरिद माग संकलन सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन तथा अन्य कार्य पनि नगरिएको ठहर विशेषको छ । पौडेलले दुईवटा छुट्टाछुट्टै उपकरण खरिद गर्नुपर्नेमा बदनियतपूर्वक एउटा खरिद कार्यमा दुवै शीर्षकको बजेट खर्च गरेको भन्दै भुक्तानी भएअनुसारको सजाय सुनाइएको हो ।

यसैगरी म्याक्स इन्टरनेसनलका सञ्चालक हुसेनले खरिद कार्यको प्रारम्भदेखि नै पौडेलसँग मिलेमतो गरेको विशेषको ठहर छ । उनले आफू र श्रीमतीका नाममा रहेको कम्पनीबाट स्पेसिफिकेसन र दरभाउ उपलब्ध गराएको तथा आफ्नो कम्पनीबाट उक्त खरिद कार्य गराउन सम्पूर्ण कार्य गरेको संक्षिप्त फैसलामा छ । व्यवसायी हुसेन सत्तानिकट भएर आइटीका ठुला ठेक्का हत्याउँदै आएका छन् । आइटीकै व्यापारबाट उनले कमलादीमा आइटी प्लाजासमेत स्थापना गरेका छन् ।

मन्त्रिपरिषद्...

पृष्ठ १ बाट क्रमशः

हुन्छ । तर, प्रधानमन्त्री ओलीले बालुवाटारबाट चार किलोमिटर दूरीको सिंहदरबारस्थित सरकारी कार्यालय र सात किलोमिटर दूरीमा रहेको च्यासलस्थित पार्टी कार्यालयको सट्टा निवासलाई नै कार्यकारी अभ्यासस्थल बनाउन थालेका छन् । पछिल्लोपटक ओली प्रधानमन्त्री भएयता बसेका मन्त्रिपरिषद्का ५० मध्ये २३ बैठक बालुवाटारमै बसेका छन् । शनिबार मात्रै एमाले संसदीय दलको बैठक बालुवाटारमा बस्यो ।

आइतबार ऊर्जा राज्यमन्त्री खमबहादुर गर्बुजालाई प्रधानमन्त्री ओलीले बालुवाटार निवासमै शपथ खुवाए । विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कूलमान घिसिङको बर्खास्तीको विपक्षमा उभिएका पूर्णबहादुर तामाङ 'कान्छाराम'लाई हटाएपछि १७ वैशाखमा गर्बुजा नियुक्त भएका थिए । १९ वैशाखमै उनको शपथको कार्यक्रम तय गरिएको भए पनि नीति तथा कार्यक्रमको तयारीले समय अभाव भएको भन्दै स्थगित गरिएको थियो ।

१९ वैशाखमा प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भेटवार्ताका लागि बोलाएका थिए । तर, पछि सरकारी निवास बालुवाटारमा स्थान सारिएको खबर आएपछि प्रचण्ड व्यस्तताको कारण देखाउँदै उपस्थित भएनन् । कूटनीतिक रूपमा उनले 'ओली शैली'को विरोध जनाएको निकटस्थ स्रोत बताउँछ ।

अघिल्लोपटक प्रधानमन्त्री हुँदा तत्कालीन नेकपाकालमा पनि ओलीले मन्त्रिपरिषद् बैठकदेखि पार्टीका बैठकसम्म बालुवाटारमै राख्न थालेपछि सार्वजनिक रूपमै उनको स्वेच्छाचारी शैलीको व्यापक विरोध भएको थियो । यसपटक प्रधानमन्त्री भएको केही दिनमै १७ साउनमा उनले पार्टीका बैठक सरकारी निवासमा नगर्ने घोषणा गरेका थिए । तर, आफ्नै घोषणाविपरीत अघि बढ्न थालेका छन् ।

देशको कार्यकारीले नियमित रूपमा देश सञ्चालनको काम निवासबाटै गर्नु 'मैले जे गर्दा पनि हुन्छ भन्ने स्वेच्छाचारी शैली'बाट प्रेरित रहेको राजनीतिक विश्लेषक कृष्ण पोखरेलको टिप्पणी छ । 'कहिलेकाहीँ स्वास्थ्यका कारणले या तत्काल कार्यालय समयबाहिर पनि बैठक बस्नुपर्ने बाध्यात्मक परिस्थितिमा निवासमा मन्त्रिपरिषद् बस्ने कुरालाई अन्यथा भन्न मिल्दैन । तर, अहिलेका प्रधानमन्त्रीलाई यी कुराहरूसँग मतलब देखिँदैन । मैले जे गर्छु, त्यही नै नियम बन्छ, अरूले पनि त्यसलाई अनुशरण गर्नुपर्छ भन्ने जस्तो उहाँको कार्यशैली छ, अहिले बैठकहरू राख्ने कुरामा उहाँको त्यही शैली दोहोरिएको मात्र हो,' पोखरेलले भने, 'सरकारी कार्यालयबाट गर्नुपर्ने काम निवासबाट गर्नु युक्तिसंगत छैन । यद्यपि, यो कानुनसँगै जोडिएको बाध्यकारी विषय त होइन, तर नैतिकता र व्यक्तिको कार्यशैलीसँग जोडिएको विषय भने अवश्य नै हो ।'

पूर्वमुख्यसचिव विमल कोइरालाले प्रधानमन्त्रीले आफ्नो निवासमा मन्त्रिपरिषद्को बैठक राख्नु बलमिच्याइँ भएको बताए । 'प्रधानमन्त्री कार्यालयमा नराखी निवासमा मन्त्रिपरिषद् बैठक राख्नु बलमिच्याइँ हो । आफ्नो व्यक्तिगत महत्त्व बढाउन खोजिएको होला । यसले राम्रो गर्दैन । म मुख्यसचिव हुँदा प्रधानमन्त्रीको निवासमा मन्त्रिपरिषद् बैठक बसेको सम्झना नै छैन । भोलि मन्त्रीले सचिवलाई घरमा बोलाएर काम गराए के हुन्छ ? प्रधानमन्त्रीले क्याबिनेट आफ्नो निवासमा बसाउनु र मन्त्रीले निवासमा सचिव बोलाएर काम लगाउनु उस्तै कुरा हो,' उनले भने, 'सिकिस्त बिरामी परेको वा यस्तै अवस्थामा निर्णय नगरी नहुने स्थितिमा मात्र निवासमा मन्त्रिपरिषद् बैठक राख्ने कुरा स्वाभाविक होला । नत्र त यो राम्रो होइन ।'

मन्त्रिपरिषद्का ५० बैठक, २३ बालुवाटारमा

पछिल्लोपटक एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री नियुक्त भएपछि १७ वैशाखसम्म मन्त्रिपरिषद्का ५० बैठक बसेका छन् । त्यसमध्ये २३ बैठक उनले आफ्नो सरकारी निवास बालुवाटारमा राखेका छन् । प्रधानमन्त्रीमा नियुक्त भएपछि ओलीले पहिलो बैठक ३१ असारमा सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमै बसालेका थिए । त्यसयता भदौमा एक, असोजमा दुई, कात्तिकमा एक, मंसिरमा चार, पुसमा तीन, माघमा दुई, फागुनमा चार, चैतमा दुई र वैशाखमा चार बैठक बालुवाटार निवासमा राखेका छन् ।

बालुवाटारमा बसेका बैठक– वैशाख : २, ८, १५ र १७ । चैत : ४ र १८ । फागुन : ६, १२, २१ र २६ । माघ : २१ र २८ । पुस : ९, २३ र २६ । मंसिर : ३, १६, २७ र २८ । कात्तिक : २६ । असोज : १४ र २१ । भदौ : २४

संसदीय दलको बैठक पनि बालुवाटारमै

राज्यमन्त्रीको शपथ र क्याबिनेट बैठक मात्र होइन, पछिल्लोपटक प्रधानमन्त्री ओलीले पार्टी संसदीय दलको बैठक पनि सरकारी निवास बालुवाटारमै राखेका छन् । शुक्रबार बसेको संसदीय दलको बैठकले सरकारको नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेटमा केन्द्रित रहेर छलफल गरेको थियो ।

प्रधानमन्त्रीको सचिवालयले भने सधैँ संसद् भवन बानेश्वरमै दलको बैठक बस्दै आए पनि पूर्ववत् रूपमा प्रयोग गर्दै आएको हल त्यही दिन अर्को दल कांग्रेसले 'बुक' गरेर बैठक राखेको र अन्त तत्काल सम्भावना नभएपछि बालुवाटारमै राखिएको जनाएको छ । सिंहदरबार, बालुवाटार या बानेश्वरमा जहाँ संसदीय दलको बैठक राख्दा पनि सरकारले उपलब्ध गराएकै हलमा बैठक हुने भएकाले प्रश्न उठ्नुको कुनै अर्थ नभएको सचिवालयको भनाइ छ ।

'एमालेको संसदीय दलको बैठक सधैँ संसद् भवन नयाँ बानेश्वरमै बस्थ्यो । तर, यसपटक सधैँ प्रयोग हुने हल कांग्रेसले 'बुक' गरेर बैठक राखेका कारण सांसद अट्ने हल तत्काल अन्त पाइएन । त्यसैले बालुवाटारमा राखिएको हो,' प्रधानमन्त्री ओलीका प्रेस संयोजक रामशरण बजगाईंले भने, 'संसद् भवन बानेश्वर बसे पनि, संसदीय दलको कार्यालय सिंहदरबार बसे पनि या बालुवाटार, जुनसुकै स्थानमा बस्दा पनि संसदीय दलका बैठकहरू त सरकारले उपलब्ध गराएको सरकारी निवासमै हुने भएकाले यो त्यति ठुलो प्रश्न उठाउनुपर्ने या उठ्नुपर्ने विषय नै होइन । बरु विगतमा कतिपय प्रधानमन्त्रीहरूले सरकारी खर्चमा रिसोर्टमा रातिराति बैठक गरेका विषयहरू पनि छन्, तर ती बाहिर नआएकाले बरु त्यस्ता विषयमा प्रश्न उठाउनु बढी सान्दर्भिक र स्वाभाविक हुन्छ ।'

ओली ३० असारमा प्रधानमन्त्री नियुक्त भएयता एमालेले पछिल्लो एउटा संसदीय दलको बैठकबाहेक १५ दिनमा नियमित बस्ने केन्द्रीय सचिवालय बैठक भने पार्टी केन्द्रीय कार्यालय च्यासलमै राखेको छ । पार्टी भवन बाढीले डुबानमा परेपछि १७ साउनको एउटा सचिवालय बैठक भने बसेरा होटेल सिंहदरबारमा बसेको थियो । उनी प्रधानमन्त्रीमा नियुक्त भएयता बसेको केन्द्रीय कमिटी र स्थायी कमिटीको दुई बैठक पनि पार्टी कार्यालय च्यासलमै बसेको छ । यद्यपि, गत ८ माघको एउटा केन्द्रीय सचिवालयको अनौपचारिक बैठक भने प्रधानमन्त्रीको सरकारी निवास, बालुवाटारमै बसेको थियो ।

१७ साउनमा ओलीले भनेका थिए- 'स्वास्थ्यले साथ दिएसम्म प्रधानमन्त्री निवासमा पार्टी बैठक गर्दिनँ'

प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले १७ साउनमा पार्टीको बैठक प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा आयोजना नगर्ने घोषणा गरेका थिए । स्वास्थ्यले साथ दिएसम्म पार्टी बैठक सरकारी निवासमा नराख्ने प्रधानमन्त्रीले सार्वजनिक प्रतिबद्धता जनाएका थिए । 'सामाजिक सञ्जालमार्फत तपाईंहरूले दिनुभएको सुझावअनुसार मेरो स्वास्थ्य अवस्थाले साथ दिएसम्म सरकारी निवास बालुवाटारमा पार्टीको बैठक नराख्ने जानकारी गराउँछु,' उनले फेसबुक पेजमा लेखेका थिए । बाढीले पार्टी कार्यालय डुबानमा परेका कारणले मात्र अन्यत्र बैठक राख्न लागिएको उनले बताएका थिए । 'आज हाम्रो पार्टीको सचिवालय बैठक छ । मनोहरा खोलामा आएको बाढीको डुबानले बैठक पार्टी कार्यालयमा बस्न नसक्ने भएका कारण यसपटक बैठक अन्यत्र राखिएको छ,' उनले भनेका थिए ।

कांग्रेस, एमाले, माओवादीमा बालुवाटार बैठकको विरोध

विगतमा ओलीले मात्र होइन, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि कतिपय वेला बालुवाटारमै बैठक राखेर कार्यकारी अभ्यास गर्ने गर्थे । तत्कालीन नेकपाकालमा ओलीले क्याबिनेट बैठकदेखि पार्टी बैठकसम्म बालुवाटारमा गर्दा सार्वजनिक रूपमै उनको स्वेच्छाचारी शैलीको व्यापक विरोध भएको थियो । कांग्रेस, एमाले र माओवादीभित्र पदाधिकारी तहकै कतिपय नेताहरूले बालुवाटारलाई पार्टी कार्यालय बनाउनुहुँदैन भन्दै नेतृत्वको यस्तो शैलीको विरोध जनाएका थिए । पार्टीभित्रैको विरोध र सार्वजनिक आलोचनाका कारण बालुवाटारमा पार्टीहरूको बैठक बस्न रोकिएको थियो । तर, ओलीले दलको बैठक राखेर आफ्नै पछिल्लो घोषणा उल्लंघन गरेका छन् ।

भूगर्भविद्...

पृष्ठ १ बाट क्रमशः


अगाडिको पांग्रा भासिन सुरु भएको थियो । तर, जग लगाएर निकाल्ने क्रममा एक्कासि सडक नै भासिएर गाडी जमिनमुनि गायब भएको मकवानपुर प्रहरीका प्रवक्ता डिएसपी श्यामु अर्यालले बताए । गाडीका चालक हरेराम राई र सहचालक भने सडक भासिनुअघि नै निस्किएर जोगिएका थिए ।

भासिएको करिब पाँच सेकेन्डमै बेपत्ता भएको गाडीधनी हरेराम राईले बताए । गाडी भासिएको वरिपरि माछापालन गरिएको पाँचवटा पोखरी र बोरिङसमेत छ । राईले नै दुवै व्यवसाय गर्दै आएका छन् । धेरैले बोरिङका कारण जमिन भासिएको हुन सक्ने अनुमान गरेका छन् ।

गाडी खोजीका लागि शनिबार दिनभर दुईवटा मोटरले पानी बाहिर फालिएको थियो । तैपनि फेला नपरेको डिएसपी अर्यालले बताए । 'शनिबार दिनभर गाडी खोजेका हौँ, आइतबार खोजेनौँ । विपत् व्यवस्थापन समितिको बैठकले विज्ञको टोली ल्याउने निर्णय गरेको छ,' उनले भने, 'गाडी भासिएको ठाउँलाई सुरक्षित राखेका छौँ । अब विज्ञको टोली आएपछि पुनः खोजी सुरु हुनेछ ।' भासिएको गाडीको कुनै निसाना नदेखिएपछि आइतबारदेखि गाडी भासिएको स्थानसँगै जोडिएको माछापोखरीको माछा र पानी निकाल्न थालिएको छ । पोखरी खाली गरेपछि गाडी खोजी गर्न सहज हुने प्रवक्ता अर्यालले बताए ।

हेटौँडा उपमहानगरको विपत् व्यवस्थापनको बैठकले गाडी भासिएको स्थान र आसपासको अध्ययनका लागि भूगर्भविद् बोलाउने निर्णय गरेको छ । आइतबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको उपस्थितिमा उपमहानर प्रमुख मीना लामा, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि सम्मिलित बैठकले खानी तथा भूगर्भ विभागलाई अध्ययन र अनुसन्धानका लागि टोली पठाइदिन पत्राचार गर्ने निर्णय गरेको हो । उपमहानगरका उपप्रमुख राजेश बानियाँले तत्कालका लागि गाडी भासिएको स्थानको भौगोलिक अवस्थाबारे अध्ययन गरी केही भन्न र गर्न नसकिने भएकाले अनुसन्धानका लागि भूगर्भविद्को टोली झिकाउने निर्णय भएको बताए ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. २०६२/०३/२३

स्व. श्रीजल पोखरेल

स्वर्गारोहणः वि.सं. २०८२/१/१०

यस महासंघका कार्य समिति सदस्य एवं निर्माण व्यवसायी महिला समन्वय समिति संयोजक श्री गंगा पोखरेलज्यू एवं निर्माण व्यवसायी संघ बर्दियाका सल्लाहकार श्री कृष्ण प्रसाद पोखरेलज्यूका सुपुत्र श्रीजल पोखरेलको २० वर्षको अल्पायुमै स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस अत्यन्त पीडादायी क्षणमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौँ ।

रवि सिंह
अध्यक्ष,
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

हार्दिक समवेदना



जन्म
वि.सं. १९९७/४/१३

स्वर्गारोहण
वि.सं. २०८२/१/१०

स्व. तिलाराम भट्ट

हाम्रा सहकर्मी तेजराज भट्टका पुजनिय पिता
तिलाराम भट्टको असामयिक निधन भएकोमा
हामी मर्माहत भएका छौँ । यस दुःखद घडीमा स्वर्गीय बुबाप्रति
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति
हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

नयाँ पत्रिका
परिवार

सात सरकारी...

पृष्ठ १ बाट क्रमशः

खोजेको हो । सरकारले १५ वैशाखको मन्त्रिपरिषद् बैठकबाटै जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट उद्योग, नेपाल मेटल कम्पनी, बुटवल धागो कारखाना र नेपाल ओरियन्ड म्याग्नेसाइटलाई निजीकरण गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले 'सरकारी लगानी व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने' भनेर निर्णय गरेको छ । सरकारले अध्यादेशमार्फत निजीकरण ऐन, ०५० लाई संशोधन गर्दा निजीकरण शब्दको सट्टा 'सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन' भन्ने उल्लेख गरेकाले मन्त्रिपरिषद्बाट भएको निर्णयमा पनि निजीकरण शब्दको सट्टा 'सरकारी लगानी व्यवस्थापन गर्ने' उल्लेख गरेको हो ।

संशोधित ऐनको सूचना १८ चैतमा राजपत्रमा प्रकाशित पनि भइसकेको छ । संशोधित ऐनअनुसार सरकारी लगानीको व्यवस्थापन भन्नाले प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराउने, बिक्री गर्ने, भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा अन्य माध्यमबाट निजी क्षेत्र वा त्यस्ता प्रतिष्ठानका कर्मचारी, कामदार वा इच्छुक सबै समूहको आंशिक वा पूर्ण सहभागिता गर्ने/गराउने उल्लेख छ ।

सरकारले गत असोजदेखि नै यी सात उद्योग निजीकरण गर्नका लागि छलफल थालेको थियो । यसका लागि अर्थमन्त्री विष्णु पौडेल र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पटक-पटक छलफल गरेका थिए । अर्थ मन्त्रालयले सात उद्योगलाई निजीकरणको मोडालिटी पहिचान गर्न समिति नै गठन गरेको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव छविन्द्र पराजुलीले बन्द उद्योगलाई सञ्चालन गर्ने मोडालिटीसम्बन्धी अध्ययन गर्न स्वीकृति दिएको बताए । उनले भने, 'जति पनि बन्द भएका उद्योग छन्, ती उद्योगलाई कसरी चलाउन सकिन्छ, सम्पत्तिको व्यवस्थापन के कसरी गर्न सकिन्छ भनेर विस्तृत अध्ययन गर्नेछौँ । त्यसका आधारमा उद्योग चलाउने विकल्प दिइनेछ । विकल्पसहितको प्रस्ताव फेरि मन्त्रिपरिषद्मा जानेछ, त्यसपछि आवश्यक निर्णयअनुसार अघि बढ्नेछौँ ।' बन्द उद्योगहरूको रोग पत्ता लगाउन खोजिएको उनको भनाइ छ । विगतमा यस्ता उद्योग सञ्चालन वा निजीकरणका सम्बन्धमा विभिन्न निर्णय भए पनि मन्त्रिपरिषद्बाटै अग्रसरता दिइएको यो पहिलो निर्णय भएको उनको दाबी छ ।

तर, मन्त्रिपरिषद्ले निजीकरणको निर्णय गरिसकेकाले सात उद्योग निजी क्षेत्रलाई कुन मोडलमा सुम्पने भन्नेबारेमा अहिले अध्ययन हुन लागेको हो । यसअघि अध्ययन भएका विभिन्न समितिले उद्योगको संरचना मात्रै बिक्री गर्ने र जग्गा लिजमा उपलब्ध गराउने मोडलमा निजीकरण गर्नुपर्ने सुझाव दिएका छन् । तर, केही उद्योगीले भने जग्गासहित उद्योग सञ्चालनका लागि प्राप्त गर्ने चाहना राखेकाले पुनः अध्ययन हुन लागेको हो ।

'मन्त्रिपरिषद्ले प्रथम दृष्टिमै निजीकरण गर्ने भनिसकेको छ । त्यसैले अब कुन मोडलमा उद्योग बिक्री गर्ने भन्नेबारेमा मात्रै अध्ययन हुने हो,' स्रोतले बतायो । उद्योगीले जग्गामा आँखा लगाएकाले सरकारलाई उद्योग निजीकरण गर्न मुस्किल छ ।

संशोधित सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐनले सरकारी उद्योगको सेयर विनिवेश (सेयर बिक्री गरेर), सहकारीकरण गरेर, प्रतिष्ठानको सम्पत्ति बेचबिखन गरेर, सम्पत्ति भाडामा दिएर, प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराएर, सम्पत्ति मौद्रिकीकरण गरेर र अर्थमन्त्री अध्यक्षताको समितिको सिफारिसमा सरकारले उपयुक्त देखेको अन्य कुनै माध्यम अपनाएर व्यवस्थापन गर्न सकिने उल्लेख गरेको छ ।

अर्थ मन्त्रालयका सूचना अधिकारी अम्बिका खनालले सरकारी उद्योगको लगानी व्यवस्थापन गर्दा जग्गाबाहेकका सम्पत्ति बिक्री गर्न सकिने व्यवस्था गरेको बताए । उनले भने, 'हामीले सरकारी जग्गालाई बिक्री नगर्ने नीति लिएका छौँ । त्यसबाहेक बन्द उद्योगलाई सञ्चालन गर्ने अरू विकल्प खुला नै छन् ।'

यी सबै उद्योग सार्वजनिक सेवाप्रवाहलाई चुस्त बनाउने उद्देश्यले विदेशी दाताको सहयोग लिएर खोलिएका थिए । तर, चरम राजनीतीकरणका कारण वर्षौँदेखि जीर्ण हालतमा छन् । यसरी सरकारकै लापरवाहीका कारण धराशायी बनेका उद्योगहरूलाई पुनर्जीवन दिन निजीकरण गर्न लागेको दाबी पत्याउनलायक देखिँदैन । बरु विगतमा निजीकरण गरिएका उद्योगको हविगत हेरेर भन्न सकिन्छ- यी उद्योगका नाममा रहेका अर्बौँको चल-अचल सम्पत्तिमा आँखा लगाइएको हो ।

सरकारले निजीकरणका लागि सूची तयार गरेका उद्योगमध्ये उदयपुर र हेटौँडा सिमेन्ट हालसालै बन्द भएका हुन् । अन्य केही भने स्थापना भएर पनि सञ्चालन नै नभएका छन् भने केही लामो समयदेखि बन्द छन् । यी उद्योगको भौतिक पूर्वाधार जीर्ण छ भने मेसिनहरूमा खिया लागेको छ, जहाँबाट उत्पादन सम्भव छैन । तर, उद्योगसँग अर्बौँका जग्गा र भौतिक सम्पत्ति छन् ।

सरकारले निजीकरण गर्न लागेको सूचीमा देशकै पहिलो उद्योग विराटनगर जुट मिल पनि थियो । औद्योगीकरणको सुरुवात भएको उद्योग निजी क्षेत्रलाई सुम्पँदा चर्को विरोधको सामना गर्नुपर्ने जोखिम रहेको भन्दै विराटनगर जुट मिल बिक्री गर्नबाट भने सरकार हच्किएको छ । विराटनगरकै स्थापित उद्योगीले जुट मिल आफूहरूले सञ्चालन गर्ने भन्दै निजीकरणको निर्णय लिन सरकारलाई अन्तिम समयसम्म पनि दबाब दिएका थिए ।

त्यस्तै, एमालेनिकट अर्को शक्तिशाली व्यावसायिक घरानाले हेटौँडा कपडा उद्योग सञ्चालन गर्ने चाहना राखेर निजीकरणका लागि आग्रह गरेको थियो । तर, नेपाली सेनाले समेत सञ्चालनका लागि अध्ययन गरिसकेको र सरकारले थोरै जोडबल गर्दा आफैँ सञ्चालन गर्न सकिने देखेपछि हेटौँडा कपडा उद्योग निजीकरण नगर्ने निष्कर्षमा सरकार पुगेको हो । सुरुवातमा यी दुईसहित नौ उद्योग निजीकरणको सूचीमा थिए ।

सिधै ठेक्का...

पृष्ठ १ बाट क्रमशः

आइतबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३१औँ बैठकबाट मन्त्री लेखकले महाकाली नदीको बालुवा तथा माटो निकाल्नका लागि विपत् संकटग्रस्त क्षेत्र घोषणा गर्न मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गराएका हुन् । बैठक उनकै अध्यक्षतामा बसेको थियो । गत भदौ तेस्रो साता महाकाली नदीमा आएको बाढीले चारलेन पुलको करिब तीन सय मिटर पहुँचमार्ग भत्काएको थियो ।

विपत्मा समेत राजनीतीकरण गर्दै मन्त्री लेखकले नियमविपरीत सो निर्णय गराएका हुन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विज्ञप्तिमा भनिएको छ, 'बैठकले निर्माणाधीन महाकाली पुल, पुलको पहुँच मार्ग र भीमदत्त नगरपालिकाको वडा नं. ११, १२ र १३ को बस्ती तथा दोधारा-चाँदनी नगरपालिकाको वडा नं. ३, ८, ९ र १० का बस्तीहरूलाई संरक्षण गर्न उल्लेखित क्षेत्रलाई विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ (१) बमोजिम घोषणा भएको मितिले तीन महिनाका लागि विपत् संकटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय पनि गरेको छ ।'

यो निर्णय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधानविपरीत रहेको प्राधिकरणकै अधिकारी बताउँछन् । ऐनको दफा ३२ मा भनिएको छ, 'नेपालको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपत् उत्पन्न भए विपत् संकटग्रस्त घोषणा गर्न आवश्यक देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सिमाना र अवधि तोकी विपत् संकटग्रस्त घोषणा गर्नेछ ।' ऐनमा प्रस्ट रूपमा गम्भीर प्रकृतिको विपत् उत्पन्न भएमा भनिएको छ ।

तर, गृहमन्त्री लेखकले गम्भीर विपत् नरहेको अवस्थामा नै यसरी ऐनविपरीत आफ्नो गृहजिल्लामा बजेट लैजान यस्तो निर्णय गराएको स्रोत बताउँछ । 'यसबाट एकातर्फ बजेटको दुरुपयोग भएको छ,' प्राधिकरणका एक अधिकारीले भने, 'अर्कोतर्फ यसरी संकटग्रस्त क्षेत्रकै दुरुपयोग हुँदा दातृ निकायहरूको समेत विपत्को सहयोगमा विश्वास घट्ने जोखिम छ ।' अहिले काम नगरे बर्खामा विपत् आउन सक्ने भन्ने तर्क गरेर मन्त्री लेखकले सो निर्णय गराएको स्रोत बताउँछ ।

पुलको माटो र बालुवा निकाल्न नियमित ठेक्काबाटै काम गर्न सकिने भए पनि समयमा काम नगरेर वर्षा लागेपछि विपत्ग्रस्त क्षेत्र घोषणा गरेर सिधै काम गराउन लागिएको हो । यसरी काम गर्दा ठेक्कामा जानुपर्दैन । आफूनिकट ठेकेदारलाई काम दिएर भुक्तानी दिने योजना छ ।

प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जिल्ला विपत् व्यवस्थापन समितिबाटै सो क्षेत्रलाई संकटग्रस्त घोषणा गर्न सिफारिस आएकाले कार्यकारी समितिको बैठकबाट मन्त्रिपरिषद् बैठकमा सिफारिस गर्ने निर्णय गरिएको बताए । 'अहिले पुलको माटो र बालुवा ननिकाल्दा बर्खामा कटानको जोखिम हुने भएकाले संकटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस भएको हो,' उनले भने ।

कानुनअनुसार नमिल्ने भएपनि गृहमन्त्रीकै दबाबमा सो निर्णय भएको स्रोत बताउँछ । प्राधिकरणमा मन्त्री लेखक आफ्नै पार्टीका पूर्वकार्यकर्ता दिनेश भट्टलाई गत महिना प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेर आलोचित भएका थिए । आइतबारको कार्यकारी समितिमा सहरी, स्वास्थ्य तथा संघीय मामिलामन्त्रीसमेत सदस्य हुने प्रावधान भए पनि आइतबारको बैठकमा अन्य मन्त्रीहरू सहभागी थिएनन् । जसकारण गृहमन्त्रीले एकलौटी रूपमा निर्णय गराएका हुन् ।

प्रिसाको...

पृष्ठ १ बाट क्रमशः

जवाफ मागेपछि अध्यक्ष नारायण दाहालले रुलिङ गरेका हुन् ।

'आकस्मिक समयमा माननीय सदस्यहरूले उठाउनुभएका अन्य विषयमा समेत नियमावलीले तोकेको अवधिभित्र सभामा आई जवाफ दिन सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्दछु,' रुलिङ गर्दै अध्यक्ष दाहालले भने, 'नेपाल र भारत दुवै देशले कूटनीतिक माध्यममार्फत यस्ता घटना दोहोरिरहनुपर्ने कारणको गहिराइमा गएर खोजी गर्न र आगामी दिनमा यस्ता घटना नहुने वातावरण बनाउन र घटनाको विषयमा निष्पक्ष रूपमा सत्यतथ्य छानबिन गरी यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछु ।' रुलिङमा किट कलेजमा अध्ययनरत नेपाली छात्रछात्राले सुरक्षित र निर्भीकताका साथ अध्ययन गर्ने वातावरण बनाउन भनिएको छ ।

बैठकमा सांसदहरूले निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेका थिए । कांग्रेस प्रमुख सचेतक कृष्णबहादुर रोकायाले किट विश्वविद्यालयमा मृत भेटिएकी प्रिसा साह घटनाको सत्थतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे ।

माओवादीकी गंगाकुमारी बेल्बासेले प्रकृति लम्सालको अस्वाभाविक मृत्युको छानबिन प्रतिवेदन प्राप्त नभएका वेला अर्को घटना हुनु दुःखद भएको बताइन् । उनले प्रकृति लम्साल घटनाको पछिल्लो विवरण जानकारी गराउन गृहमन्त्रीसँग जवाफ मागिन् । बेल्बासेले उक्त ठाउँमा किन बारम्बार घटना दोहोरिरहेको छ भनी प्रश्न गर्दै जाँचबुझ आयोग बनाएर छानबिन गर्न माग गरिन् । उनले उमेर समूह हेरेर विद्यार्थीलाई एनओसी दिन सरकारलाई सुझाव दिइन् । उनले यो घटनामा सरकारको जवाफ मागिन् ।

एकीकृत समाजवादीकी गरिमा शाहले पनि सरकारको जवाफ माग गरिन् । 'प्रकृति लम्सालको के भएको हो भनेर सोधेका थियौँ, त्यसको जवाफ सरकारले दिएको छैन । तीन महिनाको बिचमा अहिले अर्को मृत्यु भयो । किन कसरी भएको हो, यो सभामा आएर जवाफ दिन माग गर्दछु,' उनले भनिन्, 'हामी सजिलै आत्महत्या मान्न तयार छैनौँ । विश्वविद्यालयमा केही न केही समस्या छ, जसकारण बारम्बार नेपाली विद्यार्थीले आत्महत्या गरिरहेका छन् ।

दलित समुदायका लागि छुट्टै कानुन ल्याउन निर्देशन

राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले दलित समुदायका लागि छुट्टै कानुन बनाउन सिफारिस गरेको छ । आइतबार बसेको राष्ट्रिय सभा बैठकमा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन पेस गर्दै समिति सभापति कमला पन्तले छुट्टै कानुन जरुरी रहेको बताइन् । प्रतिवेदनमाथिको छलफलमा भाग लिँदै सदस्यहरूले पनि संविधानमा उल्लेखित मौलिक हक कार्यान्वयनका लागि छुट्टै कानुन जरुरी रहेको बताएका थिए । प्रतिवेदनमा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा नै प्रस्ताव गरिएको छ । प्रतिवेदनका सुझावलाई सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धता संघीय मामिलामन्त्री राजकुमार गुप्ताले सभामा जनाएका थिए । छलफलपछि राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले प्रतिवेदनका सुझावहरू प्राथमिकताका आधारमा कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित निकायलाई निर्देशन गरेका थिए ।

■ जागरण अभियानमा माओवादीलाई जनताको सुझाव

विगतका गल्ती नदोहोरियोस्

प्रेम गौतम / नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीले हुलाकी मार्गकेन्द्रित तराई-मधेश जागरण अभियान सोचेभन्दा बढी उपलब्धिमूलक भएको निष्कर्ष निकालेको छ। अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवास खुमलटारमा आइतबार बसेको पदाधिकारी बैठकले अभियान उत्साहजनक रूपमा सम्पन्न भएको निष्कर्ष निकाल्दै आगामी २ जेठबाट 'मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान' सञ्चालन गर्ने निर्णय गरेको छ। सुदूरपश्चिमबाट सुरु गरेर कोशीको सोलुमा अभियान समापन गर्ने तयारी छ। विस्तृत तालिका केही दिनमै तयार हुने माओवादीले जनाएको छ।

अभियान राष्ट्रिय एकता सुदृढ गर्न सफल भएको निष्कर्ष निकाल्दै बैठकले माओवादीको मात्रै नभई राष्ट्रकै अभियान बन्न पुगेको दाबी गरेको छ। 'अभियान बहुआयामिक सफलतासहित समापन भएको छ। हामीले जे लक्ष्य र उद्देश्य राखेका थियौँ। सोचेभन्दा बढी उपलब्धिमूलक भयो,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'यसले राष्ट्रिय एकता सुदृढ गरेको छ। यो अभियानले सबैका लागि सकारात्मक चुनौती खडा गरेको छ।'

सरकारको कुशासनले जनतामा निराशा र आक्रोश पैदा भएको स्थितिमा अभियानले सकारात्मक प्रभाव पारेको माओवादीको निष्कर्ष छ। 'विगतमा यस खालको अभियान भएको थिएन। सरकारको कुशासन र उपस्थिति शून्य भएको अवस्थामा जनतामा निराशा र आक्रोश पैदा भइरहेको वेलामा आफ्नो धारणा राख्यौँ। आत्मालोचनासहित आफ्ना कुरा राखेपछि जनता उत्साहित भएका छन्,' उनले भने।

अभियानका क्रममा कांग्रेस र एमालेबाट निर्वाचित जनप्रतिनिधिले पनि माओवादी नेतृत्वलाई स्वागत गरेका थिए। अभियानले नेपाली समाजवादको मार्गचित्रको एउटा खाका निर्माण भएको माओवादीले जनाएको छ। आफैँभित्रको रूपान्तरणको शक्तिशाली भाव पैदा भएको र समाजवादी विचारधाराको विकासको प्रस्थान विन्दु बनेको माओवादीको निष्कर्ष छ। नेता-कार्यकर्तामा स्वच्छ प्रतिस्पर्धाको चेतना पैदा हुँदै गएको र माओवादीप्रति सकारात्मक राग जरासम्मै पैदा भएको निष्कर्ष माओवादी छ। अभियानले अध्ययन, अनुसन्धान र खोजका लागि आधार तयार पारेको माओवादीको दाबी छ। 'नेपाली समाजको आजको अध्ययनका लागि धेरै खजना प्राप्त भएको छ। अभियानको दौरानमा नयाँ संस्कार, संस्कृति र सद्भावको प्रादुर्भाव भएको छ,' सापकोटाले भने।

अभियानका क्रममा अन्तर्क्रिया, अन्तरसंवाद र गोष्ठी भएका थिए। पार्टीलाई विचारमा मात्रै होइन, विकास र समग्र संरक्षकका रूपमा अभियानले स्थापित गरेको माओवादीको निष्कर्ष छ। 'सक्रियता र गतिशीलता राजनीतिक नेता-कार्यकर्ताका लागि सबैभन्दा मुख्य कुरा हुन् भन्ने सबैलाई बोध भएको छ। कमरेडली भाव पुनर्जागृत हुने लक्ष्यण देखिएका छन्। यो आकर्षण र प्रभावलाई संगठन निर्माणमा रूपान्तरण गर्नुपर्छ भन्ने निष्कर्ष निकालेका छौँ,' सापकोटाले भने, 'जनतामा जाने, जनताको सुख-दुःखमा एकाकार हुने र आफ्नो कमीकमजोरी जनतालाई बताउने हाम्रो मार्गनिर्देशक सिद्धान्त पूरै इमानदारीपूर्वक लागू गरेका छौँ।' अभियानका क्रममा हजारौँको संख्यामा पार्टी प्रवेश गरेको पनि माओवादीले दाबी गरेको छ। उनीहरूलाई उचित जिम्मेवारी दिएर अगाडि बढ्ने निर्णय पनि माओवादीले गरेको छ। पर्यटन प्रवर्द्धनमा पनि अभियानले योगदान पुऱ्याएको माओवादीको समीक्षा छ।

■ टिआरसीबारे प्रधानमन्त्रीसँग प्रचण्डको चासो

प्रधानमन्त्री केपी ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबिच टिआरसी आयोग गठनको प्रगतिबारे छलफल भएको छ। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन प्रक्रियाको प्रगति र पीडित तथा सरोकारवालाले उठाएका विषयबारे दुई नेताबिच आइतबार सिंहदरबारमा छलफल भएको हो।

टिआरसी आयोगका प्रगति र सरोकारवालाको चासोका सम्बन्धमा छलफल भएको माओवादी उपमहासचिव वर्षमान पुनले जानकारी दिए। 'विपक्षी दलको नेताले टिआरसी आयोग गठन प्रक्रिया कहाँ पुग्यो भनेर प्रधानमन्त्रीसँग छलफल गर्नुभएको हो,' उनले भने। प्रचण्डको प्रश्नको जवाफमा ओलीले हालसम्मको प्रगतिबारे जानकारी दिएका छन्। उनले सर्ट कमिटीले काम गरिरहेको बताएका छन्। पुनले सकारात्मक रूपमै प्रक्रिया अगाडि बढेको बताएको बताए। 'टिआरसी आयोग गठन प्रक्रिया र पीडितका सवालबारे कुराकानी भयो। यो विषय सकारात्मक रूपमा अघि बढिरहेको पायौँ। अहिलेसम्मको प्रगतिबारे प्रधानमन्त्रीले जानकारी गराउनुभयो,' पुनले भने। द्वन्द्वपीडितले प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई छुट्टाछुट्टै भेटेर ध्यानाकर्षण गराएका छन्। माओवादी अध्यक्ष प्रचण्डलाई सोमबार भेटेर ध्यानाकर्षण गराउने तयारी द्वन्द्वपीडितको छ।

प्रधानमन्त्रीका विज्ञ सल्लाहकार अग्नि खरेलले अहिलेसम्मको प्रगतिबारे जानकारी गराएको बताए। 'टिआरसीबारे छलफल भएको हो। हालसम्मको प्रगतिबारे छलफल भयो,' उनले भने, 'सहमति-असहमतिका विषयमा छलफलभन्दा पनि हालसम्मको प्रगतिको जानकारी गरायौँ।' ओली र प्रचण्डबिचको छलफलको समन्वय खरेलले गरेका थिए।



■ प्रधानमन्त्री-द्वन्द्वपीडित दुई घण्टा छलफल

काठमाडौँ / द्वन्द्वपीडितले टिआरसीसम्बन्धी आयोगमा पदाधिकारी सिफारिस प्रक्रिया पारदर्शी र विश्वसनीय बनाउन प्रधानमन्त्री केपी ओलीको ध्यानाकर्षण गराएका छन्। प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार प्रधानमन्त्री ओलीलाई भेटेर देवी खड्कासहितका द्वन्द्वपीडितले ध्यानाकर्षण गराएका हुन्। प्रधामन्त्री ओली र द्वन्द्वपीडितबिच दुई घण्टा छलफल भएको छ। दलीय भागबन्डा नभई निष्पक्ष एवं पीडितले विश्वास गर्न सक्ने व्यक्तिलाई आयोगको अध्यक्ष र सदस्य हुनुपर्ने माग उनीहरूको छ। 'आयोग गठन पारदर्शी र विश्वसनीय होस् भनेर प्रधानमन्त्रीको ध्यानाकर्षण गरायौँ,' खड्काले भनिन्, 'पीडितले न्याय पाउनुपर्छ। समितिले पीडितसँग छलफल नै नगरी सर्ट लिस्ट सार्वजनिक गऱ्यो। सर्ट लिस्टमा फियर भएन। सेटिङमा जस्तो देखियो भन्ने हाम्रो आशंका राख्यौँ। त्यसले पार लगाउन सक्दैन कि भन्ने हाम्रो चासो हो।' आयोगका पदाधिकारी सिफारिसका लागि गठित समितिले आफ्नो काम गरिरहेको छ। समितिले आयोगका पदाधिकारीका लागि सर्ट लिस्ट प्रकाशन गरिसकेको छ। सर्ट लिस्टमा परेकासँग समितिले २६ वैशाखबाट अन्तर्वार्ता लिँदै छ। ओलीले आयोग पदाधिकारी गठन प्रक्रियामा विश्वास गर्न आग्रह गरेका छन्। राजनीतिक असमभझदारी कारण प्रक्रियामा ढिलाइ भएको पनि उनले स्विकारेका छन्। द्वन्द्वपीडितसँग ओलीले दुई घण्टा छलफल गरेका थिए। 'प्रधानमन्त्रीले दुई घण्टा कुरा गर्नुभयो। सहयोग गरेर जानुस् भन्नुभयो। एकचोटि पनि पीडितसँग छलफल नगरी सर्ट लिस्ट प्रकाशित गर्नु कमजोरी हो। राजनीतिक कारणले गर्दा केही समस्या पक्कै भएको छ भनेर प्रधानमन्त्रीले स्विकार्नुभयो,' खड्काले भनिन्।

जनताका सुझाव र गुनासा सम्बोधन गर्छौं



● **अग्नि सापकोटा**, उपाध्यक्ष एवं प्रवक्ता, माओवादी

अभियान बहुआयामिक सफलतासहित समापन भएको छ। हामीले जे लक्ष्य र उद्देश्य राखेका थियौँ, सोचेभन्दा बढी उपलब्धिमूलक भयो। यसले राष्ट्रिय एकता सुदृढ गरेको छ। यो अभियानले सबैका लागि सबैका लागि सकारात्मक चुनौती खडा गरेको छ। अध्ययन, अनुसन्धान, खोजका लागि एउटा आधार तयार पारेको छ। नेपाली समाजको आजको अध्ययनका लागि धेरै खजना प्राप्त भएका छन्। अभियानको दौरानमा नयाँ संस्कार, संस्कृति र सद्भावको प्रादुर्भाव भएको छ। नेपाली समाजवादको मार्गचित्रको एउटा खाका निर्माण भएको छ। आफैँभित्रको रूपान्तरणको शक्तिशाली भाव पैदा भएको छ। समाजवादी विचारधाराको विकासको प्रस्थान विन्दु बनेको छ। नेता-कार्यकर्तामा स्वच्छ प्रतिस्पर्धाको चेतना पैदा हुँदै गएको छ। माओवादीप्रति सकारात्मक राग जरासम्मै पैदा भएको छ।

जनताका सुझाव र गुनासा

अभियानका क्रममा माओवादीले जनताका गुनासा र सुझाव संकलन गरेको छ। सहिद परिवार, बेपत्ता परिवार र घाइतेको पीडा बुझ्ने प्रयास पनि माओवादीले गरेको थियो। जनताले व्यक्तिगत र सामूहिक पीडा सुनाउनुका साथै गुनासा र सुझाव दिएका छन्। अभियानका क्रममा जनताले जनजीविका, महँगी, विकास निर्माणदेखि सुशासनसम्मका विषय उठाएका छन्। कतिपय समूहले लिखित मागपत्र र ज्ञापनपत्र पनि बुझाएका थिए। मुख्यतः विगतको कमजोरी नदोहोऱ्याउन र ०८४ को निर्वाचनसम्म सरकारमा नजान सुझाव आएको माओवादीले जनाएको छ। 'हाम्रो भरोसा माओवादीप्रति नै छ। तर, माओवादीले हामीलाई बेवास्ता गऱ्यो। वर्गीय मुद्दा उठान गर्न सकेन। भेटघाट पातलो भयो। त्यो स्थिति नदोहोरियोस् भन्ने चाहन्छौँ भन्ने जनताका सुझाव थिए,' सापकोटाले भने।

■ एमालेले सरकारलाई भन्यो–

अघिल्लो सरकारको भद्रगोल सच्याएर बजेट ल्याउनू

काठमाडौँ / एमाले नेताहरूले माओवादी नेतृत्वको अघिल्लो सरकारले गरेको स्रोत व्यवस्थापनको भद्रगोल अवस्थालाई सच्याएर मात्र आगामी आर्थिक वर्षको बजेट ल्याउन सरकारलाई सुझाव दिएका छन्। पार्टी केन्द्रीय कार्यालय च्यासलमा आइतबार बसेको केन्द्रीय सचिवालय बैठकले सरकारलाई त्यस्तो सुझाव दिएको हो। अघिल्लो सरकारले करिब १८ हजार योजनामा खर्बौं दायित्व बाँकी रहने गरी बजेट विन्यास गरेको कमजोरी आगामी बजेटमा नदोहोऱ्याउन नेताहरूले सुझाव दिएका हुन्।



● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले

आजको अव्यवस्थालाई चिर्दै बजेट आओस्, संघ सरकारले राष्ट्रियस्तरका रणनीतिक कुराहरूमा मात्र फोकस गरोस्, बाँकी कुराहरू प्रदेश र स्थानीय तहलाई दिओस् भन्नेमा सबैले जोड दिनुभएको छ।

सरकारले ल्याएको नीति तथा कार्यक्रम, आगामी बजेट र समसामयिक राजनीतिक परिस्थितिबारे छलफल गर्न बैठक बसेको थियो। 'मूलतः नीति तथा कार्यक्रमले भनेजस्तै बजेट पनि ठोस र परिणाममुखी होस्। अघिल्लो सरकारले योजना छनोट, स्रोतको विन्यास र योजनाको प्राथमिकीकरणमा असाध्यै धेरै भद्रगोल काम गरेको थियो। जसले गर्दा संघ सरकारसँग अहिले झन्डै १८ हजार योजना छन् र खर्बौं रुपैयाँको दायित्व बाँकी रहने गरी स्रोत सुनिश्चितताका नाममा ठेक्कापट्टा लगाइएको अवस्था छ,' उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'यो अव्यवस्थालाई चिर्दै बजेट आओस्, संघ सरकारले राष्ट्रियस्तरका रणनीतिक कुरामा मात्र फोकस गरोस्, बाँकी कुराहरू प्रदेश र स्थानीय तहलाई दिओस् भन्नेमा सबैले जोड दिनुभएको छ।'

■ सरकार ढाल्ने खेल कमजोर बनेको निष्कर्ष

एमालेले वर्तमान सत्तासमीकरण परिवर्तन गरेर नयाँ सरकार बनाउने चलखेल अन्ततः कमजोर बन्दै गएको र मुलुक स्थायित्वकै बाटोमा अगाडि बढेको निष्कर्ष पनि निकालेको छ। 'बैठकले मुलुक राजनीतिक स्थायित्व र नीतिगत स्थिरताको बाटोमा अगाडि बढिरहेको र यो स्थिरतालाई खलबल्याउन विभिन्न पक्ष क्रियाशील भइरहे पनि उनीहरूको प्रयास अन्ततः कमजोर बनेर मुलुक राजनीतिक स्थिरताको बाटोमा बढेको निष्कर्ष निकालेको छ,' ज्ञवालीले भने। बैठकले आगामी निर्वाचनमा पार्टीलाई पहिलो शक्ति बनाउन सम्पूर्ण रूपमा एकताबद्ध बनाएर परिचालित गर्ने निर्णय पनि गरेको छ। बैठकले नीति तथा कार्यक्रम विगतको तुलनामा धेरै चुस्त, व्यवस्थित र दिशानिर्देशको हिसाबले पनि सही रहेको निष्कर्ष निकालेको छ। नेताहरूले बजेटलाई उत्पादन र उत्पादकत्वमा फोकस गर्न, कृषि उत्पादनका सघन पकेट क्षेत्रहरू निर्माण गर्ने र किसानलाई जमिन, प्रविधि बजार र बचतको समग्र इकोसिस्टमभित्र ढालेर उनीहरूको आम्दानी बढाउने तथा मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउने गरी बजेट ल्याउन सुझाव दिएका थिए।

त्यस्तै, नीति तथा कार्यक्रमले जेन्जी पुस्तालाई केन्द्रमा राखेकाले उनीहरूको सहभागिता र छलफलका आधारमा सूचना प्रविधिलाई विकासको एउटा महत्त्वपूर्ण उत्तोलकका रूपमा अगाडि बढाउन पनि नेताहरूले सुझाव दिएका छन्। अन्तर्राष्ट्रिय सहयोग कटौती भएको सन्दर्भलाई ध्यान दिँदै योजनाको प्राथमिकीकरण र स्रोत सुनिश्चिततामा ध्यान दिन पनि बैठकले सुझाव दिएको छ। 'बदलिँदो भूराजनीतिले गर्दा कतिपय अन्तर्राष्ट्रिय सहयोग कटौती भएको छ। ठेक्का लागेकै पनि कतिपय योजनामा दाताहरूले हात झिक्दा स्रोतको ठुलो ग्याप सिर्जना भएर सरकारको काँधमा ठुलो दायित्व थपिनेजस्तो देखिन्छ, त्यो कुरालाई समेत ध्यानमा राखेर योजनाको प्राथमिकीकरण गर्न सरकारलाई सुझाव दिइएको छ,' ज्ञवालीले भने।


संक्षेप

भेरी अस्पतालमा जलन वार्ड सञ्चालन



बाँके / नेपालगन्जस्थित भेरी अस्पतालले जलन वार्ड र सर्जिकल विङ्स सञ्चालनमा ल्याएको छ। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आइतबार उद्घाटन गरेपछि वार्ड औपचारिक रूपमा सञ्चालनमा आएको हो। मन्त्री पौडेलले लुम्बिनी प्रदेशमा पहिलोपटक भेरी अस्पतालमा जलन र विङ्स वार्ड सञ्चालनमा आएको बताए। उनले जलन वार्ड सञ्चालनमा आएसँगै अग्निपीडित बिरामीलाई उपचारका लागि काठमाडौँ जानुपर्ने बाध्यता अन्त्य भएको बताए। अस्पतालको नयाँ भवनमा ६ शय्याको जलन वार्ड र १४ शय्याको सर्जिकल विङ्स सञ्चालनमा ल्याएको छ।

जन्ममितिकै आधारमा बुद्धजयन्ती मनाउनुपर्छ : शाक्य



काठमाडौँ / राष्ट्रिय सभा सदस्य डा. अञ्जान शाक्यले बुद्धको जन्ममितिकै आधारमा 'बुद्धजयन्ती' मनाउनुपर्ने बताएकी छिन्। 'कसैले बुद्धको जन्ममिति इ.पू. ६२३ लाई लिएर आगामी २९ वैशाखमा २६४९औँ बुद्धजयन्ती मनाउने गर्दछन्,' आइतबार राष्ट्रिय सभामा उनले भनिन्, 'कसैले गौतम बुद्ध महापरिनिर्वाण भएको दिनको मितिलाई लिएर २९ वैशाखमै २५६९औँ बुद्धजयन्ती मनाउँदै छन्। २५६९ भनेको बुद्ध संवत् हो। बुद्ध महापरिनिर्वाण भएको मितिलाई आधार मानेर उक्त दिनदेखि बुद्ध संवत् प्रारम्भ भएको हो। वैशाख पूर्णिमाका दिन अर्थात् २९ वैशाखमा बुद्ध संवत्को नयाँ वर्ष २५६९ प्रारम्भ हुन्छ।' उनले यी दुई तथ्य प्रस्तुत गर्दै बुद्ध संवत् भनेको गौतम बुद्धको जन्ममिति नभएको दाबी गरिन्। यसरी बुद्ध जन्मेको देशमै बुद्धको जन्ममितिलाई आधार नमानी फरक-फरक रूपमा बुद्धजयन्ती मनाउने गर्नु नेपालका लागि विडम्बना भएको उनले बताइन्। शाक्यले तथ्यहरू प्रस्तुत गर्दै यसपालिको बुद्धजयन्तीलाई २६४९औँ बुद्ध जयन्ती भनेर मनाउनुपर्ने भन्दै सरकारको ध्यानाकर्षण गराइन्।

श्रीमती मार्न सुपारी लिएकाबाटै मारिए कँडेल

धादिङ / धादिङको गजुरी गाउँपालिका- २ डुँडेठाँटीका ६० वर्षीय चूडामणि कँडेल गत २७ चैतमा आफ्नै घरमा मृत भेटिएका थिए। दुईतले घरको भुइँतलाको कोठाभित्र रहेको बाथरुमभित्र उनको शव भेटिएको थियो। घाँटीमा डोरी कसिएको अवस्थामा भुइँमै कँडेलको शव फेला परेपछि अनुसन्धान थालेको प्रहरीले तीनजनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ। कँडेलको हत्या अभियोगमा मकवानपुरको राक्सीराङ गाउँपालिका- ९ का ३६ वर्षीय अक्कलबहादुर प्रजा, २५ वर्षीय पृथलाल थिङ र २७ वर्षीय सञ्चलाल मोक्तान पक्राउ परेको धादिङका प्रहरी नायब उपरीक्षक सुवास हमालले बताए। 'प्रजालाई ३ वैशाखमा डुँडेठाँटीबाट, थिङ र मोक्तानलाई १६ वैशाखमा मनहरी गाउँपालिका- ७ बाट पक्राउ गरिएको हो। तीनैजनामाथि ज्यानसम्बन्धी कसुरमा धादिङ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ,' उनले भने। प्रहरीका अनुसार मृतक कँडेलकी श्रीमती सुस्मिता सिलवालसँग बोलचाल नै बन्द हुने गरी सम्बन्ध बिग्रिएको थियो। 'कँडेलले आफ्नै श्रीमती मार्ने योजना बनाएर अक्कलबहादुर प्रजालाई चार लाख रुपैयाँ 'सुपारी' दिए। प्रजाले पृथलाल थिङ र सञ्चलाल मोक्तानलाई पनि साथ लिएका रहेछन्,' प्रहरी नायब उपरीक्षक हमालले भने, 'सुस्मितालाई मार्ने धेरैपटक प्रयास गरे। तर सकेनन्। पहिलेको योजना विफल भएपछि कँडेललाई नै मार्ने योजना बनाए।'

स्रोत नखुलेको ९५ लाखसहित चारजना पक्राउ

काठमाडौँ / प्रहरीले गौशालास्थित पिंगलास्थानबाट स्रोत नखुलेको ९५ लाख रुपैयाँसहित चारजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तारकेश्वर नगरपालिका- ३ फेदीका २९ वर्षीय समुद्र जमकट्टेल, सप्तरीको सप्तकोशी नगरपालिका- १ का ४३ वर्षीय गणेश राई र लमजुङको दोर्दी गाउँपालिका- ३ का ३१ वर्षीय सन्तोष गुरुङ र ३९ वर्षीय सन्तोष घिमिरे छन्। जिल्ला प्रहरी परिसर काठमाडौँबाट खटिएका प्रहरी टोलीले उनीहरूलाई आइतबार साँझ पक्राउ गरेको हो। उनीहरूको साथबाट प्रहरीले स्रोत नखुलेको ९५ हजार १७ हजार पाँच सय रुपैयाँ बरामद गरेको काठमाडौँ परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले बताए।

आवासीय चिकित्सकहरू आन्दोलनमै

केही निजी मेडिकल कलेजले दिन थाले निर्वाह भत्ता, केहीमा प्रवेशमै रोक

शिवहरि घिमिरे / नयाँ पत्रिका

स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघबिच शनिबार निजी मेडिकल कलेजका आवासीय चिकित्सकको आन्दोलन रोक्ने गरी सहमति भए पनि उनीहरू सडकमै छन्। उनीहरूले स्वास्थ्य सेवाअन्तर्गत आठौँ तहबराबरको निर्वाह भत्ता र अन्य माग कार्यान्वयन नभएसम्म आन्दोलन नरोक्ने चेतावनी दिएका छन्।

आइतबार बिहान ११ बजे आवासीय चिकित्सकहरू माइतीघर क्षेत्रमा आन्दोलनमा उपस्थित थिए। सोमबार पनि निरन्तर आन्दोलनका जारी रहेको र सेवा बहिष्कार गरेको स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थलका संयोजक डा. शेषराज घिमिरेले बताए। 'चिकित्सक संघ र स्वास्थ्य मन्त्रालयले सम्झौता गरे पनि हामी आन्दोलनमै छौँ,' उनले भने, 'हाम्रो माग अझै कार्यान्वयन भएका छैनन्, निजी मेडिकल कलेजले दिनुपर्ने, निर्णय र वाचा गरेको निर्वाह भत्ता दिएका छैनन्, जुन दिनसम्म हाम्रो खातामा निर्वाह भत्ता आउँदैन र अन्य माग पूरा हुँदैनन् तबसम्म आन्दोलन जारी छ।'

चिकित्सा शिक्षा आयोगले बढाएको निर्वाह भत्ताको



डा. शेषराज घिमिरे, संयोजक, सुरक्षित कार्यस्थल

चिकित्सक संघ र स्वास्थ्य मन्त्रालयले सम्झौता गरे पनि हामी आन्दोलनमै छौँ। हाम्रो माग अझै कार्यान्वयन भएका छैनन्, निजी मेडिकल कलेजले दिनुपर्ने, निर्णय र वाचा गरेको निर्वाह भत्ता दिएका छैनन्, जुन दिनसम्म हाम्रो खातामा निर्वाह भत्ता आउँदैन, तबसम्म आन्दोलन जारी छ।

माग गर्दै निजी मेडिकल कलेजका आवासीय चिकित्सकहरू सडकमा उत्रिएको एक महिनाभन्दा बढी भइसकेको छ। उनीहरूको आन्दोलन रोक्न स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघबिच चारबुँदे सहमति भए पनि चिकित्कहरूले बहिष्कार गरेका छन्। शनिबार स्वास्थ्यमन्त्री प्रदीप पौडेल, नेपाल चिकित्सक संघका पदाधिकारीको उपस्थितिमा संघका महासचिव सञ्जीव तिवारी र स्वास्थ्य मन्त्रालयका डा. भीमप्रसाद सापकोटाले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए।

कतिपय आवासीय चिकित्सकहरूले त्यतिवेलै आपत्ति जनाएका थिए। निजी मेडिकल कलेजहरूले यसअघिका निर्णय कार्यान्वयन नगरेको भन्दै उनीहरूले आपत्ति जनाएका थिए। 'अवस्था पहिले र अहिलेको केही फरक छैन, पहिले बरु निर्णय भएको थिएन, आस कम थियो। तर, अब त निर्णय भएको तीन महिना बितिसक्यो,' एक आवासीय चिकित्सकले भने, 'सरकारले निजी मेडिकल कलेजलाई यति धेरै मानसम्मान दिनुको कारण के हो बुझिएन, हामीले लाखौँ शुल्क तिरेर पढेका छौँ, तर उनीहरूले सरकारले नै गरेको निर्णय नमान्दा सरकार निरीह बनेको छ।'

शनिबार भएको सहमतिमा आयोगको २५ माघमा बसेको १६औँ बैठकको निर्णयबमोजिम सम्पूर्ण आवासीय चिकित्सकहरूलाई सार्वजनिक मेडिकल कलेजले (स्वास्थ्य सेवाको आठौँ तह)सरह निर्वाह भत्ता तत्काल उपलब्ध गराउन मन्त्रालयले निजी मेडिकल कलेजलाई निर्देशन दिने, आवासीय चिकित्सकहरूको बिदा, ड्युटी आवर, अतिरिक्त सुविधालगायतका विषयमा स्वास्थ्य मन्त्रालयले कार्यदल गठन गरी १५ कार्य दिनभित्र प्रतिवेदन पेस गर्ने, आयोगको १८औँ बैठकको निर्णयअनुसार सबै विद्यार्थीले एकीकृत रूपमा म्याचिङ तथा भर्ना हुन पाउने व्यवस्था मिलाउनेलगायत छन्। तर, यसको कार्यान्वयन कहिले हुने हो ग्यारेन्टी छैन।

मिश्रविरुद्ध छैटौँपटक पनि म्याद थप

काठमाडौँ / राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रसहित २५ अभियुक्तविरुद्ध पुनः पाँच दिनको म्याद थप भएको छ। जिल्ला अदालत काठमाडौँले आइतबार उनीहरूविरुद्ध पाँच दिन म्याद थप गरेको हो। मिश्रसहितका अभियुक्तविरुद्ध यसअघि १४ वैशाखमा सात दिन म्याद थप भएको थियो। प्रतिशोधपूर्ण ढंगले हिरासत लम्ब्याउन खोजेको भन्दै सरकारको चौतर्फी विरोध भएको थियो। तर, अदालतले उनीसहित २५ अभियुक्तविरुद्ध छैटौँपटक पनि पाँच दिन म्याद थप गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी अपिलराज बोहराले मिश्रसहितका २५ अभियुक्तविरुद्ध पाँच दिन म्याद थप भएको बताए। अदालतले उनीसहित २५ जना अभियुक्तविरुद्ध छैटौँपटक पनि पाँच दिनको म्याद थप गरेको छ। उनले भने, 'मिश्रसहितका अभियुक्तविरुद्ध पाँच दिनको म्याद थप भएको छ। घटनामा आवश्यक अनुसन्धान भइरहेको छ।' मिश्र ४० दिनदेखि काठमाडौँ परिसरको हिरासतमा छन्। उनीविरुद्ध राज्यविरुद्धको कसुर तथा संगठित अपराध कसुरमा अनुसन्धान भइरहेको छ। उनलाई गत १५ चैतमा तीनकुनेमा भएको आगजनी तथा तोडफोड घटनाका मुख्य अभियुक्त बनाइएको छ। उनी घटनाकै दिन अर्थात् १५ चैत साँझ पक्राउ परेका थिए।

नेपाल प्रहरीमा पनि सुरु भयो स्टाफ कलेज

भविष्यमा सक्षम र नैतिकवान् प्रहरी नेतृत्वका लागि महत्त्वपूर्ण यात्राको सुरुवात

नयाँ पत्रिका

नेपाल प्रहरीमा पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स (स्टाफ कलेज) सुरु भएको छ। गृहमन्त्री रमेश लेखकले कोर्सको उद्घाटन आइतबार गरेका हुन्। स्टाफ कलेज गरेका प्रहरी अधिकृतलाई मात्र नेतृत्व तहमा लैजाने उद्देश्यले कोर्स सुरु गरिएको हो। नेपाली सेना र सशस्त्र प्रहरी बलमा पहिलेदेखि नै यो कोर्स लागू भइसकेको छ।

संसद्मा विचाराधीन प्रहरी ऐनको विधेयकमा स्टाफ कलेज नगर्ने अधिकृतलाई एसएसपीभन्दा माथिल्लो तहमा बढुवा नगरिने उल्लेख छ। यसले क्षमतावान् व्यक्ति मात्र प्रहरी नेतृत्वमा पुग्ने भएकाले स्टाफ कलेजलाई नेपाल प्रहरीमा कोसेढुंगाका रूपमा लिइएको छ।

कोर्सको उद्घाटन गर्दै गृहमन्त्री लेखकले नेपाल प्रहरीका लागि ऐतिहासिक दिन भएको बताए। 'यो कोर्स नेपाल प्रहरीलाई उत्कृष्ट संगठन बनाउन सहयोगसिद्ध हुनेछ भन्ने विश्वास लिएको छु,' उनले भने, 'सफल नेतृत्व चयनका लागि यसले सकारात्मक परिवर्तन ल्याउनेछ।'

कार्यक्रममा प्रहरी महानिरीक्षक दीपक थापाले नेपाल प्रहरीले विशेष गरी आर्टिफिसिएल इन्टिलिजेन्स र उन्नत प्रविधिबाट प्रभावित चुनौतीको सामना गरिरहेको उल्लेख गरे। उनले यस्ता चुनौतीको सामना गर्न सक्षम एवं भावी नेतृत्व तयार गर्ने कोर्स तयार गरिएको बताए। भविष्यमा सक्षम र नैतिकवान् प्रहरी नेतृत्वका लागि महत्त्वपूर्ण यात्राको सुरुवात भएको उनको भनाइ छ।



नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक एआइजी सुदीप गिरीले धेरै वर्षको प्रयासपछि यो कोर्स कार्यान्वयनमा गएको र यसले प्रहरीको नेतृत्व विकास र आधुनिक पुलिसिङका लागि महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे।

■ १७ जना मात्र उत्तीर्ण

प्रहरीको स्टाफ कलेजको पहिलो ब्याचमा १७ जना प्रहरी अधिकृत मात्र उत्तीर्ण भएका छन्। चैत ०७० मा भर्ना भएका प्रहरी निरीक्षक आधारभूत तालिमको १५८ तथा पिजी सातौँ ब्याचबाट स्टाफ कलेज लागू गर्ने निर्णय प्रहरीले गरेको थियो। सो ब्याचका १३१ जना प्रवेश परीक्षामा सहभागी भएकोमा १७ जना मात्र उत्तीर्ण भएका हुन्। त्रिभुवन विश्वविद्यालयले प्रवेश परीक्षा लिएको थियो। गत ११ पुसमा बसेको पुलिस लिडरसिप एन्ड स्टाफ कलेजको व्यवस्थापन समितिको बैठकले पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स कार्यप्रणाली, २०८१ र पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स प्रवेश परीक्षा कार्यादेश, २०८१ स्वीकृत गरेको थियो। कोर्स १४ महिनाको हुनेछ। त्यसमध्ये १२ महिना आवासीय र दुई महिना थेसिसका लागि छुट्याइएको छ। एक ब्याचका अधिकृतले बढीमा तीनपटकसम्म प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन्।

यो कोर्सप्रति कतिपय प्रहरी अधिकारी असन्तुष्ट छन्। २० जना प्रहरी अधिकृतले कानुनमा नभएको कोर्स सुरु गर्न लागिएको भन्दै सर्वोच्चमा रिट दायर गरेका थिए। तर, सर्वोच्चले वृत्ति विकासमा समेट्ने वेला ऐनमा समावेश गरेर कोर्स अघि बढाउन आदेश दिएको थियो। प्रहरीमा २० वर्षदेखि नै स्टाफ कलेज लागू गर्नेबारे छलफल हुँदै आएको थियो। ०७५ देखि त बजेट नै विनियोजन हुँदै आएकोमा प्रहरी नेतृत्वको अनिच्छाका कारण सुरु हुन सकेको थिएन। निवर्तमान प्रहरी महानिरीक्षक वसन्त कुँवरले यसलाई अघि बढाउने पहल गरेका थिए।

■ मुख्य नाकामा कुकुरसहितको विशेष चेकजाँच टोली

काठमाडौँ / सशस्त्र प्रहरीले भारतसँगको मुख्य सीमानाकामा तालिमप्राप्त कुकुरसहित विशेष चेकजाँच टोली खटाएको छ। झापाको काँकडभिट्टा, पर्साको वीरगन्ज र रुपन्देहीको बेलहिया नाकामा विशेष टोली परिचालन गरिएको हो। पछिल्लो समय भारत र पाकिस्तानबिच बढेको तनावपछि भारतसँगको सीमामा कडाइ गर्न थालिएको स्रोत बताउँछ। अवैध घुसपैठ रोक्न सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रमा थप सक्रियता बढाइएको सशस्त्रले जनाएको छ। २४सै घण्टा सीमा गस्ती गर्ने र सिमाना भएर आवतजावत गर्नेको अभिलेखीकरण गर्ने कार्यसमेत कडाइका साथ थालिएको सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए।

सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन तथा हुन सक्ने अवैध आवतजावतलाई रोक्न सीमा इलाकाका स्थानीय निकायका प्रमुखसँग पनि सशस्त्र प्रहरीले भेटघाट, छलफल तथा अन्तर्क्रिया गर्ने कार्यलाई समेत तीव्रता दिएको छ। सीमामा आवतजावत गर्नेसँग आवश्यकताअनुसार कागजपत्र जाँच गर्ने र सोधपुछ पनि कडाइ गरिएको छ। हालै बाहिनीपतिको जिम्मेवारीप्राप्त गरेका सशस्त्र प्रहरी नायब महानिरीक्षकलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सीमा क्षेत्रमा उच्च निगरानी बढाउन निर्देशन दिएका थिए। सोहीअनुसार सीमा जोडिएका बाहिनी मुख्यालयले समेत यसलाई उच्च प्राथमिकतामा राखी सबै जिल्लामा सूक्ष्म रूपमा खबर संकलन तथा अप्रेसनल कार्य थालेका छन्। सीमा क्षेत्रमा २४सै घण्टा रहने गरी सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सञ्चालित लामो दूरीको पट्रोललाई निरन्तरता दिइएको छ।

वैश्विक द्वन्द्वको कुशल मध्यस्थकर्ता कतार

कतारले विगत दुई दशकदेखि आफूलाई विश्वव्यापी द्वन्द्वको मध्यस्थकर्ताका रूपमा स्थापित गर्दै सबैखाले द्वन्द्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ



● नरेन्द्र थापा

अग्रलेख

कुनै पनि राष्ट्रले जब आर्थिक, सामरिक र वैज्ञानिक क्षेत्रमा अभूतपूर्व सफलता हासिल गर्छ, उसको वैश्विक महत्त्वाकांक्षा पनि चुलिँदै जान्छ। यसको ज्वलन्त उदाहरण खाडीको सानो देश कतार हो, जसले आफ्नो कूटनीतिक सामर्थ्यको भरपूर व्यावहारिक प्रयोग गरेर आफूलाई विश्व रंगमञ्चमा वैश्विक द्वन्द्वको एक कुशल मध्यस्थकर्ताका रूपमा स्थापित गर्दै आएको छ।

कतार १९औँ शताब्दीमा ओट्टोमन साम्राज्यको प्रभाव क्षेत्रमा पर्थ्यो। सन् १९१६ यता बेलायतको संरक्षण क्षेत्रमा समाविष्ट कतारले सन् १९७१ मा पूर्ण स्वतन्त्रता प्राप्त गर्‍यो। तत्पश्चात् तेल र प्राकृतिक ग्यासको उत्पादन तथा निर्यात र सेवाक्षेत्रको विस्तारका कारण विश्वका धनी राष्ट्रमा सूचीकृत हुन पुग्यो। खासगरी, कूटनीतिक क्षेत्रमा कतारले उल्लेखनीय प्रगति गरेको छ। कतारले विगत दुई दशकदेखि आफूलाई विश्वव्यापी द्वन्द्वको मध्यस्थकर्ताका रूपमा स्थापित गर्दै सबैखाले द्वन्द्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। आज कतार द्वन्द्व समाधानको वैश्विक राजधानी बनेको छ।


कतारको मध्यस्थतामा सन् २०२५ को जनवरीमा इजरायल र हमासबिच अस्थायी युद्धविराम सम्भव भयो। युद्धविरामपछि केही युद्धबन्दीको आदानप्रदान पनि भयो। यो द्वन्द्व सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि हमासको समुद्री, जमिन र हवाई आक्रमणपश्चात् सुरु भएको हो। यो द्वन्द्व हालसम्म चलिरहेको छ र कतारले पनि निरन्तर युद्धविरामको कूटनीतिक प्रयास जारी राखेको छ। सोही द्वन्द्वमा हमासले बन्दी बनाएका नेपाली विद्यार्थी कञ्चनपुरका विपिन जोशीको रिहाइका निम्ति नेपालले पनि बारम्बार मध्यस्थता गरिदिन कतारलाई गुहार्दै आएको छ। सन् २०२० को फेब्रुअरीमा अमेरीका र तालिबानबिच सम्झौतापछि १८ वर्षदेखि चलिरहेको युद्धको अन्त्य र अमेरिकी सेनाको अफगानिस्तानबाट फिर्ती सम्भव भयो जसमा कतारकै मध्यस्थताको भूमिका प्रमुख रह्‍यो। सन् २०१० मा कतारकै मध्यस्थताका कारण यमनका हुथी विद्रोही र सरकारबिच सम्झौता भयो, दुर्भाग्यवश त्यो दिगो भने हुन सकेन। रुवान्डाले कंगोको चरमपन्थी गुट एम २३ लाई समर्थन गरेपछि सन् २०२२ को मार्चयता चर्किएको कंगो र रुवान्डाबिचको द्वन्द्वमा पनि कतारले पटकपटक वार्ता आयोजना गर्दै आएको छ। साथै, सन् २०२२ को फेब्रुअरीदेखि चर्किएको रुस-युक्रेन युद्धका दौरान सन् २०२४ को जुनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसले जबर्जस्ती बन्धक बनाएका बालबालिकाको फिर्तीका निम्ति कतारले खेलेको भूमिकाको तारिफ गर्दै कतारप्रति कृतज्ञता व्यक्त गरेका थिए।

द्वन्द्वमा संलग्न पक्षहरूको प्राथमिकतामा कतार नै किन ?

ऊर्जा क्षेत्रको खेलाडी : ५० वर्षअगाडि उत्तरी कतारको विशाल उपतटीय क्षेत्रमा प्राकृतिक ग्यासको भण्डार फेला परेयता कतारको ग्यास भण्डार दश गुणाले वृद्धि भएको छ। हाल रुस र इरानपछि प्राकृतिक ग्यासको सबैभन्दा धेरै भण्डार भएको देश हो कतार। 'लिक्युडिफाइड नेचुरल ग्यास' (एलएनजी) अर्थात् तरल प्राकृतिक ग्यासको तेस्रो ठुलो निर्यात पनि हो कतार। विशेषगरी, वैश्विक द्वन्द्वको दौरान कतारले मौका छोपी आफ्नो प्राकृतिक ग्यास निर्यातको दर बढाउँछ। पहिले युरोपको ४० प्रतिशत प्राकृतिक ग्यासको आपूर्ति गर्ने रुसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण गरेपछि युरोपियन युनियनले रुसमाथि ग्यास निर्यातमा प्रतिबन्ध लगायो। त्यसबखत युरोपको प्राकृतिक ग्यासको आपूर्ति कतारले पूरा गर्‍यो। सन् २०२२ यता कतारको राष्ट्रिय ऊर्जा कम्पनी 'कतार एनर्जी'ले जर्मनी, नेदरल्यान्ड्स, फ्रान्स र इटालीसँग शृंखलाबद्ध ऊर्जा सम्झौता गरेको छ। त्यसैगरी, सबैभन्दा धेरै तेल भण्डार भएका राष्ट्रमध्ये १३औँ स्थानमा रहेको कतारको जापान, दक्षिण कोरिया, भारत, चीन र बेलायत मुख्य तेल निर्यात गन्तव्य हुन्। उदीयमान र शक्तिसम्पन्न राष्ट्रहरूसँगको ऊर्जा सम्बन्धले कतारलाई भूराजनीतिक शक्ति तथा कूटनीतिक लाभ प्रदान गरेको छ।

अमेरिकाको रणनीतिक साझेदार : सन् १९९१ को खाडी युद्धमा अमेरिकालाई विशेष समर्थन गरेपछि कतारको अमेरिकासँगको रणनीतिक निकटता बढ्दै गयो। फलतः कतार र अमेरिकाले सन् १९९२ मा रक्षा सहयोग सम्झौतामा हस्ताक्षर गरे। सो सम्झौतामा दोहाको दक्षिण-पश्चिममा रहेको अल-उदिद हवाई शिविरमा अमेरिकी सेनाको प्रयोग पनि समावेश थियो। जसमा आज दश हजार अमेरिकी सेना तैनाथ छन् र यो मध्यपूर्वमा अमेरिकी सेनाको सबैभन्दा ठुलो हवाई शिविर हो। यसले मध्यपूर्वमा अमेरिकाको सामरिक रणनीति कार्यान्वयन गर्नुका साथै दोहालाई पनि भरपर्दो सुरक्षा अनुभूति प्रदान गर्छ। त्यसैले, अमेरिकासँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्ने द्वन्द्वमा संलग्न पक्षहरूको भरपर्दो कूटनीतिक माध्यम कतार बनेको छ।

सबैसँग मित्रता र तथस्टताको नीति : कतारले धेरै देश, गुट तथा संगठनसँग सम्बन्ध स्थापित गरी आफ्नो वैश्विक नेटवर्क विस्तार गर्ने नीति अंगीकार गर्दै आएको छ। कतार इजरायलसँग कूटनीतिक सम्बन्ध गाँस्ने पहिलो अरब राष्ट्र हो। साथै, कतारले इजरायलको प्रतिद्वन्द्वी हमासलाई आर्थिक सहायता र हमासका मुख्य नेतालाई राजनीतिक शरण पनि दिँदै आएको छ। कतार रुसको ऊर्जा तथा वित्तीय साझेदार देश हो। उसले युक्रेनमाथि रुसी आक्रमणको निन्दा गर्ने प्रमुख संयुक्त राष्ट्रसंघीय प्रस्तावका पक्षमा मत दान गरी यक्रेनको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको समर्थन पनि गर्दै आएको छ। अमेरिकालगायत पश्चिमा राष्ट्रहरू



जर्मनी, फ्रान्स, इटालीका साथै क्षेत्रीय शक्तिहरू चीन, जापान, भारत, ब्राजिल, दक्षिण अफ्रिका र इरानसँग पनि कतारको सौहार्दपूर्ण कूटनीतिक सम्बन्ध रहेको छ। साथै, कतारले चरमपन्थी गुट र संगठनसँग पनि घनिष्ठ सम्बन्ध राख्दै आएको छ। तालिबान, हमास, अल-कायदा, आइएसआइएस, हिजबुल्लाह र मुस्लिम ब्रदरहुडजस्ता चरमपन्थी संगठनको दोहामा राजनीतिक कार्यालय छन् र यस्ता गुट र संगठनका नेतालाई कतारले राजनीतिक शरण र वित्तीय सहायता प्रदान गर्दै आएको छ। विदेशी राष्ट्रका प्रबुद्ध व्यक्ति तथा प्रभावशाली अधिकारीसँगको सम्बन्ध पनि कतारको विदेश नीतिअन्तर्गत नै पर्छ। कतारमाथि अमेरिकी सिनेटर रोबर्ट मेनेनडेज, रिपब्लिकन सल्लाहकार बेरी बेनेट र डो वाट्स तथा युरोपियन संसद्की उपाध्यक्ष इवा केलीलाई घुस दिएको आरोप छ। सबैसँग दोस्ती गाँस्दा कतारलाई कहिलेकाहीँ 'ब्याकफायर' पनि भएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बेलाबखत हमासलाई गुप्त रूपमा आर्थिक सहायता प्रदान गर्दै आएको आरोप कतारमाथि लगाउने गरेका छन्। यद्यपि, कतारले यस्ता आरोपको खण्डन गर्दै आएको छ।

लचिलो कूटनीति : कतारले आफ्नो विदेशनीति कार्यान्वयन गर्दा लचिलो कूटनीति अपनाउँदै आएको छ। सन् २०१७ को जुनमा अरब लिगका प्रमुख चार देश साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, बहराइन र इजिप्टले कतारमाथि आन्तरिक मामिलामा हस्तक्षेप, आतंकवादी र चरमपन्थी संगठनलाई समर्थन र इरानसँग घनिष्ठ सम्बन्ध बनाएको जस्ता विभिन्न आरोप लगाउँदै कडा आर्थिक नाकाबन्दी लगाई कतारी नागरिकलाई आफ्नो देशबाट निर्वासित गरे। तर, कतारले ती आरोपको खण्डन गर्दै त्यसलाई आत्मनिर्भर र स्वतन्त्र बन्ने अवसरका रूपमा लिँदै सबै बैरभाव त्यागेर सन् २०२१ मा अल-उला घोषणापत्रमा हस्ताक्षर गर्दै ती देशसँग पुनः कूटनीतिक सम्बन्ध स्थापना गर्‍यो। सन् २०२४ को फेब्रुअरीमा कतारले सातजना भूतपूर्व भारतीय नौ सैनिक अधिकारीलाई भारतसामु सुम्पियो। उनीहरूमाथि इजरायली गुप्तचर निकायलाई संवेदनशील पन्डुब्बीसम्बन्धी जानकारी दिएको आरोपमा गिरफ्तार गरी त्यहाँको प्रारम्भिक अदालतले मृत्युदण्डको सजाय तोकेको थियो। तर, भारतीय विदेश मन्त्रालयको निरन्तरको कूटनीतिक प्रयास र प्रधानमन्त्री नरेन्द्र मोदीको व्यक्तिगत पहलका कारण कतार त्यस्तो निर्णयमा पुगेको थियो। पछि भारतीय विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै निर्णयको कदर गर्दै कतारी अमिरलाई धन्यवाद ज्ञापन गरेको थियो। यसरी कतारले लचिलो कूटनीति अपनाई आफ्नो 'सफ्ट पावर' (बल प्रयोग नगरी प्रभाव पार्न सक्ने कूटनीतिक क्षमता) विस्तार गरेको छ।

> विश्वसामु भरपर्दो, विश्वसनीय र तटस्थ मध्यस्थकर्ता बनेको कतारलाई चार लाखभन्दा बढी अर्धदक्ष र अदक्ष मानव संसाधन उपलब्ध गराउँदै आएको नेपालले कतारको उच्च कूटनीतिक कौशलबाट अपेक्षित लाभ लिन नसक्नु विडम्बना हो।

आर्थिक रणनीतिक दाउ : कतार तेल तथा ग्यास निर्यातमाथि आफ्नो निर्भरता घटाउँदै अर्थतन्त्रका अन्य आयाम, जस्तै सेवाक्षेत्र, पर्यटन, वैज्ञानिक अनुसन्धान, वित्तीय सेवा, सूचना प्रविधि, फिनटेक, पूर्वाधार विकास, कृषि तथा खाद्यसुरक्षा, निजी क्षेत्रको विकास इत्यादि क्षेत्रलाई विकसित गर्दै आर्थिक विविधीकरण र विस्तार गर्न चाहन्छ, त्यसका निम्ति शान्ति-सम्झौताको मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै शान्तिको संवाहक बनी विदेशी लगानीकर्तालाई आकर्षित गर्ने रणनीति लिएको छ।

अल-जजिरा मिडिया नेटवर्क : बिबिसीमा प्रशिक्षित पत्रकारहरू जो अल-जजिरामा सामेल भए उनीहरूले बेलायती पत्रकारिताका मूल्यमान्यता विशेषगरी सम्पादकीय स्वतन्त्रता, निष्पक्षता, तथ्यमा आधारित रिपोर्टिङ र व्यावसायिक प्रसारणका मापदण्ड अल-जजिरामा लागू गरे। कतार सरकारले सुरुवाती चरणमा नेटवर्क विस्तारका निम्ति डेढ सय मिलियन अमेरिकी डलर आर्थिक सहायता प्रदान गर्‍यो। कतार सरकारको पक्षपाती भएको आरोप लाग्ने गरे पनि सम्पादकीय स्वायत्तता अडिग रहेकै कारण आज विश्वभर अनुमानित ३५ करोडभन्दा बढी घरधुरीमा जजिरा नेटवर्कको पहुँच पुगेको छ। सन् २०१७ को कतारमाथिको आर्थिक नाकाबन्दीको समयमा नाकाबन्दी पक्षधर राष्ट्रहरूले जजिराले क्षेत्रीय अस्थिरता बढाएको भन्दै यसको प्रसारण बन्द गर्न विशेष माग राखेका थिए, तर कतारले त्यस्तो गरेन। कतार नजोडिएको मुद्दामा जजिराले एकदमै सूक्ष्म र सन्तुलित समाचार सम्प्रेषण गर्दै आएको छ। अति विशाल नेटवर्क भएको जजिराले कतारको विदेशनीतिका एजेन्डा प्रसारित गर्दै आएको छ। मध्यपूर्वको एक मात्र विश्वसनीय समाचार संस्थाको छवि बनाउन सफल जजिराले द्वन्द्वका दौरान कतारले आयोजना गर्ने वार्ता र मध्यस्थताका विषयलाई उच्च प्राथमिकतामा राखी विशेष 'कभरेज' दिने गरेको छ।

संवैधानिक प्रावधान : कतारले अपनाएको सन् २००४ को संविधानले वैश्विक द्वन्द्वमा मध्यस्थकर्ताको भूमिकालाई महत्त्व दिएको छ। सो संविधानको धारा ६ मा 'राज्यले अन्तर्राष्ट्रिय बडापत्र र महासन्धिहरूको सम्मान गर्नेछ र शान्तिपूर्ण माध्यमबाट अन्तर्राष्ट्रिय विवाद समाधान गर्न प्रयास गर्नेछ' भनी स्पष्ट किटान गरिएको छ।

समग्रमा, उल्लिखित कारणले कतारलाई विश्वसामु भरपर्दो, विश्वसनीय तटस्थ मध्यस्थकर्ताको स्थानमा उभ्याएको छ। तर, कतारलाई चार लाखभन्दा बढी अर्धकौशल र कम दक्ष मानव संसाधन (जुन त्यहाँको जनसंख्याभन्दा बढी हो) उपलब्ध गराउँदै आएको नेपालले कतारको उच्च कूटनीतिक कौशलबाट अपेक्षित लाभ लिन नसक्नु विडम्बना हो। इजरायल-हमास द्वन्द्वमा बन्दी बनाइएका बिपिन जोशीको रिहाइका निम्ति नेपालले बारम्बार पहल गर्दा कतारले आश्वासन दिए पनि गम्भीर रूपमा लिएको देखिँदैन। कतारको प्रमुख मानव संसाधन साझेदार भएको हिसाबले पनि नेपालले कूटनीतिक चातुर्य प्रयोग गरी कतारको कूटनीतिक सम्पर्कमार्फत अन्तर्राष्ट्रिय लगानी तथा प्रविधि नेपालमा भित्र्याउनुका साथै, अन्तर्राष्ट्रिय फोरममा आफ्नो एजेन्डा प्रस्तुत गरी उचित लाभ लिन सक्छ र सक्नु पनि पर्छ।

अन्त्यमा, जसरी विश्वमा अन्तरदेशीय द्वन्द्व, गृहयुद्ध, परोक्ष युद्ध, धार्मिक तथा जातीय द्वन्द्व, साइबर युद्ध, सीमा विवाद, आतंकवादी आक्रमण र वातावरणीय युद्ध प्रकट भइरहेका छन्। यस्तोमा तटस्थ मध्यस्थकर्ताको भूमिका निभाउने कतारजस्तो मुलुकको भूमिका थप महत्त्वपूर्ण हुने निश्चित छ।

(भारतको नयाँदिल्लीस्थित दक्षिण एसियाली विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातकोत्तर गरेका थापा हाल विकास अध्ययन र समाजशास्त्र विषय अध्यापनरत छन्।)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव तथा ट्रान्सपरेन्सी इन्टरनेसनलका पूर्वअध्यक्ष **खेमराज रेग्मीलाई**



संवैधानिक निकायका पदाधिकारीले सरकारबाट दोहोरो सुविधा लिनु कति जायज हो ?

यो नितान्त नाजायज काम हो। पटकपटकका कार्यकारी निर्णयबाट रोकिएको विषय हो। सर्वोच्च अदालतले पनि यस्तो सुविधा दिने भए पनि कानुन बनाएर दिनू र नदिने भए पनि कानुन बनाएर रोक्नु भन्ने आदेश दिएको छ। सर्वोच्चको व्याख्या हेर्दा उसले रोक्नुपर्नेमै बढ्ता जोड दिएको देखिन्छ। सरकारी सेवामा उच्च पदमा पुगेर सेवानिवृत्त हुने व्यक्तिले संवैधानिक निकायको नियुक्तिपछि थप ५-६ वर्ष जनताले तिरेको राजस्वबाटै तलब, भत्ता र अन्य सुविधा लिने भएकाले दोहोरो सुविधा लिनु कुनै हालतमा जायज हुन सक्दैन। यो अघोषित र नैतिक भ्रष्टाचार हो। कानुनले दोहोरो सुविधा लिन रोकेको छैन भन्ने हो भने कानुनले दोहोरो सुविधा लिन पाइन्छ पनि भनेको त छैन नि। त्यसैले, यो भ्रष्टाचारलाई बढावा दिने कार्य हो।

यस्तो दोहोरो सुविधाले सुशासनमा प्रभाव पार्छ कि पार्दैन ?

सुशासन भनेको भ्रष्टाचाररहित शासन व्यवस्था हो। यसरी दोहोरो सुविधा लिनु अप्रत्यक्ष भ्रष्टाचार नै हो। त्यसैले, यसले सुशासनमा बिल्कुलै प्रभाव पार्छ। यसबाट दोहोरो सुविधाको लोभमा संवैधानिक निकायमा पुग्न जायज, नाजायज जस्तासुकै हर्कत अपनाउने प्रवृत्तिले प्रश्रय पाउँछ। दोहोरो सुविधा कानुनी राज्यको अवधारणाविपरीत तथा नैतिक आचरणविरुद्धको कार्य भएकाले यसले सुशासनमा प्रभाव नपार्ने कुरै हुँदैन।

दोहोरो सुविधा लिने प्रवृत्तिमा अंकुश लगाउने कुनै विधि हुँदैन ?

यसमा व्यक्तिको नैतिकता र आत्मअनुशासनले नै अंकुश लगाउनुपर्ने हो। कानुन बनाएर पनि अंकुश लगाउन सकिन्छ। साथै, क्याबिनेटको कार्यकारी आदेशले पनि यसमा रोक लगाउन सकिन्छ। मिडियालगायत सबैतिरबाट यस्तो गलत प्रवृत्तिविरुद्ध निरन्तर खबरदारी गरी निरुत्साहित गर्नुपर्छ।

प्रेरक प्रसंग

शक्तिको समान प्रयोग

गंगा किनारमा एक सन्तले आफ्ना शिष्यहरूलाई शिक्षा दिइरहेका थिए। एक शिष्यले उनलाई प्रश्न गरे– गुरुदेव, केही नयाँ काम गर्न खोज्दा समाजले हाम्रो विरोध गर्‍यो भने के गर्नु ठिक होला ? सन्तले भने– यस प्रश्नको उत्तर भोलि दिनेछु।

दोस्रो दिन जब सबै शिष्य नदी किनारमा एकत्रित भए, तब सन्तले भने– आज हामी एउटा प्रयोग गर्नेछौँ। माछा समात्न प्रयोग हुने यी तीन लट्ठी हेर त। एउटै काठबाट बनेका यी सबै बिल्कुल समान छन्। उनले अघिल्लो दिन प्रश्न गर्ने शिष्यलाई अगाडि बोलाए र भने– बाबु, यी लट्ठीले माछा समात। शिष्यले लट्ठीमा काँटा लगाएर पानीमा डुबाए। एकैछिनमा एउटा ठुलो माछा काँटामा फस्यो। त्यो देखेर सन्तले भने– अब पूरा शक्ति लगाएर बाहिर निकाल। शिष्यले त्यस्तै गरे। उता माछाले पनि पूरै शक्ति लगाएर भाग्ने कोसिस गर्‍यो। परिणामतः लट्ठी भाँचियो।

सन्तले भने– केही छैन, यो अर्को लट्ठी लिएर पुनः प्रयास गर। शिष्यले फेरि काँटा पानीमा डुबाए। यसपटक पनि माछा काँटामा फस्यो। गुरुले भने– आरामसाथ, बिस्तारै लट्ठी बाहिर तान। शिष्यले त्यस्तै गरे। तर, माछाले जोडले झड्का दिँदा लट्ठी शिष्यको हातबाट फुत्कियो। सन्तले भने– ओहो ! माछा फेरि फुत्कियो। अब यो लट्ठी लिएर एकपटक फेरि प्रयत्न गर। शिष्यले त्यसै गरे। यसपटक माछा फस्नासाथ सन्तले भने– यसपटक जति शक्ति माछाले लगाउँछ, तिमीले पनि त्यति नै शक्ति लगाएर बाहिर तान। केहीबेरमा माछा थाक्छ अनि तिमी सजिलै त्यसलाई बाहिर निकाल्न सक्नेछौ।

शिष्य माछा पक्रिन सफल भए। सन्तले भने यी माछा त्यो समाजजस्तै हुन् जसले तिमीहरूले केही गर्दा विरोध गर्छ। समाजविरुद्ध तिमीहरूले बढी बल लगायौ भने तिमीहरू पराजित हुनेछौ। कम शक्ति लगायौँ भने पनि तिनले तिमीहरूको योजना पूरा हुन दिँदैनन्। तर, उनीहरूले जति बल प्रयोग गरेर विरोध गर्छन्, त्यति नै बल प्रयोग गर्‍यौ भने उनीहरू बिस्तारै थाक्छन् र हार स्विकार्छन्। तब मात्र तिमीहरूको जित हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पदाधिकारीलाई लाज हुँदैन ?

संवैधानिक निकायका धेरैजसो पदाधिकारीले सरकारबाट तलब सुविधा लिनुका साथै विगतमा आफूले गरेको कामबापतको पेन्सनसहित दोहोरो सुविधा लिइरहेको समाचार पढ्दा तिनलाई केही प्रश्न सोध्न मन लाग्यो। के यस्ता उच्च तहमा पुग्ने पदाधिकारीलाई लाज लाग्दैन हो ? के तिनमा नैतिकता हुँदैन हो ? के तिनले इमानजमान भन्ने सबै बेचेर खाइसकेका हुन्छन् हो ? नत्र दोहोरो सुविधा लिनु पनि एक प्रकारको भ्रष्टाचार नै हो भन्ने तिनले किन बुझ्दैनन् ? के तिनका लागि केही लाख तलब, भत्ता आफ्नो इज्जतभन्दा ठुलो या प्यारो हुन्छ हो ? नभए तिनले संवैधानिक निकायमा रहेको अवधिको पेन्सन रकम राज्यकोषलाई नै छाडिदिनुपर्ने होइन र ? के यत्ति गर्न पनि तिनको लोभीपापी मनले मान्दैन हो ?

● **गंगा परियार**, कुलेश्वर, काठमाडौं

मेडिकल कलेजलाई कारबाही गर

निजी मेडिकल कलेजले सरकारले तोकेको आठौँ तहको निर्वाह भत्ता आवासीय चिकित्सकलाई नदिने र आफ्नो सिट संख्या र शुल्क भने बढाउने नीति लिएको देखिन्छ। उनीहरूले आन्दोलनरत आवासीय चिकित्सकलाई धम्याउन सुरु गरेका छन्। चिकित्सकलाई परीक्षामा सामेल नगराउने भन्दै धम्की दिने मेडिकल कलेजका सञ्चालकलाई तत्काल कारबाही गरिनुपर्छ। यिनले एकातिर बिरामीमाथि चर्को शोषण गरिरहेका छन् भने अर्कातिर आवासीय चिकित्सकको चरम श्रमशोषण गरिरहेका छन्। यसतर्फ सरकारको ध्यान जाओस्।

● **सुलोचना महर्जन**
कीर्तिपुर, काठमाडौं

गफ अति भो सरकार !

यो सरकारले केही समयअघि कालोबजारी ऐनमा संशोधन गरी उद्योगीलाई मूल्यमा कार्टेलिङ र सिन्डिकेट लगाउन फुक्काफाल छाडिदिनु सरकारले अहिले राष्ट्रपतिद्वारा संसद्मा वाचन गरिएको नीति तथा कार्यक्रममा भने कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ने गफ दिएछ। वर्तमान सरकारले कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ला भनेर आस गर्नु बेकार हो। उसले यस्तो गर्थ्यो भने केही अघि अध्यादेशमार्फत कालोबजारी ऐन संशोधन गरी उद्योगी, व्यवसायीलाई 'छाडा साँढे' बन्न खुला छाडिदिने थिएन।

● **वरुण ठगुन्ना**
सामाखुसी, काठमाडौं

लोडसेडिङ संयोग हुन सक्दैन

'बाघ कराउनु र बाख्रा हराउनु !' हाम्रो गाउँलेले जनजीवनसँग मेल खाने यो यथार्थपरक उखान हो। गाउँआसपास या बाख्रा चराउन लाने वनमा बाघ कराएपछि चारैतिर खोज्दा पनि बाख्रा भेटिएन भने बाख्रा बाघले नै लगेको ठानिन्छ। ठिक त्यस्तै कुलमान घिसिङलाई बर्खास्त गरेपछि अहिले नेपालमा अघोषित लोडसेडिङ भइरहेको छ। तर, प्राधिकरण भने कहिले ट्रान्सफर्मरमा आगो लागेको त कहिले हावाहुरीले पोल ढलेको बहाना बनाएर संयोग हो भनिरहेको छ।

तर, प्राधिकरणले जतिसुकै प्रस्टीकरण दिए पनि आमनेपाली यसलाई संयोग मान्न तयार छैनन्। किनकि, हिजो कुलमान हुँदा पनि ट्रान्सफर्मरमा आगो लागेकै थियो र हावाहुरी तथा पहिरोले पोल ढालेकै थियो। शुक्रबार मात्र प्राधिकरणका नयाँ नेतृत्वले श्वेतपत्र जारी गरी कुलमानले कागजी नाफा देखाएको हास्यास्पद र कपोलकल्पित आरोप लगाएको थियो। यदि प्राधिकरणको नाफा कागजी थियो भने लोडसेडिङ अन्त्य के थियो ? के त्यो पनि कागजी थियो ? कुलमानको नौवर्षे कार्यकालमा केपी ओली मात्र तीनपटक प्रधानमन्त्री भए। यसबिच एक दर्जनभन्दा बढी ऊर्जामन्त्री आए। कसैले पनि प्राधिकरण घाटामा गएको बताएनन्। बरु प्राधिकरण नाफामा गएको भन्दै त्यसको जस लिन तँछाडमछाड गरेको देखिन्थ्यो। आज एक्कासि अर्बौं घाटाको तथ्यांक कहाँबाट आयो ? यसको तत्काल निष्पक्ष रूपमा छानबिन गरियोस्।

● **महावीर लामा**, सिन्धुपाल्चोक
mbtamang97@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के जियोर्जिया मेलोनी युरोपेली नेता बन्न सक्छिन् ?

अहिले मेलोनीको वास्तविक शक्ति उनले कहिल्यै विश्वास नगरेका युरोपेली संस्था अर्थात् युरोपियन युनियनमै आधारित छ



देश / विदेश

● मात्तिया फेरारासी

डोनाल्ड ट्रम्पको ह्वाइटहाउसमा पुनरागमनसँगै इटालीकी प्रधानमन्त्री जियोर्जिया मेलोनी युरोपियन युनियन र अमेरिकाबिचको सम्बन्धमा अनपेक्षित, तर प्रभावशाली नेतृका रूपमा उभिएकी छिन्। एक उग्र दक्षिणपन्थी पार्टीकी नेतृ मेलोनी अहिले स्पष्ट रूपमा युरोपियन युनियनका पक्षमा उभिएकी छिन् र इटलीले ट्रम्प र युरोपबिच रोज्नुपर्ने सोचलाई 'केटाकेटीपन' ठान्छिन्।

ट्रम्पले भन्सार वृद्धिको योजना सार्वजनिक गरेपछि मेलोनी उनलाई भेट्न ह्वाइटहाउस पुग्ने पहिलो युरोपेली नेतृ बनिन्। त्यसपछिका दिनमा उनले रोममा उपराष्ट्रपति जेडी भान्सलाई भेटिन्, जसले युरोपबारे आलोचनात्मक धारणा व्यक्त गरेका थिए। यद्यपि, मेलोनीका वैचारिक झुकाव ट्रम्प प्रशासनसँग मेल खाने खालका छन्, तर उनले आफ्नो कूटनीतिक युरोपेली आयोगसँग समन्वयमा गरिएको बताएर युरोपियन युनियनको व्यापार नीतिमा आफूले भूमिका खेलिरहेको देखाउन खोजेकी छिन्। उनी ट्रम्प र आयोग अध्यक्ष भोन डेर लेयेनबिचको सम्भावित वार्ताको पुल बन्ने प्रयासमा छिन्। मेलोनीले अमेरिकाबाट थप तरल प्राकृतिक ग्यास आयात गर्ने र इटालीको रक्षा बजेट बढाउने वाचा गरेकी छिन्। मेलोनी अहिले केवल राष्ट्रिय नेतृ होइनन्, अहिले उनी युरोपेली टोलीको बलियो खेलाडीका रूपमा प्रस्तुत हुँदै छिन्। 'मेलोनीले ट्रम्पसँग सम्बन्ध राख्दा सबैभन्दा पहिले ब्रसेल्स (युरोपियन युनियनको मुख्यालय)लाई फोन गरेर निर्णय प्रक्रियामा सामेल गर्छिन्,' एक वरिष्ठ इटलियन अधिकारीले गत नोभेम्बरमा ट्रम्प निर्वाचित भएलगत्तै मसँग भनेका थिए। यसले मेलोनीको संस्थागत सोच उनका लोकप्रियतावादी प्रवृत्तिमा हाबी हुने देखिन्छ, र अहिलेसम्म त्यस्तै भएको पनि छ।

तर, यस्तो परिणाम निश्चित भने थिएन। सिद्धान्ततः मेलोनी ट्रम्पले युरोपियन युनियनलाई 'दयनीय संस्था' भन्दै अमेरिकी हितविरुद्ध काम गर्ने निकायका रूपमा व्याख्या गरेको विषयसँग असहमत छैनन्। उनी उपराष्ट्रपति भान्सको 'धोकेबाजहरूको अड्डा'सँग गरिएको युरोपियन युनियनको चित्रणलाई लिएर पनि असहमत छैनन्। भान्सको म्युनिख भाषणपछि मेलोनीले 'मैले यही कुरा वर्षौंदेखि भन्दै आएकी छु, अर्थात् युरोप केही हदसम्म आफैँ रनभुल्लमा छ,' समेत भनेकी थिइन्। वार्ताको नेतृत्व गर्ने समय आउने वेला युरोपियन युनियनका शक्तिशाली निर्णयकर्ताले मेलोनीमाथि विश्वास गर्छन् कि गर्दैनन् भन्ने प्रश्न उठ्छ। यसक्रममा मेलोनीका एक सल्लाहकारले 'यहाँ ठुलो विडम्बना के छ भने दशकौँसम्म जर्मनी र फ्रान्स युरोपियन युनियनका अनौपचारिक प्रतिनिधि बनेर व्यवहार गर्थे, कसैले आपत्ति जनाएन,' भनेका छन्। 'तर, जब इटलीले त्यही भूमिका लिने कोसिस गर्छ, त्यो अचानक समस्या हुन्छ जबकि इटलीकी नेतृ वस्तुगत रूपमा ह्वाइट हाउससँग संवाद गर्न सबैभन्दा अनुकूल स्थानमा छिन्' सल्लाहकार थप्छन्।

मेलोनी एक नाजुक सन्तुलनमा हिँडिरहेकी छिन्। अमेरिकन कन्जर्भेटिभ पोलिटिकल एक्सन कन्फरेन्सकी नियमित पाहुना उनी ट्रम्पको उद्घाटन समारोहमा आमन्त्रित हुने एक मात्र युरोपेली नेतृ थिइन्। उनले ट्रम्पले शपथग्रहण गर्नु केही दिनअघि फ्लोरिडाको मार-अ-लागो पुगेर इटलीले अमेरिकी न्याय विभागको आग्रहमा गिरफ्तार भएका एक इरानी इन्जिनियरको रिहाइ गराउन ट्रम्पमाथि दबाब दिएकी थिइन्। किनभने इरानी इन्जिनियरको गिरफ्तारीको बदलामा एक इटालियन पत्रकारलाई इरानको जेलमा राखिएको थियो र अन्ततः दुवै बन्दीको साटासाट भयो।



तस्बिर : सिमोना ग्रनाटी/कर्बिस

ट्रम्पले मेलोनीलाई 'विश्वलाई अलिक ठिक पार्न सक्ने व्यक्ति' भनेर प्रशंसा गरेका छन् र उनका सल्लाहकारले ट्रम्पसम्बद्ध सञ्जालमा बलियो सम्बन्ध बनाएका छन्। मेलोनीको एलन मस्कसँगको सम्बन्ध यति आत्मीय छ कि मस्कले एकपटक उनीहरूबिच प्रेमसम्बन्धको अफवाहको खण्डन गर्नु परेको थियो। मेलोनी इटालीको पहिलो उग्र-फासिस्ट नेतृ हुन्। केही वर्षअघिसम्म उनको पार्टी ब्रदर्स अफ इटालीले ब्रसेल्सका प्रशासकको कडा आलोचना गर्थ्यो र खुला रूपमा युरोजोन (युरोपियन युनियनको मुद्रा क्षेत्र) विघटनको वकालत गर्थ्यो।

तर, सन् २०२२ मा मेलोनी सत्तामा आएदेखि परिस्थिति पूर्ण रूपमा परिवर्तन भएको छ। उनले युरोपियन युनियनप्रतिको आफ्नो कठोर धारणामा सुधार गरेकी छिन् र युरोपेली आयोगप्रति अपनाएको कडा भाषा त्यागेकी छिन्। युक्रेनप्रति उनको दृढ समर्थनले अन्य युरोपेली सरकारसँग उनको विश्वसनीयता बढेको छ र युरोप समर्थक नेताले समेत मेलोनीलाई भरपर्दो नेतृका रूपमा स्विकारेका छन्। प्रधानमन्त्रीका रूपमा दुई वर्षभन्दा बढी समय बिताउँदा मेलोनी एक समय युरोपियन युनियनका लागि खतरा मानिएकी थिइन्, तर अहिले उनी अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त युरोपेली नेतृ बनेकी छिन् (यद्यपि, धेरैले यो मान्यता अनिच्छापूर्वक दिएको भन्छन्)। उनले हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानको शैली उल्ट्याएकी छिन्, अर्थात् ओर्बान बारम्बार राष्ट्रिय फाइदाका लागि युरोपियन युनियनका परियोजना अवरुद्ध गर्छन्, तर मेलोनीले त्यसका विपरीतको बाटो लिएकी छिन्। मेलोनीसँग युरोपियन युनियनसँग सहकार्य गर्नुका पछाडी व्यावहारिक कारण छन्। इटलीले अझै 'नेक्स्ट जेनेरेसन' कोषबाट ८१ अर्ब डलर पाउन बाँकी नै छ। उनले अल्बानियामा आप्रवासी राख्ने योजना लागू गर्न आयोगको समर्थनसमेत पाइन् र आफ्ना सहयोगी राफाएले फित्तोलाई आयोगको उपाध्यक्ष बनाइन्। ब्रसेल्ससँग उनको सम्बन्ध यति बलियो भइसकेको छ कि उनी राष्ट्रवादका नाममा त्यसलाई तोड्न सक्दिनन्। अहिले उनले युरोपप्रति निष्ठावान् नेतृको भूमिका खेलेर राजनीतिक फाइदा लिएकी छिन्। उनको वास्तविक शक्ति अब उनले कहिल्यै विश्वास नगरेका युरोपेली संस्थामै आधारित छ न कि अस्थायी लोकप्रियतावादी अमेरिकी नेतामा।

(फेरारासी इटालीको दैनिकका लेखक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

माल्दिभ्सका राष्ट्रपतिले गरे १५ घण्टा लामो पत्रकार सम्मेलन

माले/ माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले करिब १५ घण्टासम्म पत्रकार सम्मेलन आयोजना गरेका छन् । योसँगै उनी विश्वमै सबैभन्दा लामो समय पत्रकार सम्मेलन गर्ने नेता बनेका छन् । मुइज्जुले स्थानीय समयअनुसार शनिबार बिहान १० बजे सुरु गरेको पत्रकार सम्मेलन १४ घण्टा ५४ मिनेटसम्म चलेर सकिएको थियो । 'राष्ट्रपति मुइज्जुले पत्रकारका प्रश्नको निरन्तर जवाफ दिने क्रममा सम्मेलन मध्यरातसम्म लम्बिएको र यो उनले राष्ट्रपतिका रूपमा बनाएको नयाँ विश्व कीर्तिमान हो,' विज्ञप्तिमा भनिएको छ । यसअघि युक्रेनी नेता भोलोदिमिर जेलेन्स्कीको सबैभन्दा लामो पत्रकार सम्मेलन आयोजना गरेका थिए ।



सन् २०१९ को अक्टोबरमा युक्रेनको जेलेन्स्कीको १४ घण्टे पत्रकार सम्मेलनले बेलारुसका प्रभावशाली नेता अलेक्जेन्डर लुकासेन्कोको सात घण्टाभन्दा लामो रेकर्ड तोडेको थियो । मालदिभ्स सरकारले मुइज्जुको विस्तारित सत्रलाई शनिबार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरका क्रममा आयोजना गरिएको जनाएको छ । सो अवसरमा उनले समाजमा प्रेसको महत्त्वपूर्ण भूमिका उल्लेख गर्दै तथ्यपरक, सन्तुलित र निष्पक्ष रिपोर्टिङको महत्त्वमा जोड दिए ।

लामो सत्रको दौरान मुइज्जुले पत्रकारमार्फत केही सर्वसाधारणले सोधेका प्रश्नहरूको जवाफ पनि दिएका थिए । कार्यक्रममा करिब दुई दर्जन पत्रकार उपस्थित थिए । रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)ले प्रकाशित गरेको सन् २०२५ को विश्व प्रेस स्वतन्त्रता सूचकांकमा माल्दिभ्स १८० देशमध्ये दुई स्थानमाथि चढ्दै १०४औँ स्थानमा पुग्न सफल भएको छ ।

यसअघि मुइज्जुका पूर्ववर्तीले सन् २००९ मा समुद्रको सतह बढ्न सक्ने खतरालाई उजागर गर्न पहिलोपटक 'पानीमुनि मन्त्रिपरिषद्को बैठक' आयोजना गरेर अर्को विश्व रेकर्ड कायम गरेका थिए । पूर्वराष्ट्रपति मोहम्मद नसिदले हिन्द महासागरको पानीमुनि मन्त्रिपरिषद्को बैठक आयोजना गरेका थिए । बैठकलाई राष्ट्रिय टेलिभिजनद्वारा प्रत्यक्ष प्रसारण गरिएको थियो ।

इतिहासमा आज

मे ५



सन् १८१४ : दुई निर्वासनमध्ये पहिलो निर्वासन बिताउन फ्रान्सका शासक नेपोलियन बोनापार्टले इल्बा टापु पुगे ।

सन् १९४५ : हल्यान्ड र डेनमार्क नाजी नियन्त्रणबाट मुक्त ।

सन् १९४९ : काउन्सिल अफ युरोप स्थापना । यो युरोपेली एकीकरणका लागि काम गर्ने पहिलो संगठन थियो ।

सन् १९५५ : पश्चिम जर्मनीले दोस्रो विश्वयुद्धपछि पूर्णसार्वभौमसत्ता प्राप्त गऱ्यो । संघीय गणतन्त्र जर्मनीको स्थापना सन् १९४९ मा भएको थियो ।

सन् १९८० : बेलायती विशेष वायु सेवा (एसएएस)द्वारा लन्डनस्थित इरानी दूतावासको घेराबन्दी समाप्त । इरानी मूलका ६ जना बन्दुकधारीले दूतावासभित्र २६ जनालाई बन्धक बनाएका थिए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: पेम्बा दोर्जे हार्डवेयर सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: ईमान थोकर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.र.नं. ३७२८/२८७८/२०८०/०८१, दर्ता मिति: २०८०/०४/०७, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १३
२)	**१) ऋणी फर्म: दिगा विजय मतस्य फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: पारस सहनी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा प्रा.फ.नं. ५१५८/२९७, दर्ता मिति २०७३/०८/२२, ठेगाना: जिल्ला रौतहट, मलाही गा.वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. १०)
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: पारस सहनी** स्थायी ठेगाना: रौतहट जिल्ला, मलाही गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३, बाबु : राजदेव सहनी, बाजे: भुला सहनी
	जमानीकर्ता : पुनम कुमारी, स्थायी ठेगाना : रौतहट जिल्ला, मलाही गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ३, बाबु: सिकिन्द्र सहनी, ससुरा: राजदेव सहनी, पति : पारस सहनी
३)	**१) ऋणी फर्म: शिव पार्वती पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: सुरेन्द्र प्रसाद गोसाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ६०५७/५५७/०७३/७४, दर्ता मिति २०७४/०२/१७, ठेगाना: जिल्ला बारा, करैयामाई गा.पा. वडा नं. ७
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: सुरेन्द्र प्रसाद गोसाई** स्थायी ठेगाना : बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३, हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ७ बाबु : परदेसी गोसाई, बाजे : सहदेव गोसाई
	जमानीकर्ताहरु: १) परदेसी गोसाई, स्थायी ठेगाना : बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३, हालको ठेगाना: बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ७, बाबु : सहदेव गोसाई, बाजे : श्वेलावन गोसाई, **२) सिमा कुमारी गिरी,** स्थायी ठेगाना : बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३, हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ७, बाबु : सदई गिरी, ससुरा: परदेसी गोसाई, पति : सुरेन्द्र प्रसाद गोसाई, **३) फुलवा गोसाई,** स्थायी ठेगाना : बारा जिल्ला, उमजन गा.वि.स. वडा नं. ३, हालको ठेगाना: बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ७, बाबु : झिंगुर गोसाई, ससुरा : सहदेव गोसाई, पति : परदेसी गोसाई
४)	**ऋणी फर्म: कृष्णा हार्डवेयर,** प्रोप्राईटर तथा जमानीकर्ता: कृष्ण राय दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १०३८०/११००, दर्ता मिति २०७७/०९/२६, ठेगाना: जिल्ला रौतहट, माधवनारायण न.पा. वडा नं. ३
५)	**ऋणी फर्म: आहाना काष्ठ स-मिल तथा फर्निचर उद्योग,** प्रोप्राईटर तथा जमानीकर्ता: आतिफ अली दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा उद्योग दर्ता नं. ११४५३/०७६/७७, दर्ता मिति २०७६/०९/१८, ठेगाना: जिल्ला पर्सा, जगरनाथपुर गा.पा. वडा नं. ४
६)	**१) ऋणी फर्म: अश्विन इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: विनोद वहादुर तिमलसिना दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.र.नं. ७१०२/०७५/७६, दर्ता मिति २०७५/०८/०९, ठेगाना: जिल्ला बारा, निजगढ न.पा. वडा नं. ६
	कर्जाको किसिम : बिना धितो कर्जा **२) ऋणी : विनोद वहादुर तिमलसिना** स्थायी ठेगाना : बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५, हालको ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ६ बाबु: प्रेम वहादुर तिमलसिना, बाजे: नर वहादुर तिमलसिना
	जमानीकर्ता: अम्वीका नेपाल, स्थायी ठेगाना : रौतहट जिल्ला, पौराह गा.वि.स. वडा नं. ७, हालको ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ६, बाबु : तिलक वहादुर खत्री, ससुरा : प्रेम वहादुर तिमलसिना, पति : विनोद वहादुर तिमलसिना
७)	**ऋणी फर्म: संजिप पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: अमिन्द्र राय यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.नं. ६०९३/६३७/५३, कटहरीया दर्ता मिति २०७५/०२/२७, ठेगाना: जिल्ला रौतहट, कटहरीया न.पा. वडा नं. ६
८)	**१) ऋणी फर्म: श्री पञ्चमुखी आयरण स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ता: ध्रुवनारायण शाह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा प्रा.फ.र.नं.: १६६७५/१४६७/०७७/०७८, दर्ता मिति २०७७/०९/२२, ठेगाना: जिल्ला धनुषा, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: ध्रुवनारायण शाह** स्थायी ठेगाना : धनुषा जिल्ला, बेंगा शिवपुर गा.पं. वडा नं. ७, हालको ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १९ बाबु: वटोही साहु तेली, बाजे: बहादुर साह
	जमानीकर्ता: रिता कुमारी देवी, स्थायी ठेगाना : धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा. वडा नं. १९, बाबु : राम विलास साह, ससुरा : बटोही साहु तेली, पति: ध्रुव नारायण शाह
९)	**ऋणी: राजेश अधिकारी** ठेगाना: ओखलढुङ्गा जिल्ला, चिशंखुगढी गा.पा. वडा नं. १, बाबु : हरि बहादुर अधिकारी, बाजे: मगानध्वज अधिकारी
१०)	**ऋणी फर्म: सरस्वती माता हार्डवेर एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानतकर्ता: संजय कुमार मण्डल दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. २५६८६/०७०/७१, दर्ता मिति: २०७०/०५/१९, ठेगाना: जिल्ला मोरङ, विराटनगर म.न.पा. वडा नं. १०
११)	**ऋणी फर्म: शिव शक्ति टि.भि. फ्रिज सेन्टर,** प्रोप्राईटर तथा जमानतकर्ता: स्मिता बस्नेत (भट्टराई) दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्रा.फ.नं. २११/४४७९, दर्ता मिति : २०७०/०६/०४, ठेगाना: जिल्ला झापा, सतासीधाम गा.वि.स. वडा नं. ६
१२)	**ऋणी फर्म: प्रिया राईस मिल,** प्रोप्राईटर तथा जमानतकर्ता: खगेन्द्र शाह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ९१४/१३६८/१४१३५, दर्ता मिति: २०७५/०२/१७, ठेगाना: जिल्ला झापा, बुद्धशान्ति गा.पा. वडा नं. २
१३)	**१) ऋणी फर्म: पुञ्ज फेन्सी पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: सृजना भुसाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.पू.), नवलपुरमा प्रा.फ.द.नं. २३७६/०७८/०७९, दर्ता मिति: २०७८/०५/२७, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.पू.), विनयी त्रिवेणी गा.पा. वडा नं. २
	२) ऋणी फर्म: प्रसिद्ध कृषि तथा कुखुरापालन फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: पुरुषोतम भुसाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.पू.)मा उद्योग दर्ता नं. १८६४/०७७/०७८, दर्ता मिति: २०७८/०१/०६, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.पू.), विनयी त्रिवेणी गा.पा. वडा नं. २
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) सृजना भुसाल:** स्थायी ठेगाना: नवलपरासी जिल्ला, दुम्कीवास गा.वि.स. वडा नं. ५, हालको ठेगाना: नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २, बाबु: तुल्सीराम सापकोटा, ससुरा: डिल्लीराम भुसाल, पति: पुरुषोत्तम भुसाल
	जमानीकर्ता: पुरुषोतम भुसाल, ठेगाना: नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. २, बाबु: डिल्लीराम भुसाल, बाजे: लक्ष्मीकान्त भुसाल
१४)	**१) ऋणी फर्म: होटल रुपा बेगनास लेक ईन,** प्रोप्राईटर तथा जमानीकर्ता: कमल लामिछाने दर्ता नं.: घरेलु तथा साना उद्योग विभागमा प्रा.फ.नं.घ.उ.वि. १३१४९/०७४/०७५, दर्ता मिति: २०७४/०७/२३, ठेगाना: जिल्ला कास्की, पोखरा लेखनाथ म.न.पा. वडा नं. ३१
	२) ऋणी: कमल लामिछाने स्थायी ठेगाना: कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ११, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३१, बाबु: हिमलाल लामीछाने, बाजे: शक्ति वल्लव लामीछाने
१५)	**१) ऋणी: सिता देवी कटुवाल** ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११, बाबु: सोवित मान खड्का, ससुरा: प्रभुराम कटुवाल, पति: हरि कुमार कटुवाल
	२) ऋणी: हरि कुमार कटुवाल स्थायी ठेगाना: भोजपुर जिल्ला, सा नुदुम्मा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बाबु: प्रभु राम कटुवाल, बाजे: उदय बहादुर कटुवाल
१६)	**१) ऋणी फर्म: के. एण्ड के. प्लाई तथा हार्डवयेर,** प्रोप्राईटर तथा जमानीकर्ता: पार्वती कुमारी देवी दर्ता नं.: वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, प्रा.फ.र.नं १२५४८४/०७२/७३, दर्ता मिति २०७२/१०/१९, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ८
	२) ऋणी फर्म: के. एण्ड के. स: मिल, संचालक तथा जमानीकर्ता: पार्वती कुमारी देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.द.नं. २५२, दर्ता मिति २०७५/०६/२५, ठेगाना: जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा न.पा. वडा नं. ८
	३) ऋणी: राम कैलास प्रसाद साह स्थायी ठेगाना: सर्लाही जिल्ला, पिपरिया गा.वि.स. वडा नं. ४, हालको ठेगाना: कागेश्वरी मनोहरा न.पा. वडा नं. ८, बाबु: हरिनारायण साह, बाजे: हीरा साह
१७)	**ऋणी: कमला श्रेष्ठ** स्थायी ठेगाना: चितवन जिल्ला, शारदानगर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १०, बखुन्डोल, बाबु: ज्ञान कुमार श्रेष्ठ, ससुरा : सूर्यलाल श्रेष्ठ, पति : कृष्ण कुमार श्रेष्ठ
१८)	**ऋणी: उपेन्द्र बहादुर कार्की** स्थायी ठेगाना: मोरङ्ग जिल्ला, बयरबन गाउँ पञ्चायत वडा नं. ४, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २१, बाबु: मान बहादुर कार्की क्षेत्री, बाजे: प्रभुराम कार्की
१९)	**ऋणी: हेम बहादुर दुलाल** स्थायी ठेगाना: सिन्धुपालचोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ११, हालको ठेगाना: काठमाडौं जिल्ला, गोकणेश्वर न.पा. वडा नं. ५, बाबु: मित्र बहादुर दुलाल, बाजे: गंगा सागर दुलाल
२०)	**ऋणी: रविन्द्र प्रसाद श्रेष्ठ** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९, हालको ठेगाना: काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३१, बानेश्वर बाबु : मथुरा प्रसाद श्रेष्ठ, बाजे : निल प्रसाद श्रेष्ठ
२१)	**ऋणी: अमृत तमाङ** स्थायी ठेगाना: नुवाकोट जिल्ला, मेधाङगा गा.पा. वडा नं. ३, हालको ठेगाना: काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बाबु: चतुरमान तमाङ, बाजे: बहादुर तमाङ
२२)	**ऋणी फर्म: हाई स्ट्रीट फेशन,** प्रोप्राईटर तथा जमानीकर्ता: कुमार शेर्मा दर्ता नं.: वाणिज्य विभागमा प्रा.फ.र.नं. १२८७७२/०७३/७४, दर्ता मिति २०७३/०४/०६, ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. २२
२३)	**ऋणी: रञ्जित कुमार थापा** ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ५, बाबु: शिव हरि थापा, बाजे: प्रल्हाद थापा
२४)	**ऋणी: पवन पण्डित** स्थायी ठेगाना : गोरखा जिल्ला, घ्यालचोक गा.वि.स. वडा नं. ५, हालको ठेगाना: गोरखा जिल्ला, गंडकी गा.पा. वडा नं. ७, बाबु : केदारनाथ पण्डित, बाजे : पदम नाथ पंडीत
२५)	**१) ऋणी फर्म: आर ए कलेक्सन,** प्रोप्राईटर तथा जमानीकर्ता: सोबिता शर्मा दर्ता नं.: बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा प्रा.फ.र.नं. १५०६६१/०७६/७७, दर्ता मिति: २०७६/०५/१८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २२
	२) ऋणी: राम प्रसाद पन्त स्थायी ठेगाना: धादिङ जिल्ला, मार्पाक गा.वि.स. वडा नं. ६ हालको ठेगाना: काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १३ बाबु: पौख राज पन्त, बाजे: राम रत्न पन्त
२६)	**ऋणी फर्म: विनायक मल्टि ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: मिना महर्जन दर्ता नं.: वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग (फर्म दर्ता तथा अभिलेख ब्यवस्थापन शाखा)मा रहेको प्रा.फ.र.नं. १२४२३४/०७२/७३, दर्ता मिति: २०७२/०६/२१, ठेगाना: जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १५
२७)	**ऋणी फर्म: मुक्तान कृषि तथा पशुपंक्षी फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: सरिता मुक्तान दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राईभेट फर्म दर्ता नं. २६२४/१५६४/०७७/०७८, दर्ता मिति: २०७७/१२/२४, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १३
२८)	**ऋणी फर्म: आयम बिजनस हायस,** संचालक तथा जमानीकर्ता: दुर्गा बहादुर गुरुङ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राईभेट फर्म दर्ता नं. ३६६८/२५२५/०७९/०८०, दर्ता मिति: २०८०/०३/०६, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ८
२९)	**ऋणी फर्म: सुमित एग्रो फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: केवल थारु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा उ.द.नं. १५४०५/०७४/०७५, दर्ता मिति: २०७४/१०/२२, ठेगाना: जिल्ला रुपन्देही, सैनामैना न.पा. वडा नं. ९
३०)	**ऋणी: रत्न प्रसाद सुवेदी** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मौखा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. ७ बाबु: गोपीकृष्ण सुवेदी, बाजे: मनोरथ सुवेदी
३१)	**ऋणी: निर्भय कुमार मण्डल** स्थायी ठेगाना: मोरङ जिल्ला, रंगेली गा.वि.स. वडा नं. ७, हालको ठेगाना : मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ६, बाबु : टीकम लाल चौधरी मण्डल, बाजे : टिभलाल मण्डल
३२)	**१) ऋणी फर्म: गोकुलधाम कृषि फर्म ,** प्रोप्राईटर तथा जमानतकर्ता : श्रीमती सन्तोष सोनी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा उद्योग दर्ता नं : १११७-४८८९-२४१२१, दर्ता मिति: २०७८/०८/२७, ठेगाना : जिल्ला झापा, भद्रपुर न.पा. वडा नं. ७
	२) ऋणी: सुनिल कुमार सोनी स्थायी ठेगाना: झापा जिल्ला, भद्रपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ९, बाबु: बद्री प्रसाद सोनी, बाजे: झावरलाल सोनी
३३)	**१) ऋणी फर्म: खड्का ट्रेडिङ,** प्रोप्राईटर तथा जमानतकर्ता : देवेन्द्र बहादुर खड्का दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, टक्सार, भोजपुरमा प्रा.फ.र.न. १७७/०७०/७१, दर्ता मिति : २०७०/०९/१४, ठेगाना : जिल्ला भोजपुर, तिवारीभञ्याङ्ग गा.वि.स. वडा नं. ४
	२) ऋणी: देवेन्द्र बहादुर खड्का स्थायी ठेगाना: भोजपुर जिल्ला, तिवारीभञ्जाङ गा.प. वडा नं. ४, हालको ठेगाना : भोजपुर जिल्ला, पौवाढुङमा गा.पा. वडा नं. २, बाबु : लाल बहादुर खड्का, बाजे : दल बहादुर खड्का
३४)	**ऋणी फर्म : तेम्बे सप्लायर्स,** प्रोप्राईटर तथा जमानतकर्ता: सन्त बहादुर तेम्बे दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ४१०१/०७२/०७३, दर्ता मिति : २०७२/०५/१०, ठेगाना: जिल्ला सुनसरी, धरान उ.म.न.पा. वडा नं. १९
३५)	**१) ऋणी फर्म: सुजन निर्माण सेवा,** प्रोप्राईटर तथा जमानतकर्ता: जानुका कार्की दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय विराटनगर, मोरङमा प्रा.फ.न.घ.मो. ४०४२/०५३/५४, दर्ता मिति: २०५३/१२/२०, ठेगाना: जिल्ला मोरङ, हरैंचा गा.वि.स. वडा नं. ३
	२) ऋणी: यज्ञ बहादुर कार्की स्थायी ठेगाना : मोरङ जिल्ला अमरदह गा.प. वडा नं. ३, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. बडा नं ३, बाबु: डम्बर बहादुर कार्की, बाजे: दल बहादुर कार्की
३६)	**१) ऋणी फर्म: फुट प्रिन्ट,** प्रोप्राईटर तथा जमानतकर्ता: समसाद आलम दर्ता नं.: वाणिज्य,आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्रा.फ.र.नं. ३२९२४/०७६/७७, दर्ता मिति : २०७६/१०/१९, ठेगाना: जिल्ला मोरङ, विराटनगर म.न.पा. वडा नं. ९
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **२) ऋणी : नौसाद आलम** स्थायी ठेगाना : मोरङ जिल्ला, बिराटनगर उ.म.न.पा. वडा नं. ७, हाल ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ७, बाबु : वद्रि आलम, बाजे : मनिर आलम
	जमानीकर्ताहरु: १) अजिमा खातुन, स्थायी ठेगाना: मोरङ जिल्ला, बिराटनगर उ.म.न.पा. वडा नं. ७, हाल ठेगाना: मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ७, बाबु: नुर महमद खान, ससुरा: मनिर आलम, पती : वद्रि आलम, **२) अनवरी खातुन,** स्थायी ठेगाना: धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. ५, हाल ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ७, बाबु: मो. नवउदिन, ससुरा: वद्रि आलम, पति: नौसाद आलम, **३) सविना खातुन,** स्थायी ठेगाना: मोरङ जिल्ला, बिराटनगर उ.म.न.पा. वडा नं. ७, हाल ठेगाना: मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. ७, बाबु: मोहमद इसा खाँकी, ससुरा: वद्रि आलम, पती : समसाद आलम
३७)	**ऋणी: हरिशचन्द्र सहनी** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.प. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु: राम चन्द्र सहनी, बाजे: जयलाल सहनी
३८)	**ऋणी : रविन सुवेदी** स्थायी ठेगाना : धादिङ जिल्ला, थाके गा.वि.स. वडा नं. ८, हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ७, बाबु : माइला सुवेदी, बाजे : भो बहादुर सुवेदी
३९)	**ऋणी: शिवनारायण पन्त** स्थायी ठेगाना : धादिङ जिल्ला, थाके गा.वि.स./उ.म.न.पा. वडा नं. ५, हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ७, बाबु: गुणनिधी पन्त, बाजे : देवदत पन्त
४०)	**ऋणी: गणेश राई** स्थायी ठेगाना: भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स. वडा नं. ३, हालको ठेगाना: ललितपुर जिल्ला, सुनाकोठी उ.म.न.पा./गा.वि.स वडा नं. ९, बाबु : नर वहादुर राई, बाजे: शक्ति मान राई
४१)	**ऋणी: सोम कुमार थापा मगर** स्थायी ठेगाना: मकवानपुर जिल्ला, हाँडीखोला गा.वि.स. वडा नं. ९, हालको ठेगाना: मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ५, बाबु: मंगल बहादुर थापा, बाजे: मान बहादुर थापा
४२)	**ऋणी: विदुर प्रसाद चौलागाई** ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ६, बाबु : छविलाल चौलागाई, बाजे: लक्ष्मी प्रसाद चौलागाइ
४३)	**ऋणी: हिमाल महत** स्थायी ठेगाना : रामेछाप जिल्ला, विजुलीकोट गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ६, बाबु: तुलसी वहादुर महत, बाजे : वम बहादुर महत
४४)	**१) ऋणी फर्म: बसुन्धारा एकिकृत कृषी तथा पशुपंक्षी फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता : सन्ध्या राजभण्डारी श्रेष्ठ दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा प्रा.फ.द.नं. २५५७/१४९७/०७७/०७८, दर्ता मिति: २०७७/१२/०६, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १८
	२) ऋणी: राजेन्द्र श्रेष्ठ स्थायी ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स. वडा नं. ७, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १८, बाबु : राम बहादुर श्रेष्ठ, बाजे : पदम बहादुर श्रेष्ठ
४५)	**१) ऋणी फर्म: अग्रता फेन्सी एण्ड कस्मेटिक,** प्रोप्राईटर तथा जमानीकर्ता: अनिता शर्मा (मैनाली) दर्ता नं.: उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १९८११/०७७/०७८, दर्ता मिति: २०७७/०६/१५, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. १७
	२) अनिता शर्मा (मैनाली) स्थायी ठेगाना: सर्लाही जिल्ला, हजुरिया गा.वि.स. वडा नं. ३, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७, बाबु: होमनाथ पाध्या, ससुरा: इब नाथ मैनाली, पति: गणेश मैनाली
४६)	**१) ऋणी फर्म: अनुप अस्मीता खाद्य भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: धनन्जय पाण्डे दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४३६३९/०७५/०७६, न.प. ६१/८००/०६५, दर्ता मिति: २०६५/०५/१३, ठेगाना: जिल्ला नवलपरासी, कावासोती न.पा. वडा नं. २
	२) धनन्जय पाण्डे स्थायी ठेगाना: नवलपरासी जिल्ला, अगयौली गा.वि.स. वडा नं. ४, हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २, बाबु: खगेश्वर पाण्डे, बाजे: भेषराज पाण्डे

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २२ वैशाख ०८२

एनआरएनएमा श्रेष्ठसहित पूरै कार्यसमिति निर्विरोध

बद्री केसी नेतृत्वको एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा बहिष्कार

नयाँ पत्रिका


महेशकुमार श्रेष्ठ
नवनिर्वाचित अध्यक्ष

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्मा महेशकुमार श्रेष्ठको नेतृत्वमा ३५ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ। संघका पूर्वअध्यक्ष शेष घले नेतृत्वको उच्चस्तरीय समितिले काठमाडौंमा आयोजना गरेको एकता अधिवेशनबाट नयाँ नेतृत्व चयन भएको हो।

संघको उपाध्यक्षमा खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, सुनीलकुमार शाह, मनोजकुमार श्रेष्ठ, विश्वास दीप लिम्बू (तिगेला), बुद्धिसागर सुवेदी, महिला उपाध्यक्षमा जुनु गुरुङ निर्विरोध भएका छन्। महासचिवमा बाबुराम लामा, सचिव खुलामा टंकप्रसाद गैरे, चिन्तामणि सापकोटा, तिलकप्रसाद गैरे, महिला सचिवमा देवकी खत्री गुरुङ चयन भएका छन्। कोषाध्यक्षमा ठाकुरप्रसाद ढुंगाना र सहकोषाध्यक्ष खुलामा कृष्णप्रसाद पोखेल निर्विरोध भएका छन् भने सहकोषाध्यक्ष महिलामा उम्मेदवारी नै परेको थिएन।

महिला संयोजकमा रश्मि थापा, युवा संयोजकमा भीमसेन थापा, एसिया प्रशान्त क्षेत्रीय संयोजक डा. बलराम श्रेष्ठ, युरोप क्षेत्रीय संयोजक प्रेमबहादुर गुरुङ, मध्यपूर्व क्षेत्रीय संयोजकमा रमेश श्रेष्ठ, उत्तर-दक्षिण अमेरिका क्षेत्रीय संयोजकमा डिलुराम पराजुली, ओसेनिया क्षेत्रीय संयोजकमा इर्सद अहमद चयन भएका छन्।

यस्तै, एसिया प्रशान्त क्षेत्रीय उपसंयोजकमा रामप्रसाद खरेल र लोकेन्द्र ओली, युरोप क्षेत्रीय उपसंयोजकमा माधव पोखरेल र मीमबहादुर पुर्जा, मध्यपूर्व क्षेत्रीय उपसंयोजकमा सुनीलकुमार घिमिरे र श्रीकृष्ण भट्टराई, उत्तर-दक्षिण अमेरिका क्षेत्रीय उपसंयोजकमा विश्वराज बाँस्तोला र नरबहादुर टन्डन क्षेत्री, ओसेनिया क्षेत्रीय उपसंयोजकमा रामप्रसाद कँडेल र प्रताप राना निर्विरोध निर्वाचित भएका छन्। अफ्रिका क्षेत्रीय संयोजक र उपसंयोजकमा उम्मेदवारी नपरेको बताइएको छ।

२१ चैत ०८० मा सर्वोच्च अदालतले शेष घले नेतृत्वको उच्चस्तरीय समितिलाई ब्युँताउँदै ६ महिनाभित्र एकता अधिवेशन गर्न आदेश दिएको थियो। साथै, आदेशमा चैत ०७८ पछि भएका अधिवेशन खारेज गर्न भनिएको थियो। सर्वोच्चको सोही आदेशबमोजिम घलेले शनिबार र आइतबार संघको एकता अधिवेशन गरेका हुन्। तर, बद्री केसी नेतृत्वको एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्ले भने एकता महाधिवेशन बहिष्कार गरेको छ। यो समूहले आफ्नो कार्यसमिति वैधानिक रहेको भन्दै एकता महाधिवेशनलाई अस्वीकार गरेको हो।

संघको एघारौँ महाधिवेशनमा केसीसँग पराजित भएका आरके शर्मा र महेशकुमार श्रेष्ठ घले एकता महाधिवेशनमा सहभागी भए, जसमध्ये महेश निर्विरोध अध्यक्षमा चयन भएका छन्। एनआरएनए एकता अधिवेशन शनिबार परराष्ट्रमन्त्री आरजु राणा देउवाले उद्घाटन गरेकी हुन्।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

पाँचथर पावर कम्पनी लिमिटेडको आ.व.०८१/०८२ को तेस्रो त्रैमासिक अवधिको विवरण

Panchthar Power Company Ltd.
Hattiban, Lalitpur, Nepal

Balance Sheet as on Chaitra 31st, 2081 (Unaudited) NRP'000

Particulars	This Quarter ending As at 31st Chaitra, 2081	Previous Quarter ending As at 29th Poush, 2081	Previous Quarter ending As at 30th Chaitra, 2080
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	1,618,405.47	1,634,400.58	2,029,218.68
Work-in-Progress	1,278,093.32	622,034.18	301,211.18
Investments			
Total Non-Current Assets	**2,896,498.78**	**2,256,434.76**	**2,330,429.85**
Current Assets:			
Deposits	8,691.40	50,889.94	11,005.40
Other Loans & Advances	8,537.32	1,424.43	1,424.43
Sundry Debtors	157,146.71	567,364.48	187,399.74
Inventories			-
Cash & Bank Balance	20,968.39	560.52	3,002.86
Total Current Assets	**195,343.82**	**620,239.38**	**202,832.44**
Total Assets	**3,091,842.61**	**2,876,674.14**	**2,533,262.29**
Equity			
Share Capital	962,500.00	962,500.00	962,500.00
Reserve and Surplus	(88,041.04)	(114,064.64)	(17,956.54)
Total Equity	**874,458.96**	**848,435.36**	**944,543.46**
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	551,911.49	630,006.61	778,778.71
Unsecured Loans	1,125,678.39	1,094,653.39	542,214.89
Total Non-Current Liabilities	**1,677,589.88**	**1,724,660.00**	**1,320,993.60**
Current Liabilities:			
Trade and Other Payables	539,793.77	303,578.79	267,725.23
Shgort Term Loan Loan			-
Dividend Payable			
Deferred Tax Liabilities			
Total Current Liabilities	**539,793.77**	**303,578.79**	**267,725.23**
Total Liabilities	**2,217,383.65**	**2,028,238.78**	**1,588,718.83**
Total Equity and Liabilities	**3,091,843**	**2,876,674**	**2,533,262**

Profit & Loss Accounts for the period end Chaitra 31, 2081 (Unaudited) (NRS,000)

Particulars	This Quarter ending As at 31st Chaitra, 2081	Previous Quarter ending As at 29th Poush, 2081	Previous Quarter ending As at 30th Chaitra, 2080
Revenue from Operations	7,296.39	-	-
Less: Direct Expenses	1,635.16	-	-
Gross Profit	5,661.23	-	-
Other Income	49,471.61	1,000.00	80,030.37
Staff Costs	3,912.44	2,212.60	3,218.08
Other Operating Costs	3,454.32	2,141.81	13,583.56
Financial Costs	43,762.30	37,488.08	119,052.37
Depreciation	55,614.54	36,791.85	64,761.70
Impairment of project Assets	-	-	-
Provision for Staff Bonus	-	-	-
Net Profit before Tax	**(51,610.75)**	**(77,634.34)**	**(120,585.33)**
Income Tax	-	-	-
Net Profit	**(51,610.75)**	**(77,634.34)**	**(120,585.33)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

पाँचथर पावर कम्पनी लि.को आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तिय बिवरण**
क. त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ।
ख. प्रमुख वित्तिय अनुपातहरू:

प्रति शेयर आम्दानी (रु.)EPS**	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पतिको मूल्य (रु.)	तरलता अनुपात
(५.३६)	३१६.२८	९०.८५	३२१.२३	०.३६

EPS** वार्षिकीकरण नगरिएको।

२. **व्यवस्थापकीय विश्लेषण**
यस आयोजनालाई मिति २०८० आषाढ महिनामा आएको वाढीले आयेजनालाई क्षति पुऱ्याएको तथा २०८१ आश्विन १२ गते पुन वाढी आइ आयोजनाको सिभिल संरचना सहित पावर हाउस लगायत इलेक्ट्रो मेकानिकल इक्यूपमेण्ट समेतमा क्षति हुन गएकोले र सो को मर्मत कार्य सम्पन्न गरि मिति २०८१ चैत्र १६ गते बाट बिद्युत उत्पादन सुचारु गरिएको छ। आगामी दिनमा पनि आयोजना वाट अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनि आशावादी रहेको छ। दोस्रो पटक आयोजनालाई क्षति पुऱ्याएको सम्पति विमा दावी वापतको रकम बिमा कम्पनी संग दावी गर्ने प्रकृयामा रहेको र हाल पेश्की स्वरुप रु.४,००,००,०००। प्राप्त भएको छ। कम्पनीले दास्रो पटकको सम्पती क्षति लाई Disposal गरि लसमा देखाईएको छैन। पछि यकिन भए पश्चात मात्र सम्पती लसमा लेखाङ्कन गरिने ब्यहोरा समेत जानकारी गराईन्छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**
यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	कारोवार रकम (रु.)
३५२	२८३	३१६.२८	५६	११८९४	१,०५,७९,४१,५३७.००

५. **समस्या तथा चुनौती**
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पुर्वानुमान गरे भन्दा बाहिरको बाढी पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती तथा नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनावाट हुने बिद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्धोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

■ लेखा समिति नेतृत्वले गिजोल्दै पोखरा र भैरहवा विमानस्थल अनियमितता प्रतिवेदन

सांसदले माग गर्दा पनि सभापतिले तोकेनन् छलफल गर्ने बैठकको मिति


ऋषिकेश पोखेल
लेखा समिति सभापति

माननीयहरूको भनाइसँग म सहमत छु, तर प्रतिवेदनका बारेमा खासै कुरा नगरौँ, अर्को बैठकमा छलफल हुने भएकाले त्यहाँ बोलौँ भन्ने कुरा हो।


रामकृष्ण यादव
कांग्रेस सांसद

समितिमा सबै माननीयलाई बोल्न दिनुस्, यसो गर्दा एकरूपता हुन्छ। कसैलाई बोल्न दिने, कसैलाई नदिने भन्ने हुँदैन। अन्यभन्दा लेखा समिति फरक हो।


योगेश भट्टराई
एमाले सांसद

मन्त्रालय सम्हालिसकेको व्यक्तिले सम्बन्धित निकायको छानबिन गर्ने उपसमितिमा नबस्ने कुरामा लगभग सैद्धान्तिक सहमति हुने भएपछि म बस्दिनँ।


अमनलाल मोदी
माओवादी सांसद

उपसमितिमार्फत सानो टिमले अध्ययन गर्ने निर्णय भएअनुसार प्रतिवेदन प्राप्त भइसक्यो। अरू उपसमिति बनाउने भन्दा पनि निर्णय गर्नीतर जानुपर्छ।


गोकुलप्रसाद बाँस्कोटा
एमाले सांसद


पोखराको प्रतिवेदनबारे छलफल गर्न अर्को बैठकको मिति तोक्न कसैले अडान नलिऔँ, यसबारे अध्ययन बाँकी होला। अध्ययन सकेर बैठक गरौँ।


मनीष झा
रास्वपा, सांसद

अध्ययन गर्ने मन्त्रालयको मन्त्री भइसकेका व्यक्ति समितिमा बस्दा स्वार्थको द्वन्द्वको आशंका हुन्छ। पूर्वपर्यटनमन्त्रीहरूले जिम्मेवारी छाड्नुपर्छ।


प्रेम आले
सांसद नेकपा एस

२२ अर्ब भुक्तानी भएकाले सोझै आठ अर्ब अनियमितता भयो वा भएन भनेर प्रश्न गरिहाल्नुपर्ने ठाउँ छैन। तुरुन्त मिति तोकेर अर्को बैठकमा छलफल गरौँ।


अमरेशकुमार सिंह
स्वतन्त्र सांसद

संसद्को लेखा समितिले सरकारका अनियमितता छानबिन गरेर खबरदारी गर्नुपर्नेमा विमानस्थलको भ्रष्टाचारलाई सहजीकरण गर्ने काम भएको छ।

अजित अधिकारी/नयाँ पत्रिका

१० अर्बभन्दा बढी भ्रष्टाचार भएको निष्कर्षसहित तयार भएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी छानबिन समितिको प्रतिवेदनमाथिको छलफल लेखा समितिले धकेलेको छ।

आइतबारको बैठकमा सांसद राजेन्द्र लिङ्देन नेतृत्वको उपसमितिले दिएको पोखरा विमानस्थलसम्बन्धी प्रतिवेदन छलफलका लागि समिति सदस्यहरूलाई वितरण गरिएको छ। छलफलको सुरुमै भैरहवा विमानस्थल छानबिन उपसमिति संयोजक रहेका पूर्वपर्यटनमन्त्री योगेश भट्टराईले स्वार्थको द्वन्द्व हुने भनेर प्रश्न उठेको भन्दै उपसमितिमा नबस्ने जानकारी गराए। उनले भैरहवाको उपसमिति आफूले छाडेपछि पोखराको उपसमितिबाट पूर्वपर्यटनमन्त्री प्रेम आलेले छाड्नुपर्ने बताए। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनीष झाले पनि आलेलाई पोखराको उपसमिति सदस्यबाट अलग हुन सुझाव दिए। लगत्तै आलेले पोखराको उपसमिति छाड्ने जानकारी गराए।

भट्टराईले र आलेले आआफ्नो जिम्मेवारी छाडेपछि दुवै प्रतिवेदन गिजोलिएका छन्। दुई पूर्वपर्यटन मन्त्रीले जिम्मेवारी छाडेर समितिलाई अपूर्ण बनाएपछि समिति सदस्य रहेका डा. अमरेशसिंहले भ्रष्टाचारलाई सहजीकरण गर्ने काम भइरहेको आरोप लगाए। 'समितिले सरकारका अनियमिता छानबिन गरेर खबरदारी गर्नुपर्नेमा भ्रष्टाचारलाई सहजीकरण गर्ने काम भएको छ,' उनले भने।

उपसमितिका संयोजक तथा सदस्यले राजीनामा दिएपछि पोखरा र भैरहवा विमानस्थलबारेको प्रतिवेदन के हुने र कहिले बैठक बस्ने भन्ने निर्णय आइतबारको बैठकले गरेन। समिति सभापति पोखेलले पोखरा विमानस्थल प्रतिवेदनबारे थप अध्ययन गरेर अर्को बैठकमा छलफल गर्ने निर्णय सुनाए। त्यस्तै, भैरहवा विमानस्थलको उपसमिति सदस्यहरूबाटै संयोजक तोकेर चाँडै प्रतिवेदनलाई पूर्णता दिने निर्णय भएको उनले जानकारी दिए। समिति सदस्यहरूले बारम्बार अर्को बैठकको मिति तोक्न आग्रह गरे पनि उनले मानेनन्।

माओवादी सांसद अमनलाल मोदीले उपसमितिबाट पेस भएको प्रतिवेदनलाई थप अध्ययन गर्नुनपर्ने बताए। 'ठुलो टिमले अध्ययन गर्न गाह्रो हुन्छ भनेर उपसमितिमार्फत सानो टिमले अध्ययन गर्ने निर्णय भएअनुसार प्रतिवेदन प्राप्त भइसक्यो। अब यो प्रतिवेदनउपर थप छलफल गर्ने, अरू उपसमिति बनाउने भन्दा पनि निर्णय गर्नीतिर जानुपर्छ,' उनले भने।

पोखरा विमानस्थलको अध्ययन उपसमिति सदस्यसमेत रहेका एमाले सांसद गोकुल बाँस्कोटाले प्रतिवेदनमा संशोधन गर्नुपर्ने आशय व्यक्त गरेका छन्। 'प्रतिवेदनमा अध्ययन बाँकी होला। त्यसपछि बैठक गरौँ,' उनले भने। उपसमितिमा बसेर अनियमितताको कांग्रेस सचेतक श्याम घिमिरेले प्रतिवेदन प्राप्त भइसकेपछि छलफल गरेर निष्कर्षमा पुग्नुपर्ने बताए।

■ छलफल टार्न सांसदसँग सभापति पोखेलको नोकझोक



आइतबारको बैठकमा पोखरा विमानस्थलको छानबिन प्रतिवेदन सबै सांसदलाई वितरण गरेपछि सभापति पोखेलले अर्को बैठकमा प्रतिवेदनबारे विस्तृत छलफल गर्ने भन्दै सामान्य सुझाव दिन आग्रह गरेका थिए। केही सांसदले बोलिसकेपछि सभापति पोखेलले पोखराको छानबिन प्रतिवेदनबारे थप सांसदलाई बोल्न नदिने गरी विषय टुंग्याउन खोजे। तर, लेखा समितिका पूर्वसभापतिसमेत रहेका कांग्रेस सांसद रामकृष्ण यादवले सबै सदस्यलाई बोल्न दिनुपर्ने बताए। सांसद यादव बोलिरहँदा बिचमै सभापति पोखेलले 'तपाईंको भनाइसँग म सहमत छु, तर प्रतिवेदनका बारेमा खासै कुरा नगरौँ, अर्को बैठकमा छलफल हुने भएकाले त्यहाँ बोलौँ भन्ने कुरा हो,' भनेका थिए। सभापति पोखेलले यसो भनेपछि सांसद यादवले अन्य समितिको तुलनामा लेखा समिति फरक रहेको भन्दै केही सुझाव दिए।

माओवादी सांसद अमनलाल मोदीले सानो र छरितो उपसमिति बनाएर गरेको अध्ययन प्रतिवेदनबारे फेरि विस्तृतमा छलफल गर्नुको अर्थ नहुने बताए। उनले पनि छिटो मिति तोकेर बैठक बस्नुपर्ने र प्रतिवेदनलाई टुंग्याउनुपर्ने धारणा राख्दा सभापति पोखेलले सबैको अनुकूलतामा बैठक आह्वान गर्ने जानकारी दिएका थिए।

त्यसपछि एकीकृत समाजवादीका सांसद प्रेम आलेसँग भने सभापति पोखेल सवाल-जवाफमै उत्रिए। आलेले केही समयअघिबाटै बोल्न समय मागे पनि सभापति पोखेलले आलेलाई रोक्दै अन्य सांसदलाई बोल्न समय दिइरहेका थिए। उनले १४ अर्ब लागतको पोखरा विमानस्थल निर्माण गर्दा २२ अर्ब भुक्तानी भएकाले सोझै आठ अर्ब भ्रष्टाचार भइसकेकाले अनियमितता भयो वा भएन भनेर प्रश्न गरिहाल्नुपर्ने ठाउँ नरहेको बताए। उनले प्रतिवेदनबारे छलफलका लागि अर्को बैठकको मिति तोकेर आह्वान गर्न पनि सभापति पोखेललाई आग्रह गरे। तर, सभापतिले अर्को बैठकको मिति तोक्न आनाकानी गरे। 'कहिले छलफल गर्ने हो, मिति तोकेर जाऔँ। मिति तोकिएन भने जति पनि समय लाग्ने भयो,' आलेको यस्तो प्रस्तावलाई सभापति पोखेलले तुरुन्तै खण्डन गर्दै भने, 'मैले अघि नै भनेँ, प्रतिवेदन अध्ययन गरेर अर्को बैठकमा छलफल गर्ने। त्यतिवेलासम्म प्रतिवेदनबारे हामी एक हुने र छलफल गर्ने।'

तर, सभापति पोखेलको यस्तो सुझावलाई आलेले मानेनन् र फेरि आग्रह गर्दै भने, 'अर्को बैठकको समय तोक्नुस् न त।' समय तोक्नबाट पन्छिँदै सभापति पाखेलले फेरि भने, 'तपाईंले भनेर हुँदैन। जुन दिनलाई सजिलो हुन्छ, त्यो दिनलाई तोकिन्छ।' सभापति पोखेलले प्रतिवेदनबारेको छलफललाई धकेल्न चाहेको प्रस्ट संकेत पाएका आलेले पनि मिति तोकेर अर्को बैठक आह्वान गर्न जबर्जस्ती गर्दै भने, 'लु, सबैले निर्णय गरौँ न त। छिटोभन्दा छिटो अर्को मिति तोकौँ।'



सभापति पोखेलले छिटो बैठक राख्ने गरी मिति तोक्न आलेले गरेको प्रस्ताव अस्वीकार गरे। 'त्यसरी जबर्जस्ती पाराले नभन्नुस्,' उनले भने।

आलेले मिति तोकेरै जानुपर्ने अडानलाई छाडेनन्। उनले कहिले बैठक बस्छ त भनेर सोधेको प्रश्नको जवाफमा सभापति पोखेलले भने, 'यसबिचमा जहिले खाली हुन्छ, त्यही दिन राख्ने।' सभापति पोखेलले बैठकको मिति तोक्न आनाकानी गरेको हेरिरहेका कांग्रेस सांसद रामकृष्ण यादवले आउँदो बैठकको मिति तोकेर जानुपर्ने सुझाव दिए। तर, उनको प्रस्तावमा सभापति पोखेल मौन बसे। यादवलगत्तै बोलेका एमाले सांसद गोकुल बाँस्कोटाले प्रतिवेदनबारे थप अध्ययन आवश्यक रहेको भन्दै अर्को मिति तोकिहाल्ने विषयमा अडान राख्न नहुने भन्दै सभापति पोखेलको पक्ष लिए।

बैंकर र व्यवसायी छुट्याउनुपर्नेमा सांसदहरूको जोड

काठमाडौं/ स्वार्थ बाझिएको भन्दै व्यवसायी र बैंकर छुट्याउन सांसदहरूले जोड दिएका छन्। आइतबार सिंहदरबारमा बसेको अर्थ समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. स्वर्णिम वाग्लेले बैंकर र व्यवसायी छुट्याउन आवश्यक रहेको बताए। उनले भने, 'स्वार्थ बाझिने विषय राखिनुहुँदैन। बैंक-व्यवसायी छुट्याउन हुने वा नहुनेमा धेरै बहस भइरहेको छ, अहिलेको समयमा कतिको यो व्यावहारिक हो भन्दै एउटा समूहले प्रश्न उठाइरहेको छ।'

छलफलमा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बैंक तथा वित्तीय संस्थाहरूको नियमन र जोखिम व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन नीतिगत सुधारको आवश्यकता रहेको बताए। पूर्वबैंकर पर्शुराम कुँवरले बैंक तथा वित्तीय संस्थामा लगानी गरेकै आधारमा ऋण नै नदिनेजस्तो नीतिगत व्यवस्था गरिए त्यसले ठुलो असर पार्न सक्ने जोखिम रहेको बताए। बैंक तथा वित्तीय संस्थामा लगानी गर्नेबित्तिकै व्यवसायीलाई ऋणबाट वञ्चित गराउन नहुने उनको भनाइ छ।

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/२२

यस सा व उ स वाट संकलित खयर काठ ७४.५९ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

भोर्लेपाखा सा. वन उपभोक्ता समूह, म्याग्दे ५, तनहूँ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय काभ्रेपलान्चोक, धुलिखेल

मालपोत कार्यालय काभ्रेबाट जारी भएको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/२२

श्रीखन्डपुर गाबिस वडा नं ९ को कित्ता नं ११५६ क्षेत्रफल ०-२-०-२ कित्ता नं ७७६ क्षेत्रफल ०-६-०-० जग्गा हाम्रो माइलो काका इन्द्र बहादुर श्रेष्ठको नाममा नापनक्शा भइ श्रेष्ता कायम भएको निजको अबिवाहित अबस्थामा मृत्यु भएको निजको हकखाने नजिकको हकदार हामी भतिजाहरू र भतिजे बुहारी कृष्ण बहादुर श्रेष्ठ, मेन बहादुर श्रेष्ठ, जयराम धुजु र मिश्रीमाया श्रेष्ठ मात्र भएको ले हाम्रो नाममा नामसारी गरिपाँउ भनि यस कार्यालयमा मिति २०८२-१-१६ गते निबेदन गरेको हुँदा उक्त मृतक इन्द्र बहादुर श्रेष्ठको अबिवाहित मृत्यु भएको हो होइन ? निज मृतकको लालन पालन र हेरचाह कसले गरेको हो ? निजको हकखाने निबेदक बाहेक अन्य हकदार को को छन् ? निबेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा मृतकको लालन पालन र हेरचाह निबेदक बाहेक अन्य कसैले गरेको भए निबेदकको नाममा नासारी गर्दा अन्य कसैको हकजाने भए प्रमाण सहित बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा हकदाबी गर्न आफै वा वारेश मार्फत आउन सम्बन्धित सबैको जानकारिको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। आफुपनि नआइ वारेश पनि नपठाइ म्याद गुजारी बसेमा नियमानुसार भइजाने ब्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

कुलमानले पिइसी बैठकमा गरेको समझदारी नै अनुमोदन गरिँदै



■ कुलमानलाई हटाउँदा सरकारले देखाएका १० कारणमा एउटा पिइसीमा गरिएको समझदारी पनि हो, अहिले त्यही समझदारी अनुमोदन गर्दै ऊर्जामन्त्री खड्का

■ बक्यौता पुनरावलोकन प्रक्रियामा आउन उद्योगीलाई जेठ मसान्तसम्मको अल्टिमेटम, नआए असुली प्रक्रिया अघि बढाइने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

ऊर्जामन्त्री दीपक खड्काले नेपाल-भारत पावर एक्सचेन्ज कमिटी (पिइसी)को ३० माघमा नयाँदिल्लीमा सम्पन्न बैठकमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङले गरेको समझदारी अनुमोदन गर्ने भएका छन्। आइतबार सम्पन्न प्राधिकरणको सञ्चालक समितिको बैठकले उक्त समझदारी अनुमोदनका लागि मन्त्रिपरिषद् पठाउने निर्णय भएको एक सञ्चालकले जानकारी दिए। प्राधिकरणको सञ्चालक समिति अध्यक्ष रहेका ऊर्जामन्त्री खड्काले सोही समझदारीलाई कारण देखाउँदै कुलमानलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएका थिए।

३० माघको पिइसी बैठमा नेपालले भारतको बिहार र उत्तर प्रदेशबाट एक सय ३२ केभी प्रसारणलाइन हुँदै आयात गर्ने विद्युत्को खरिद दर प्रतियुनिट ७.९८ भारुबाट १.५ प्रतिशतले बढाएर ८.१ भारु पुऱ्याउने समझदारी भएको थियो। पिइसी बैठकमा गरिने समझदारी प्राधिकरणको सञ्चालक समिति र विद्युत् नियमन आयोगबाट अनुमोदन गरेर कार्यान्वयन गर्ने अभ्यास छ। पछिल्लो समझदारी १ अप्रिलदेखि एक वर्षका लागि थियो।

तर, राजनीतिक प्रतिशोधमा कुलमानलाई हटाउन लागिपरेका ऊर्जामन्त्री खड्काले कार्यान्वयन गर्नुको सट्टा स्वीकृति नलिई राज्यलाई आर्थिक दायित्व बढाउने काम गरेको भन्दै कुलमानलाई स्पष्टीकरण सोधेका थिए। कुलमानलाई हटाउन २२ पुसमा सातदिने, १३ फागुनमा २४ घण्टे र २२ फागुनमा तीनदिने स्पष्टीकरण सोधिएको थियो। त्यसमा १३ फागुन र २२ फागुनको स्पष्टीकरणमा यससम्बन्धी बुँदा समावेश छन्। ११ चैतमा कुलमानलाई हटाएर प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्ति गरिएको थियो। ११ चैतमा कुलमानलाई हटाउँदा मन्त्रिपरिषद्ले देखाएको १० बुँदे कारणमा दोस्रो नम्बरमा यही विषय उल्लेख छ। 'यही विषयमै कुलमानलाई हटाएको र यही विषय सञ्चालक समितिबाटै अनुमोदन गर्दा समस्या हुने भएपछि मन्त्रिपरिषद् पठाउने निर्णय गरिएको छ,' उक्त सञ्चालकले भने, 'अब मन्त्रिपरिषद्ले नै यसबारे निर्णय गर्नेछ। यो समझदारी कुनै पनि हालतमा पहिला नै कार्यान्वयन गर्नुपर्ने थियो। तर, राजनीतिक प्रतिशोधमा कार्यान्वयन नगरेर कुलमानलाई स्पष्टीकरण सोधेर हटाइयो। अहिले यसलाई नै अनुमोदन गरिँदै छ। दोहोरो चरित्र देखाइरहेका छन्।'

प्राधिकरणका प्रवक्ता राजाभाइ शिल्पकारले आइतबारको बोर्ड बैठकमा यो विषय एजेन्डामा रहेको जानकारी दिए। 'आइतबारको बोर्ड बैठकमा यो विषय एजेन्डामा थियो। त्यसमा के निर्णय भयो भनेर मलाई जानकारी भने आइसकेको छैन,' उनले बताए। पिइसीअन्तर्गत भारतको बिहार र उत्तरप्रदेशबाट सन् १९९१ देखि विद्युत् आयात हुँदै आएको छ। त्यसमा आवश्यक निर्णय गर्ने विषयमा प्राधिकरणका कार्यकारी निर्देशकलाई नै अधिकार दिइएको छ।

बक्यौता पुनरावलोकन प्रक्रियामा आउन उद्योगीलाई अल्टिमेटम

सञ्चालक समितिले उद्योगीलाई डेडिकेटेड फिडर र ट्रंकलाइन विद्युत् महसुलको बक्यौता पुनरावलोकन गर्ने प्रक्रियामा आउन आगामी जेठ मसान्तको समय दिइएको छ। त्यस अवधिमा निवेदन दर्ता नगरेमा कानुनअनुसार बक्यौता असुली गर्ने निर्णय भएको एक सञ्चालकले जानकारी दिए। २९ चैतको सञ्चालक समितिको बैठकले प्रशासनिक पुनरावलोकन गर्दा राख्नुपर्ने धरौटी २५ प्रतिशतबाट घटाएर ५ प्रतिशत बनाउने निर्णय गरेको थियो। तर, हालसम्म कुनै पनि उद्योगी त्यसअनुसार पुनरावलोकन प्रक्रियामा आएका छैनन्। अझै पनि ४९ उद्योगको सवा आठ अर्ब रुपैयाँ बक्यौता छ। त्यसमा ३४ उद्योग भने बक्यौता तिर्ने प्रक्रियामै आएका छैनन्। उनीहरूको मात्रै ६ अर्ब ९३ करोड ९७ लाख रुपैयाँ बक्यौता छ। यो माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता हो। यस अवधिको साँवा बक्यौता मात्रै ६ अर्ब ११ करोड रुपैयाँ रहेको प्राधिकरणको श्वेतपत्रमा उल्लेख छ। साउन ०७२ देखि असार ०७७ सम्मको बक्यौता भने जरिवानासहित २३ अर्ब ४४ करोड रुपैयाँ बक्यौता छ। कुलमानले यो बक्यौता उठाउन खोज्दा सरकारले असहयोग गरेको थियो।

'केई एक्सचेन्ज कार्निभल' हुँदै



काठमाडौं/ नेपालका लागि केई इभीको आधिकारिक वितरक लक्ष्मी ई-मोबिलिटी र जिओ अटोमोबाइल्सले 'केई एक्सचेन्ज कार्निभल ०८२' आयोजना गर्ने भएका छन्। एक्सचेन्ज कार्निभल थापाथली, काठमाडौंमा २६ देखि २८ वैशाखसम्म सञ्चालन हुनेछ। कार्निभलमा जुनसुकै पुराना गाडीसँग ई-क्युट ०२, ई-क्युट ०४ र एक्स ३ प्रो गरी केई इभीका तीन मोडेल विशेष अफरका साथ एक्सचेन्ज गर्न सकिने कम्पनीले जनाएको छ। यस कार्निभलको उद्देश्य स्मार्ट र थप रमाइलो तरिकाले विद्युतीय सवारीसाधनमा स्तरोन्नति गर्न प्रोत्साहित गर्नु रहेको बताइएको छ।

कार्निभलले सुविधा, बचत र उत्सवमा केन्द्रित हुँदै इभीका पारखी र उनीहरूका परिवारका लागि मनोरञ्जनसँगै केईका उत्पादनबारे जानकारी गराउने लक्ष्यसमेत राखेको छ। एक्सचेन्ज कार्निभल अवधिमा ग्राहकलाई उत्कृष्ट रिसेल मूल्यसहित विशेषज्ञ सवारी मूल्यांकन दिइने कम्पनीले जनाएको छ। साथै, केईले विशेष एक्सचेन्ज बोनस, नगद छुट, सडक कर र बिमाको पूर्ण कभरेजसमेत प्रदान गर्नेछ।

मुसहर समुदायलाई एसबिआई बैंकको सहयोग

काठमाडौं/ नेपाल एसबिआई बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत मुसहर समुदायलाई सहयोग गरेको छ। बैंकले हरिपुर नगरपालिका- ७, सर्लाहीका मुसहर समुदायलाई लक्षित गरी अत्यावश्यक तथा शैक्षिक सामग्री वितरण गरेको हो। बैंकका मधेश प्रदेश प्रमुख उदय पन्जियार थारूले समुदायका ५० परिवार तथा बालबालिकालाई उक्त सामग्री हस्तान्तरण गरेका थिए। कार्यक्रममा हरिपुर नगरपालिकाका प्रमुख गोपाल पन्जियार, बैंक तथा नगरपालिकाका अन्य उच्च पदाधिकारीसमेतको उपस्थिति रहेको थियो।

टाइटनको ब्रान्ड एम्बासडरमा केसी



काठमाडौं/ भारतीय घडी निर्माता कम्पनी टाइटनको ब्रान्ड एम्बासडरमा मिस नेपाल अश्माकुमारी केसी नियुक्त भएकी छिन्। विश्वको पाँचौं ठुलो घडी निर्माता टाइटनको ब्रान्ड एम्बासडरमा केसीको नियुक्तिले नेपालप्रति टाइटनको प्रतिबद्धतालाई सुदृढ बनाउनुका सथै सांस्कृतिक सान्दर्भिकता झल्काउने कम्पनीको भनाइ छ। केसीको व्यक्तित्वले टाइटनको डिजाइन, नवीनता र व्यक्तिगत अभिव्यक्तिप्रतिको प्रतिबद्धतालाई पूर्ण रूपमा प्रतिबिम्बित गर्ने पनि कम्पनीले जनाएको छ।

'केसीलाई टाइटन परिवारमा स्वागत गर्न पाउँदा हर्षित छौं,' टाइटन कम्पनी, नेपालका कन्ट्री म्यानेजर, वसन्त वासुदेवनले भने, 'उनको यात्रा टाइटनका मूल्य-मान्यता, महत्त्वाकाङ्क्षा र उत्कृष्टताका लागि चिनिनेछ। उनको सहयोगले घडीप्रेमीको अर्को पुस्तासँग हाम्रो सम्बन्धलाई अझ गहिरो बनाउनेछ।'

नेपालको आधिकारिक वितरक नेपाल ट्रेड नेटवर्क प्रालिका प्रबन्ध निर्देशक सुनीलकुमार अग्रवालले केसीको टाइटनसँगको सम्बन्ध महत्त्वपूर्ण भएको बताए। 'हामीले वीरगन्ज र सिमरामा दुईवटा नयाँ टाइटन स्टोर सुरु गर्दै छौं। यसले हाम्रो खुद्रा पदचिह्न थप्नेछ,' उनले भने।

सहकार्यबारे बोल्दै केसीले टाइटनजस्तो ब्रान्डसँग आबद्ध हुन पाउनु सम्मानको कुरा भएको बताइन्। 'टाइटन जीवनमा धेरै अविस्मरणीय पलहरूको एक हिस्सा भएको छ। म यसको परम्परा र नवीनता दुवैलाई महत्त्व दिने ब्रान्डको प्रतिनिधित्व गर्न पाउँदा उत्साहित छु,' उनले भनिन्। ब्रान्ड एम्बासडर केसीलाई टाइटन ब्रान्डका नवीनतम डिजाइनका साथ आगामी विज्ञापन र डिजिटल प्लेटफर्ममा देखाइनेछ। यस सहकार्यबाट टाइटनले नेपालमा आफ्नो उपस्थितिलाई झन् बलियो बनाउने बताएको छ।

आइसिटी क्षेत्रमा सबैभन्दा बढी कर तिर्ने एनसेल सम्मानित



काठमाडौं/ सरकारले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रको सबैभन्दा धेरै आयकर तिर्ने करदाताका रूपमा एनसेललाई सम्मान गरेको छ। सरकारले शुक्रबार आठौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा आयोजित एक कार्यक्रममा एनसेललाई यो सम्मान प्रदान गरिएको हो। कार्यक्रममा प्रधानमन्त्री केपी ओलीले एनसेलका मार्केटिङ, कम्युनिकेसन्स तथा सस्टेनेबिलिटी डाइरेक्टर पुनम सिंहलाई सम्मानपत्र प्रदान गरेका थिए। आइसिटी क्षेत्रको विकास, विस्तार र समृद्ध नेपालको अभियानमा गत आर्थिक वर्ष ०८०/८१ मा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रबाट सबैभन्दा धेरै कर बुझाएर राष्ट्रलाई पुऱ्याएको विशिष्ट योगदानको उच्च मूल्यांकन गर्दै एनसेललाई यो सम्मान प्रदान गरिएको हो।

'धेरै कर तिर्ने करदातामध्ये एक एनसेलले प्रत्येक वर्ष विभिन्न कर तथा शुल्क शीर्षकअन्तर्गत सरकारलाई करमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ। देशको आइसिटी विकास र आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान दिन पाउँदा हामी गर्व गर्छौं। आइसिटीको विकासमा निरन्तर योगदान गर्दै डिजिटल नेपालको भिजनअनुसार डिजिटल भविष्यका लागि कार्य गर्न प्रतिबद्ध छौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने।

यसअघि पनि एनसेलले विभिन्न समयमा सरकारबाट सर्वोत्कृष्ट करदाता, सर्वोत्कृष्ट आयकरदातालगायत सम्मान पाइसकेको छ। गत पुसमा पनि संस्थागततर्फ गत आर्थिक वर्ष ०८०/८१ मा सबैभन्दा बढी कर योगदान गरेकोमा एनसेल ललितपुर महानगरपालिकाबाट उत्कृष्ट करदाताका रूपमा सम्मानित भएको थियो।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०१/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरिकाले गरिसमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: नेपालगञ्ज, बाँके

१. ऋणीको विवरण

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग नेपालगञ्ज, बाँकेमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६४/०१/१४ मा दर्ता नं. १६५७५/०६३/०६४ कायम भई दर्ता भएको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. ५ स्थित **नेहा हर्बल सप्लायर्स प्रोप्राइटर: मोहम्मद असलम हलवाई**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मोहम्मद अली हलवाईको नाति, अब्दुल रहिम हलवाईको छोरा, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मोहम्मद असलम हलवाई (ना.प्र.प.नं. ७२२ बाँके)**

२. अब्दुल रहीम हलवाईको बुहारी, मोहम्मद असलम हलवाईको पत्नी, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **जाहीदा वानो हलवाई (ना.प्र.प.नं. ६६१०१२/१०४८ बाँके)**

३. मोहम्मद अली हलवाईको बुहारी, अब्दुल रहीम हलवाईको पत्नी, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मुन्नी हलवाई (ना.प्र.प.नं. ४४ बाँके)**

४. शक्कुर हलवाईको नाति, मोहम्मद अली हलवाईको छोरा, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **अब्दुल रहीम हलवाई (ना.प्र.प.नं. ६/६/४/०/०/०/२/७/३ बाँके)**

५. अब्दुल रहीम हलवाईको बुहारी, मोहम्मद सलीम हलवाईको पत्नी, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **नसरिन हलवाई (ना.प्र.प.नं. ६६१०१२/२१०० बाँके)**

६. अब्दुल रहीम हलवाईको बुहारी, मोहम्मद जमीन हलवाईको पत्नी, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **राम कुमारी नेपाली (ना.प्र.प.नं. २४५ बाँके)**

७. मोहम्मद अली हलवाईको नाति, अब्दुल रहीम हलवाईको छोरा, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मो. अक्तर हुसैन हलवाई (ना.प्र.प.नं. ६६१०१२/६६८ बाँके)**

८. मोहम्मद अली हलवाईको नाति, अब्दुल रहीम हलवाईको छोरा, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मो. सलीम हलवाई (ना.प्र.प.नं. ५८५५ बाँके)**

९. मोहम्मद अली हलवाईको नाति, अब्दुल रहीम हलवाईको छोरा, बाँके जिल्ला, नेपालगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **मोहम्मद जमिल हलवाई (ना.प्र.प.नं. २१११ बाँके)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/१०/२९ मा दर्ता नं. २५५६०२/०७७/०७८ कायम भई दर्ता भएको ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ४ स्थित **शाही चाँदनी बिल्डर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चक्र बहादुर शाहीको बुहारी, गणेश बहादुर शाहीको पत्नी, डोल्पा जिल्ला, जुफाल गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **चाँदनी शाही (ना.प्र.प.नं. ५७४७१६ डोल्पा)**

२. ललितजंगा मल्लको बुहारी, मन बहादुर मल्लको पत्नी, पर्वत जिल्ला, लेकफाँट गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **विष्णु मल्ल (ना.प्र.प.नं. ५०६६० पर्वत)**

३. जीत बहादुर खड्काको नाति, बाल कृष्ण खड्काको छोरा, ललितपुर जिल्ला, लामाटार गा.वि.स./न.पा.गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **सुमन खड्का (ना.प्र.प.नं. ३१९६ ललितपुर)**

४. रगालाल डाँगीको नाति, मन चन्द्र डाँगीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **कर्ण चन्द्र डाँगी (ना.प्र.प.नं. ५७-३५१४ डोल्पा)**

५. नर चन्द्र शाहीको नाति, हरि विक्रम शाहीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **जीवन कुमार शाही (ना.प्र.प.नं. ५७-१-००२/८२२३ डोल्पा)**

६. गंगानाथ उपाध्यायको नातिनी, गोपी प्रसाद पहाडीको छोरी, डोल्पा जिल्ला, त्रिपुरासुन्दरी गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **लिला कुमारी पहाडी (ना.प्र.प.नं. ७७४/१५४७ डोल्पा)**

७. रघु सिंहको नाति, भिम बहादुर सिंहको छोरा, जाजरकोट जिल्ला, खत्रोनकोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अमर बहादुर सिंह (ना.प्र.प.नं. ८७१/०५१, जाजरकोट)**

८. रुपा शाहीको नाति, चक्र बहादुर शाहीको छोरा, डोल्पा जिल्ला, ठुली भेरी न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **गणेश बहादुर शाही (ना.प्र.प.नं. ४१६१/१००८ डोल्पा)**

९. टिकाराम डगौराको नाति, फकला डगौराको छोरा, कन्चनपुर जिल्ला, रा.वि. गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सन्तराम चौधरी (ना.प्र.प.नं. ९१२ कन्चनपुर)**

१०. भिम बहादुर सिंहको बुहारी, अमर बहादुर सिंहको पत्नी, जाजरकोट जिल्ला, खत्रोनकोट गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **उषा सिंह (ना.प्र.प.नं. ११६८ जाजरकोट)**

११. बाल कृष्ण खड्काको बुहारी, सुमन खड्काको पत्नी, रौतहत जिल्ला, गौर गा.वि.स./न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **सुनिता कुमारी खनाल (ना.प्र.प.नं. ३३४९ रौतहत)**

शाखा कार्यालय: ४ न. जीतपुर, कपिलवस्तु

ऋणीको विवरण

पिताम्बर भुसालको नाति, युव राज भुसालको छोरा, कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **तोपराज भुसाल (ना.प्र.प.नं.:३/५८८, कपिलवस्तु)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. लिलाधर भुसालको नाति, पिताम्वर भुसालको छोरा, कपिलवस्तु जिल्ला, पिपरा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **युव राज भुसाल (ना.प्र.प.नं. १०७७, कपिलवस्तु)**

२. युव राज भुसालको बुहारी, टोपराज भुसालको पत्नी, कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **मिना कुमारी भुसाल (ना.प्र.प.नं. १/०४/४८२८७, कपिलवस्तु)**

३. पिताम्बर भुसालको बुहारी, युवराज भुसालको पत्नी, कपिलवस्तु जिल्ला, पिपरा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **वाल कुमारी देवी (ना.प्र.प.नं. १/१०७८, कपिलवस्तु)**

शाखा कार्यालय: बेलहा, सिरहा

ऋणीको विवरण

लक्ष्मण मलहाको बुहारी, राम चरित्र मलाहको पत्नी, सिराहा जिल्ला, हनुमान नगर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **बासो देबी मलाहीन (ना.प्र.प.नं. ३४१, सिराहा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. डोमी मलाहको नाति, लक्ष्मण मलहाको छोरा, सिराहा जिल्ला, हनुमान नगर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राम चरित्र मलाह (ना.प्र.प.नं. ३५७१००२२, सिरहा)**

२. लक्ष्मण मलहाको नाति, राम चरित्र मलाहको छोरा, सिराहा जिल्ला, हनुमान नगर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **जितेन्द्र मुखिया (ना.प्र.प.नं. १५१०८६/७८, सिरहा)**

शाखा कार्यालय: बट्टार, नुवाकोट

ऋणीको विवरण

प्रदेश सरकार, बागमती प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय विदुर, नुवाकोटमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७९/०५/०२ मा उद्योग दर्ता नं. १०५८/०७९/८० कायम भई दर्ता भएको नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. २, बट्टार स्थित **न्यु होटल दरबार म्यु** **प्रोप्राइटर : सिर्जना घमला**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मायानाथ पौडेलको नाति, गुणनिधि पौडेलको छोरा, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **इश्वर कुमार पौडेल (ना.प्र.प.नं. ७३१२७, नुवाकोट)**

२. गुणनिधि पौडेलको बुहारी, इश्वर कुमार पौडेलको पत्नी, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४, बस्ने **सिर्जना घमला (ना.प्र.प.नं. ९६४७९, नुवाकोट)**

शाखा कार्यालय: सामाखुशी, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०८/२९ मा दर्ता नं. १७९९२७/०७४/०७५ कायम भई दर्ता भएको ललितपुर जिल्ला, साबिक ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक स्थित **के. डि. ए. ट्रेडर्स प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. वदे सुनारको नाति, जित वहादुर सुनारको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रिम वहादुर बि.क. (ना.प्र.प.नं. ४२३०६३/३२०, स्याङ्जा)**

२. चित्र बहादुर अधिकारीको नाति, कुमार अधिकारीको छोरा, नुवाकोट जिल्ला, थप्रेक गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **राम हरि अधिकारी (ना.प्र.प.नं. १११८२७, नुवाकोट)**

३. खइरे सुनारको नाति, वदे सुनारको छोरा, स्याङ्जा जिल्ला, गणेशपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **जित बहादुर सुनार (ना.प्र.प.नं. २८३६, स्याङ्जा)**

४. तुलाराम रानाको नातिनी, सेरासिङ लामाको छोरी, नुवाकोट जिल्ला, बुङ्गताङ्ग गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अंजली लामा (ना.प्र.प.नं. २५१०११/५१, नुवाकोट)**

५. वल मान पुनको नातिनी, वल बहादुर पुनको छोरी, म्याग्दी जिल्ला, ओखरबोट गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **चोगिता पुन (ना.प्र.प.नं. ४२१०३०/३०३२, म्याग्दी)**

२. ऋणीको विवरण

माधव प्रसाद ढुङ्गेलको नाति, ध्रुव ढुंगेलको छोरा, काठमाण्डौं जिल्ला साबिक मुलपानी गा.वि.स. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मनिष ढुङ्गेल (ना.प्र.प.नं १०१४ ।२९६७७, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नन्दी केशर ढुंगेलको नाति, माधव प्रसाद ढुंगेलको छोरा काठमाण्डौं जिल्ला साबिक मुलपानी गा.वि.स. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **ध्रुव ढुंगेल (ना.प्र.प.नं ३०५० ।१०६४२, काठमाण्डौ)**

२. माधव प्रसाद ढुंगेलको बुहारी, ध्रुव प्रसाद ढुंगेलको पत्नी, काठमाण्डौं जिल्ला साबिक मुलपानी गा.वि.स. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सरस्वती ढुंगेल (ना.प्र.प.नं ३१८ ।०४, काठमाण्डौ)**

३. ऋणीको विवरण

कुवेर पुरीको नाति, दिल लाल पुरीको छोरा, मोरङ्ग जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **गोविन्द पुरी (ना.प्र.प.नं ०५१००२/६२, मोरङ्ग)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

चन्द्र बहादुर गिरीको बुहारी, केदार गिरीको पत्नी, मोरङ्ग जिल्ला, वनिगामा गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **कल्पना गिरी (ना.प्र.प.नं. ५८४१२, मोरङ्ग)**

शाखा कार्यालय: गाठ्ठाघर, भक्तपुर

ऋणीको विवरण

चेत राज भट्टको बुहारी, जय राज भट्टको पत्नि, काभ्रेपलाञ्चोक जिल्ला, कातिके देउराली गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको सुशिला सेन ठकुरी (ना.प्र.प.नं.१२४१४४, काभ्रेपलाञ्चोक)

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नारायण दत्त भट्टको नाति, चेत राज भट्टको छोरा, कैलाली जिल्ला, उर्मा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको जय राज भट्ट (ना.प्र.प.नं.६६१०७, कैलाली)

२. नारायण दत्त भट्टको नाति, चेत राज भट्टको छोरा, डोटी जिल्ला, गडसेरा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको डिल्ली राज भट्ट (ना.प्र.प.नं.७/५४२६, डोटी)

३. चेत राज भट्टको बुहारी, डिल्ली राज भट्टको पत्नि, डोटी जिल्ला, जिजोडामाण्डौं गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको मिना कुमारी पन्त (ना.प्र.प.नं. ५ ।१७९७५ ।४८९, डोटी)

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७७
सोमबार २२ वैशाख ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ सहिद स्मारक 'बी' डिभिजन लिग

शीर्ष डिभिजन उक्लन प्लानिङलाई ५ अंक आवश्यक



प्लानिङ ब्वाइज क्लबका खेलाडी। **तस्बिर सौजन्य** : एन्फा

रमेश सुवेदी/नयाँ पत्रिका

प्लानिङ ब्वाइज क्लब सहिद स्मारक 'ए' डिभिजन लिगनजिक पुगेको छ। प्लानिङलाई शीर्ष डिभिजनमा बढुवा हुन ५ अंक आवश्यक छ। पहिलोपटक सहिद स्मारक 'बी' डिभिजन लिग खेलिरहेको प्लानिङले अपराजित यात्रा कायम राख्दै शीर्ष डिभिजनमा उक्लने योजना बनाएको हो। आइतबार सातदोबाटोस्थित एन्फा मैदानमा भएको खेलमा प्लानिङले श्री भगवती क्लबसँग १-१ को बराबरी खेल्यो। यदि नवौं खेलमा ३ अंक हासिल गरेको भए टोलीलाई मात्र एक खेलमा जित निकाले पुग्ने थियो।

> दुई क्लब सहिद स्मारक 'ए' डिभिजन लिगमा बढुवा भएपछि खेल्ने टोलीको संख्या १६ पुग्नेछ

यद्यपि, बराबरीले पनि प्लानिङले आफ्नो अपराजित यात्रालाई कायमै राखेको छ। ९ खेलबाट २३ अंक जोडेको प्लानिङ दोस्रो स्थानको श्री भगवती क्लबभन्दा २ अंकले अगाडि छ। अब, दुई जित निकाले श्री भगवतीले पनि शीर्ष डिभिजनमा आफ्नो स्थान पक्का गर्नेछ। दुवै टोली पहिलोपटक शीर्ष डिभिजनमा उक्लने योजनामा छन्।

दुई क्लब सहिद स्मारक 'ए' डिभिजन लिगमा बढुवा भए शीर्ष डिभिजन लिग खेल्ने टोलीको संख्या १६ पुग्नेछ। २७ जेठ ०८१ मा सम्पन्न सहिद स्मारक 'ए' डिभिजन लिगपछि पहिलोपटक डिभिजन लिगको साइकल पूरा हुँदै छ। तत्कालीन समय खुमलटार फुटबल क्लब र विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब रेलिगेसनमा परेका थिए। तर, रेलिगेसनमा परेको एपिएफले खेलमा मिलेमतो भएको र श्रम स्वीकृतिविना विपक्षी श्री स्टार क्लबले आफूविरुद्ध विदेशी खेलाडी खेलाएको भन्दै अखिल नेपाल फुटबल संघ (एन्फा)मा उजुरी दर्ता गराएको थियो।

एन्फाले श्री स्टारलाई कारबाही गरे पनि ३ अंक घटाएन। एपिएफले ३ अंक पनि घटाउनुपर्ने माग गर्दै पुनः उजुरी दर्ता गरे पनि एन्फाले यसमा कुनै निर्णय गर्न सकेको छैन। यदि एन्फाले श्री स्टारको ३ अंक खोसे एपिएफ रेलिगेसनबाट बच्नेछ।

सोही कारण कुन टिम रेलिगेसनमा पर्ने अझै दुंगो लागेको छैन। पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फाले सहिद स्मारक 'ए' डिभिजन लिगको विकल्पमा अघिल्लो साता नकआउट फुटबल आयोजना गर्ने तयारी गरेको थियो। तर, १० क्लबले नकआउट फुटबल नखेल्ने निर्णय गरेपछि एन्फा नेतृत्व निर्णय फिर्ता लिन पुगेको थियो। तीन विभागीय टिमसहित संकटा मात्रै नकआउट फुटबल खेल्न तयार भएको थियो।

थापालाई साधारणसभामा नरोक्न अदालतको आदेश

पूर्वअध्यक्ष गणेश थापालाई आगामी २६ वैशाखमा हुने अखिल नेपाल फुटबल संघ (एन्फा)को साधारणसभामा नरोक्न उच्च अदालत पाटनले आदेश जारी गरेको छ। आइतबार न्यायाधीश सुदर्शनदेव भट्टको एकल इजलासले थापालाई साधारणसभामा नरोक्न र सहभागी हुन दिन एन्फाविरुद्ध कारण देखाऊ आदेश जारी गरेको हो।



शुक्रबार थापाले आफूलाई साधारणसभामा रोक्ने प्रयास भएको भन्दै पाटन उच्च अदालतमा रिट दायर गरेका थिए। अदालतको आदेशपछि थापाले आफूलाई रोक्ने एन्फा नेतृत्वको प्रयास असफल भएको प्रतिक्रिया दिएका छन्। 'एन्फाले विधानविपरीत जसरी भए पनि साधारणसभामा रोक्ने प्रयास असफल भएको छ,' थापाले भने, 'एन्फामा भएका तीन वर्षदेखिका विकृति विसंगतिबारे भन्डाफोर हुने डरले रोक्न खोजिएको थियो। साधारणसभा जानु मेरो निमित्त नभई समग्र नेपाली फुटबल परिवर्तनको निमित्त अपरिहार्य थियो।' थापा फिफाको १० वर्षको प्रतिबन्ध फुकुवा भएपछि पहिलोपटक एन्फाको औपचारिक कार्यक्रममा सहभागी हुन लागेका हुन्। उनी सहिद स्मारक 'बी' डिभिजन लिग क्लब आरसी ३२ को सदस्यका रूपमा साधारणसभामा सहभागी हुँदै छन्। थापाले फिफाको प्रतिबन्ध सकिनेबित्तिकै यही वर्षबाट आफू एन्फाको साधारणसभामा सहभागी हुने दाबी गर्दै आएका थिए। पंकजविक्रम नेम्वाङ नेतृत्वले एन्फाको वार्षिक साधारणसभा २६ वैशाखमा धुलिखेलमा आयोजना गर्दै छ।

मध्यपुरलाई रेलिगेसनकै डर

लगातार खराब प्रदर्शनपछि मध्यपुर युथ एसोसिएसनलाई सहिद स्मारक 'बी' डिभिजन लिगको रेलिगेसनको डर बढेको छ। आइतबार भएको खेलमा मध्यपुर वीरगन्ज युनाइटेडसँग १-० ले पराजित भयो। एन्फा मैदानमा वीरगन्जलाई जित दिलाउन अमित बच्चरले ४२औं मिनेटमा विजयी गोल गरेका हुन्। रेलिगेसन क्षेत्रभन्दा मात्र एक स्थान माथि रहेको मध्यपुरको समान खेलबाट ८ अंक छ। जितसँगै नौ खेलमा वीरगन्जले १५ अंक जोडेको छ। ७ अंकका साथ टुसाल र ६ अंक जोडेको सरस्वती युवा क्लब रेलिगेसन क्षेत्रमा छन्।

■ आइपिएल-२०२५

पन्जाब सहज अवस्थामा

एजेन्सी/ पन्जाब किंग्सले इन्डियन प्रिमियर लिग (आइपिएल)को प्ले अफ सम्भावना बलियो बनाएको छ। पन्जाबले आइतबार राति भएको खेलमा लखनउ सुपर जायन्ट्सलाई ३७ रनले पराजित गऱ्यो। पन्जाबको जितले कोलकाता नाइट राइडर्सको पनि सम्भावना कायम छ। पराजित लखनउको सम्भावना भने कमजोर बन्यो।

आइतबार धर्मशालाको मैदानमा टस हारेर ब्याटिङ गरेको पन्जाबले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै २३७ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा लखनउले २० ओभरमा ७ विकेट गुमाउँदा मात्र १९९ रन बनायो। पन्जाबले ११ खेलबाट १५ अंक जोडेको छ। १ अंक बढी रहेको रोयल च्यालेन्जर्स बेंगलुरु १६ अंकसहित शीर्ष स्थानमा छ। समान १४ अंकसहित मुम्बई इन्डियन्स र गुजरात टाइटन्स तेस्रो र चौथो स्थानमा छन्।



कोलकाताको रोमाञ्चक जित

कोलकाता नाइट्स राइडर्सले राजस्थान रोयल्सविरुद्ध १ रनको रोमाञ्चक जित निकालेको छ। इडेन गार्डेनमा टस जितेर ब्याटिङ गरेको कोलकाताले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै २०७ रनको लक्ष्य प्रस्तुत गरेको थियो।

प्रत्युत्तरमा राजस्थानले २० ओभर ब्याटिङ गरे पनि मात्र २०५ रन बनाउन सक्यो। जितसँगै ११ खेलमा ११ अंक जोडेको कोलकाता छैटौं स्थानमा छ। पराजित राजस्थान १२ खेलबाट ६ अंकका साथ आठौं स्थानमा रह्यो। राजस्थानसँगै सनराइजर्स हैदराबाद र चेन्नई सुपर किंग्सको प्लेअफमा पुग्ने सम्भावना सकिसकेको छ। राजस्थानका लागि कप्तान रियान परागले ४५ बलमा आठ छक्का र ६ चौकाको मद्दतले सर्वाधिक ९५ रनको योगदान गरे। उनी आइपिएल इतिहासमा एकै ओभरमा ६ छक्का प्रहार गर्ने पहिलो खेलाडी बनेका छन्। यशस्वी जैसवालले ३४, सिम्रन हेटमेयरले २९, शुभम दुबेले अविजित २५ तथा जोफ्रा आर्चरले १२ रन बनाए। कोलकाताका लागि मोइन अली, सुनील नारायण र वरुण चक्रवर्तीले समान दुई विकेट लिए।

त्यसअघि कोलकाताका लागि आन्द्रे रसेलले २५ बलमा ६ छक्का र चार चौकाको मद्दतले अविजित ५७ रनको योगदान गरेका थिए। अंगक्रिश रघुवंशीले ४४, रहमनुल्लाह गुर्बाजले ३५, कप्तान अजिंक्य रहानेले ३०, रिंकु सिंहले अविजित १९ र सुनील नारायणले ११ रन बनाए। चौथो विकेटका लागि आन्द्रे र अंगक्रिशले ६१ तथा दोस्रो विकेटका लागि अजिंक्य र रहमनुल्लाहले ५६ रनको साझेदारी गरेका थिए।

खेल संक्षेप

साँगुरीगढी र चौबिसे च्याम्पियन

धनकुटा/ चौबिसे गाउँपालिका र साँगुरीगढी गाउँपालिकाले धनकुटामा आयोजना भएको भलिबल उत्सवको उपाधि जितेका छन्। चौबिसेले पुरुष तथा साँगुरीगढीले महिलातर्फको उपाधि उचाले। दुवैले समान ५० हजार प्राप्त गरेका छन्। धनकुटाको तल्लो टुँडिखेलमा सम्पन्न फाइनलमा चौबिसले पाख्रीबास नगरपालिकालाई ३-१ ले पराजित गऱ्यो। चौबिसेले २५-२०, २५-२०, २५-२१ र २५-२१ ले खेल जितेको हो। महिलातर्फ साँगुरीगढीले सहिदभूमि गाउँपालिकालाई ३-० को सोझो सेटमा हरायो। टोली २५-२१, २५-२२ र २५-१४ ले विजयी भएको हो। उपविजेता पाख्रीबास र सहिदभूमिले समान ३० हजार प्राप्त गरेका छन्। विजेता र उपविजेता टिम तथा खेलाडीलाई जिल्ला खेलकुद विकास समिति धनकुटाका अध्यक्ष मनोज राई, कोशी प्रदेश भलिबल संघका अध्यक्ष खेम राई, जिल्ला भलिबल संघका अध्यक्ष गौरव कार्कीलगायतले पुरस्कार वितरण गरेका थिए। जिल्ला भलिबल संघ धनकुटाको आयोजनामा आयोजित भलिबल उत्सवमा वडास्तरीय पुरुष भलिबलतर्फ २० टिम र पालिकास्तरीय महिला भलिबलतर्फ ६ टिम सहभागी थिए।



मनीषको घुँडाको सफल शल्यक्रिया

काठमाडौं/ राष्ट्रिय फुटबल खेलाडी मनीष क्षेत्रीको घुँडाको शल्यक्रिया भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)को खेलाडी संघको पहल तथा स्वास्थ्य सहयोगी संस्था बी एन्ड बी हस्पिटलको सहयोगमा १९ वर्षीय मनीषको सफल शल्यक्रिया सम्पन्न भएको हो। खेलाडी संघका अध्यक्ष विक्रम लामाले भने, 'खेलाडीको खेल्ने सपना बचाउन सक्दो कोसिस गर्दै छौं, यस किसिमका असल काममा तपाईंहरूको पनि सहकार्यको अपेक्षा राख्दछौं। मनीषको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।' यससँगै खेलाडी संघको पहलमा एमआरआई तथा उपचारमा समन्वय गर्दै सुविधा लिने खेलाडीको संख्या २०४ पुगेको छ।

आर्मी सेमिफाइनलमा

काठमाडौं/ विभागीय टोली त्रिभुवन आर्मी क्लब राष्ट्रिय हक्की प्रतियोगिताको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। आइतबार समूह 'ए'को लिग खेलमा अपराजित रहँदा आर्मीले कोशी प्रदेशलाई ३-० ले हरायो। च्यासल मैदानमा आर्मीका लागि काशीराज राई, दीपेन्द्र ऐर र राजेन्द्र कार्कीले समान १-१ गोल गरे। राजेन्द्र 'प्लेयर अफ द म्याच' घोषित भए। यसअघि समूह चरणको खेलमा आर्मीले गण्डकी प्रदेश र मधेश प्रदेशलाई हराएको थियो। वर्षाका कारण दुई खेल मात्र सम्भव भए। पुरुषमा नेपाल पुलिस र बागमती प्रदेश तथा महिलामा आर्मी र गण्डकीबिचको खेल वर्षाले प्रभावित बन्यो।

अदिशलाई अस्ट्रेलियामा स्वर्ण पदक

काठमाडौं/ नेपाली तेक्वान्दो खेलाडी अदिश खड्काले अस्ट्रेलियामा भएको २०२५ गोल्डकोस्ट ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक जितेका छन्। आइतबार गोल्डकोस्टस्थित करार स्टेडियममा अदिशले १७ वर्षमुनि उमेर समूह पुरुष एकल पुम्सेमा स्वर्ण जितेका हुन्। अदिशले च्याम्पियन हुन ६.२३ अंक जोडे। दश दिनको अवधिमा अदिशको यो दोस्रो अन्तर्राष्ट्रिय पदक हो। यसअघि उनले २१औं वाटा ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको सोही स्पर्धामा रजत जितेका थिए। वाटा ओपन जापानको ओसाकामा २५ देखि २७ अप्रिलसम्म भएको थियो। अदिश जापानबाटै गोल्डकोस्ट ओपन खेल्न अस्ट्रेलिया गएका थिए।

मुख्य स्पर्धामा मिलन विजयी

काठमाडौं/ बुढानीलकण्ठ फाइट नाइटको मुख्य स्पर्धामा नेपालका मिलन तामाङ विजयी भएका छन्। आइतबार पुरुष ६० केजीको प्रतिस्पर्धामा मिलनले थाइल्यान्डका असादा रक्मितलाई दोस्रो राउन्डमा नकआउट गरे। मिलनले एक लाख नेपाली रुपैयाँ र असादाले नौ सय अमेरिकी डलर नगद पुरस्कार हात पारे। हात्तीगौंडा खेलकुद समितिको आयोजनामा गोल्फुटारमा भएको प्रतियोगिताको पुरुष ५२ केजीमा नेपालका योमन मोक्तानले नेपालकै कुञ्जन घिमिरेलाई हराए। ५४ केजीमा नेपालका पुरनजित राईले सफलता पाए। उनले भारतका स्खेम्बोर्लाङ मार्वेनलाई पाखा लगाए। ७० केजीमा नेपालका महेन्द्र गजमेरले बाजी मारे। उनले नेपालकै रोनिश सुब्बालाई पन्छाए। नेपाल राष्ट्रिय मुवाँथाई संघको प्राविधिक सहयोग तथा गलाक लाइफ स्टायलको व्यवस्थापनमा भएको प्रतियोगिताको पुरुष ५७ केजीमा नेपालका गुमन घर्तीमगरले जित हात पारे। प्रतियोगितामा समावेश ९ स्पर्धामा नेपाल, भारत र थाइल्यान्डका १८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

उषा चम्किँदा पुलिस सेमिफाइनलमा

मकवानपुरमा पोष्टराज अधिकारी

गोलरक्षक उषा नाथ चम्किएपछि विभागीय टोली नेपाल पुलिस क्लब मकवानपुर राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। आइतबार गौरीटार रंगशालामा रौतहटको महिला टिमलाई पेनाल्टी सुटआउटमा ४-२ ले हराउँदै पुलिस लगातार मोफसल प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाउन सफल भयो।



पुलिसलाई जिताउन गोलरक्षक उषाले दुई पेनाल्टी बचाएकी थिइन्। उषाले पेनाल्टीमै एक गोल पनि गरिन्। यसअघि निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि खेलको नतिजा पेनाल्टी सुटआउटमा भएको थियो। टाइब्रेकरमा पुलिसका लागि गोलरक्षक उषासँगै रेविका पाण्डे, कप्तान निरु थापा र सरु वाइबाले गोल गरे। पुलिसकी घिमकुमारी गुरुङको प्रहार भने बाहिरिएको थियो। यता, रौतहटका लागि सविना चौधरी र सलोनी रानाले मात्रै गोल गर्न सके। मनीषा श्रेष्ठ र अञ्जली चन्दको प्रहार पुलिसकी गोलरक्षक उषा नाथले बचाइन्। दुई पेनाल्टी बचाएकी उषाले प्लेयर अफ द म्याच हुँदै १० हजार पाएकी छिन्।

पुलिस लगातार सेमिफाइनलमा

भोला सिलवालको प्रशिक्षणमा रहेको नेपाल पुलिस क्लब लगातार मोफसल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। यसअघि पुलिसले नुवाकोटमा भएको बागमती गोल्डकपको फाइनल खेलेको थियो। फाइनलमा टोली एपिएफसँग समान १-० ले पराजित भएको थियो। शनिबार फाइनल खेलेको पुलिस आइतबार नै हेटौंडमा मैदानमा उत्रिएको हो। लामो यात्रापछि पनि टोली २४ घण्टामा लगातार दुई खेल खेल्न बाध्य भएको थियो। यसअघि पुलिसले नेपालगन्जमा भएको लुम्बिनी कपको फाइनल खेलेको थियो। अन्तरालले आयोजना गरेको प्रतियोगितामा पुलिस फाइनलमा एपिएफसँगै पराजित भएको हो। पछिल्लो चार महिनामा पुलिस एपिएफसँग फाइनलमा मात्रै तीनपटक पराजित भइसकेको छ। राष्ट्रिय महिला लिगमा पुलिस एपिएफसँगै फाइनलमा पराजित भएको थियो। त्यसपछि इलाम र चितवनमा भएको प्रतियोगिता भने पुसिलका लागि सम्झनलायक रहेन।

ललितपुर र बागमतीको खेल च्यासल मैदानमा

काठमाडौं/ दोस्रो उपत्यकाव्यापी अन्तरपालिका गोदावरी मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत ललितपुर महानगरपालिका र बागमती गाउँपालिकाबिचको खेल सोमबार च्यासल मैदानमा हुने भएको छ। समूह 'ए'मा रहेका ललितपुर र बागमतीबिचको खेल आइतबार दिउँसो १२:१५ का लागि तय भएको थियो। यसैगरी दिउँसो ३:३० बजे समूह 'बी'का दुई टोली चाँगुनारायण नगरपालिका र काठमाडौं महानगरपालिकाबिच प्रतिस्पर्धा हुने तालिका थियो। तर, लगातारको वर्षाका कारण मैदान हिलाम्मे हुँदा आयोजक गोदावरी नगरपालिकाले आइतबारका दुवै खेल अर्को सूचना नआएसम्मका लागि स्थगित गरेको थियो। आयोजकले आइतबार नै विज्ञप्ति जारी गर्दै ललितपुर र बागमतीबिचको खेल च्यासल मैदानमा सञ्चालन गर्ने बताएको छ। दोस्रो उपत्यकाव्यापी अन्तरपालिका गोदावरी मेयर कप फुटबल प्रतियोगिता शनिबारबाट सुरु भएको हो। गोदावरी- १०, ह्यालुन्टारस्थित गोदावरी बहुउद्देश्यीय रंगशालामा हुने प्रतियोगिता ३ जेठसम्म चल्नेछ। शनिबार भएको उद्घाटन खेलमा आयोजक गोदावरी नगरपालिकाले महालक्ष्मी नगरपालिकाविरुद्ध ६-१ को सानदार जित हासिल गऱ्यो। प्रतियोगितामा उपत्यकाभित्रका १३ पालिकाको सहभागिता छ। सहभागी टोलीलाई चार समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा प्रतियोगिता सञ्चालन गरिएको छ।

पुलिस र इरानी टिम उपाधिका लागि खेल्ने



कास्कीमा रोहितराज पराजुली

विभागीय टोली नेपाल पुलिस क्लब र इरानी टोलीले पहिलो लायन्स कप पुरुष भलिबल प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। आइतबार पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा इरानी टोलीले अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो। पहिलो सेमिफाइनलमा इरानी टोली समूह 'ए'को विजेता र आर्मी समूह 'बी'को उपविजेताका रूपमा प्रवेश गरेका थिए। दोस्रो खेलमा समूह 'बी'को विजेता पुलिसले समूह 'ए'को उपविजेता अर्को विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो।

आर्मीले इरानी टोलीविरुद्ध पहिलो सेट २५-२० ले आफ्नो पक्षमा पारेको थियो। तर, त्यसपछिका तीन सेट लगातार जित्दै इरानी टिम अन्तिम दुईमा स्थान बनाउन सफल भयो। इरानी टोलीले दोस्रो सेट २५-२०, तेस्रो सेट २८-२६ र चौथो सेट २६-२४ ले आफ्नो पक्षमा पारेको हो।

पुलिसको सोझो जित

विभागीय डर्बीको दोस्रो सेमिफाइनलमा पुलिसले सोझो सेटमा जित निकाल्यो। पुलिसले पहिलो सेट २५-१७, दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-१५ ले जितेको हो। अब, सोमबार तेस्रो स्थानका लागि आर्मी र एपिएफ भिड्दा उपाधिका लागि इरानी टोली र पुलिसले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको विजेताले चार लाख ४४ हजार ४४४ र उपविजेताले दुई लाख ४४ हजार ४४४ रुपैयाँ तथा तेस्रो हुने टोलीले एक लाख ४४ हजार ४४४ पाउनेछन्। यसैगरी सर्वोत्कृष्ट खेलाडीले १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेले समान आठ हजार ४४४ रुपैयाँ पाउनेछन्।

Request for Proposals – Medical Insurance of Customer and Comprehensive Household Insurance of Staff

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for:
1. Medical Insurance of customers.
2. Comprehensive House hold insurance of Staff.

Required Coverage for Medical Insurance:
1. Only for Saving Account Holders.
2. Insured Amount of NPR. 100,000.00 (Hospitalization Insurance NPR 80K and Domiciliary insurance NPR. 20K)
3. Age Limit: Age group up to 70 years of age.
4. Hospitalization to include: Room, Board and Nursing Expenses, Surgeon, Anesthetist, Medical Practitioner, Consultant, Specialist Fees.
5. Blood Transfusions, Oxygen, Anesthesia, Operation Theatre, Diagnostic Material, Injection Cost and Lab Test Charges.
6. Medicine, Drugs, X-ray, ECG, all type of electric treatment and physical massage.

Terms and Conditions:
1. Bidders must submit following documents:
   a. PAN/VAT Certificate - notarized
   b. Audited Balance Sheet of Last Two years
   c. List of Prime Customers
   d. Firm/Company Registration (renewed)- notarized
   e. Tax clearance certificate (updated) - notarized
   f. Company profile with brief introduction of promoters and key management team
   g. Self- declaration not being black listed or under any legal prosecution.
2. The details of the amount and number of staffs shall be provided to the interested party upon written request letter for Comprehensive Household Insurance.
3. The sealed quotation should be submitted in an envelope addressing Administration Department, Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 19th May 2025 (Jestha 5th, 2082). Bid documents received after this deadline will not be accepted.
4. The bid shall be opened on 11:00 AM, 20th May 2025 (Jestha 6th, 2082) at Bank's Head Office, Administration Department, Ghantaghar Building, Kathmandu, Nepal.
5. In case the last day of bid submission/ opening falls on a government holiday, then the next working day shall be applicable for the same.
6. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com